१५८

# भक्तपुर मासिक

Bhaktapur Monthly | नगर सभा विशेष | साउन २०७५



BHAKTAPUR MUNICIPALITY

# भक्तपुर नगरपालिकाको तेश्रो नगरसभा सम्पन्न

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{#%★cÆ ljz]f *★g];=!#*★lj=;=@)&% ;fpg★A.D.2018

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी (बिद्रा)

सहायक सम्पादक : कृतिका प्रजापति

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


Pp6f tl:a/

भक्तपुर नगरपालिकाको तेस्रो नगर सभाबाट पारित आर्थिक वर्ष २०७५/०७६ को बजेट सार्वजनिकीकरण कार्यक्रमका अतिथिहरू ।





'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## 'अपुरो ज्ञान सदा खतरनाक हुन्छ ।' – लोकोक्ति

# यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) भक्तपुर नगरपालिकाको तेस्रो नगरसभा सम्पन्न | – | ३ |
| २) कर तिर्नु नागरिकको कर्तव्य हो | सुनिल प्रजापति | ६ |
| ३) प्रदेशसभामा नक्कली कम्युनिष्टहरू समाजवादका नारा लगाइरहेका छन् | सुरेन्द्रराज गोसाईं | ९ |
| ४) मन्त्रालयलाई कार्यकर्ता पाल्ने अखडा बनाइनुहुन्न | सृजना सैंजु | ११ |
| ५) भक्तपुर नपाको तेस्रो नगरसभाको उद्घाटन | – | १३ |
| ६) आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम | सुनिल प्रजापति | १५ |
| ७) भक्तपुर नपाको तेस्रो नगरसभा दोस्रो दिन (१० असार) | – | २१ |
| ८) आ.व. २०७५/७६ का लागि भक्तपुर नगरपालिकाको बजेट ... | रजनी जोशी | २५ |
| ९) भनपाको तेस्रो नगरसभाको तेस्रो दिन (१३ असार) | – | २८ |
| १०) भनपाको तेस्रो नगरसभाको चौथो दिन (१७ असार) | – | ३० |
| ११) भनपाको तेस्रो नगरसभाको पाँचौ दिन (२० असार) | – | ३२ |
| १२) भनपाको तेस्रो नगरसभाको छैटौं दिन (२४ असार) | – | ३३ |
| १३) भनपाको तेस्रो नगरसभाको सातौं दिन (२७ असार) | – | ३५ |
| १४) भनपाको तेस्रो नगरसभाको आठौं दिन (२९ असार) | – | ३९ |
| १५) भक्तपुर नगर क्षेत्रमा परम्परागत शैलीमा घर .... | – | ४० |
| १६) प्रमाण पत्र लिएका घरधनीहरूको नाम, अनुदान रकम र घरको तस्बिर | – | ४२ |
| १७) उपभोक्ता समितिका पदाधिकारीहरूलाई धन्यवाद पत्र | – | ४५ |
| १८) शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको प्रतिवेदन | – | ४९ |
| १९) न्यायिक समितिको प्रतिवेदन | – | ५१ |
| २०) वातावरण तथा पर्यटन समितिको प्रतिवेदन | – | ५२ |
| २१) विधायन समितिको प्रतिवेदन | – | ५३ |
| २२) निर्माण समितिको प्रतिवेदन | – | ५४ |
| २३) महिला, बालबालिका तथा समाज कल्याण समितिको प्रतिवेदन | – | ५५ |
| २४) खेलकुद समितिको प्रतिवेदन | – | ५७ |
| २५) कृषि समितिको प्रतिवेदन | – | ५८ |
| २६) भक्तपुर नगरपालिकाको आय-व्यय विवरण | – | ५९ |
| २७) भक्तपुर नगरपालिकाको आ.व. २०७५/०७६ को योजनाहरूको ... | – | ८० |
| २८) भक्तपुर नगरपालिकाको तेस्रो नगरसभाबाट पारित करको दर | – | ८३ |


नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# भक्तपुर नगरपालिकाको तेस्रो नगरसभा सम्पन्न



भक्तपुर नगरपालिकाको तेस्रो नगरसभाको समापन कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)

भक्तपुर नगरपालिकाको तेस्रो नगरसभा नपाको नीति, कार्यक्रम र बजेट सार्वजनिकीकरण गरी असार ३० गते सफलताका साथ सम्पन्न भएको छ। तेस्रो नगरसभाको उद्घाटन असार ८ गते भएको थियो।

भक्तपुर नगरपालिकाको तेस्रो नगर सभाबाट पारित आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिकीकरण कार्यक्रम नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा असार ३० गते सम्पन्न भयो।

प्रमुख अतिथि बिजुक्छेंले नगरपालिकाले जनताको भावनाअनुसार काम गर्नुपर्ने बताउँदै हाम्रो कामले अरु नगरपालिकालाई उदाहरणीय हुने ढङ्गले इमानदारीपूर्वक काम गर्नु आवश्यक भएको बताउनुभयो।

उहाँले सय वर्षपछि भक्तपुरको परिकल्पनालाई मूर्त रूप दिन भक्तपुर नपाको कार्यले महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो।

देश र जनताको सेवा गर्नुबाहेक नेमकिपाको अरु कुनै स्वार्थ नभएको बताउँदै अध्यक्ष बिजुक्छेंले इमानदार र निःस्वार्थ भएर जनताका समस्याहरू सुल्झाउन सक्रिय हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, 'सरकार योजनाविहीन हुनुहुन्न, देश निर्माणको निम्ति आवश्यक प्राविधिक जनशक्ति तयारीमा जुट्नुपर्दछ।'

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको आर्थिक वर्ष २०७४/७५ को जेठ महिनासम्मको यथार्थ आय-व्यय र २०७५/७६ को बजेटमा भक्तपुर









कार्यक्रमका वक्ताहरू प्रमुख अतिथि नारायणमान बिजुक्छें(रोहित), प्रमुख सुनिल प्रजापति, प्रदेश सांसद सुरेन्द्रराज गोसाई र सृजना सैंजु



कार्यक्रमका वक्ताहरू रजनी जोशी, नारायणप्रसाद भट्ट, पृथुचरण वैद्य र तेजेश्वरबाबु ग्वंग

नगरपालिकाले ख्वप अस्पताल, अरनिको सभाभवन, आदर निकेतन, बालोद्यान आदि निर्माण गर्ने, विद्यार्थीहरूलाई छात्रवृत्ति तथा शैक्षिक ऋण उपलब्ध गराउने, कडा रोग लागेका बिरामीलाई आर्थिक सहयोग, व्यवस्थित तरकारी बजार निर्माण गर्ने, हनुमन्ते र खासाङखुसुङ खोला सुधार आदि योजनाहरू समावेश गरेको बताउनुभयो।



कार्यक्रमका वक्ताहरू पुरुषोत्तमलोचन श्रेष्ठ, रविन्द्र ज्याख्व र रोहितराज पोखरेल

प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले नेमकिपाले प्रदेशसभामा नक्कली कम्युनिष्टहरूलाई उदाङ्ग्याउने काम गर्दै जनताको अभिमतअनुसार प्रखर प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको बताउनुभयो।

उहाँले पूँजीवादी व्यवस्थाको ठूलो अवगुण भनेको भ्रष्टाचार हो भन्नुभयो।

प्रदेशसभा सांसद सृजना सैंजूले प्रदेशको नीति तथा कार्यक्रमले गरिब जनतालाई सम्बोधन गर्न नसकेको भन्दै शासक दलमा दीर्घकालीन सोचको अभाव देखिएको बताउनुभयो।

भक्तपुरका प्रजिअ नारायणप्रसाद भट्टले भक्तपुर नपाको नीति तथा कार्यक्रम समाजवादउन्मुख रहेको चर्चा गर्दै शिक्षा, स्वास्थ्यमा उल्लेखनीय लगानी र प्राथमिकता दिएको धारणा राख्नुभयो।

त्रिवि शिक्षाशास्त्र सङ्कायका पूर्व डीन पृथुचरण वैद्यले शिक्षा क्षेत्रमा लगाएको बजेट सकारात्मक रहेको बताउँदै आर्थिक बजेट व्यवहारिक रुरुरुरूपमा लागू हुनुपर्नेमा जोड दिनुभयो।

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले भक्तपुरको भविष्य निर्माणको निम्ति भक्तपुर नपाले निरन्तर अग्रसर भएर काम गरेको र इतिहास, कला, संस्कृतिका जगेर्ना गर्न नपाको





योगदान उल्लेखनीय रहेको बताउनुभयो।

इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठले राष्ट्रिय पहिचान दिने कुरालाई बचाएर राख्नुपर्ने र नगरभित्रका पर्ति जग्गाको सही संरक्षण आवश्यक रहेको बताउनुभयो।

स्वागत मन्तव्य दिँदै भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले जनप्रतिनिधि हुँदा विकास निर्माणको काममा तीव्रता आएको जनताले महसुस गरेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेल र वडा अध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

समापन समारोहमा प्रमुख अतिथि बिजुक्छेंले नगरस्तरीय तथा वडास्तरीय योजनाहरूको पेश्की फछ्र्यौट सम्पन्न गरिसकेका उपभोक्ता समितिका पदाधिकारीहरूलाई धन्यवाद पत्र प्रदान गर्नुभएको थियो। साथै भक्तपुर नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरधनीहरूलाई प्रशंसापत्र तथा अनुदान रकम प्रदान गर्नुभएको थियो।

भक्तपुर नपाले आ.व. २०७५/०७६ को लागि चालूतर्फ ८७ करोड ९३ लाख ८८ हजार र पूँजीगततर्फ ८५ करोड ४६ लाख १२ हजार गरी कूल रु. १ अर्ब ७३ करोड ४० लाखको बजेट सार्वजनिक गरेको छ।

भक्तपुरको पुरानो नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गरी निर्माण सम्पन्न प्रमाण पत्र लिएका घर धनीहरूको नामावली तथा अनुदान रकम–

| | |
|---|---|
| १. श्री केदारप्रसाद बनेपाली | १८६२९४.९७ |
| २. श्री पुरुषोत्तम तमखू | ३२६८२२.५९ |
| ३. श्री रामकेशरी तुकंबञ्जार | १२६१८६.४९ |
| ४. श्री सूर्यनारायण खर्बुजा | १६२४९३.३७ |
| ५. श्री रत्नप्रसाद बासुकला | १२९३०३.१३ |
| ६. श्री अष्टमान बासुकला | २७४४७७.१६ |
| ७. श्री नारायणभक्त शिल्पकार | २५९८३६.६७ |
| ८. श्री कृष्णराम पही | २००,२६०.१७ |
| ९. श्री वीरेन्द्र बासुकला | १६९५४३.२२ |
| १०. श्री जीवन छुस्याबाग | १२७२२९.९७ |
| ११. श्री गोविन्द सुवाल | १८९७८०.५२ |
| जम्मा– | २१५२२२८.२५ |





नगरसभाको समापन कार्यक्रममा उपस्थित सहभागीहरू

# कर तिर्नु नागरिकको कर्तव्य हो



सुनिल प्रजापति-भक्तपुर नपा प्रमुख

*(भक्तपुर नगरपालिकाको तेस्रो नगरसभाबाट पारित बजेट सार्वजनिकीकरण कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिको असार ३० गते व्यक्त मन्तव्य-सं.)*

२०७५ असार २८ गतेको विनासकारी बाढीले भक्तपुरवासी दाजुभाइ तथा दिदीबहिनीहरूको सम्पत्ति तथा स्थानीय भौतिक पूर्वाधारहरूमा क्षति पुगेकोमा भक्तपुर नगरपालिकाको तर्फबाट दुःख व्यक्त गर्दछौं। विपद्को बेला विभिन्न रूपमा सहयोग गर्ने जनप्रतिनिधिहरू, सेना, प्रहरी, सशस्त्र प्रहरी, सङ्घसंस्था, कर्मचारी र स्थानीय जनसमुदायहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

बाढी प्रभावित क्षेत्रमा खानेपानी, फोहरमैला व्यवस्थापन, ढल-निकासजस्ता विषयमा भनपाले ध्यान दियो। असार २९ गते बसेको नगरपालिकाको बोर्ड बैठकले विभिन्न क्षेत्रमा प्रभावकारी सहयोग गर्न रु. २० लाख विनियोजन गऱ्यो।

हामीले बाढी, पहिरोजस्ता प्राकृतिक विपत्तिको पूर्ण नियन्त्रण गर्न नसके पनि न्यूनीकरण अवश्य गर्नसक्छौं। नगरपालिकाले निर्धारण गरेको खोलाको मापदण्डविपरीत घर निर्माण गर्नु, खोलाको जग्गा अतिक्रमण गर्नु र व्यक्तिगत स्वार्थमा खोला फर्काउनेजस्ता कारणहरूले थप क्षति हुन गएको देखिन्छ। यसतर्फ सबैको ध्यान जान आवश्यक छ।

**आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,**

आ.व. २०७४/०७५ मा रु. १ अर्ब ५ करोड ५५ लाख बजेट पारित गरेका थियौं। असार २९ गतेसम्ममा नगरपालिका कोषमा १ अर्ब १८ करोड ७२ लाख १० हजार देखिएको छ। हामीले आम्दानी र खर्चलाई सन्तुलन मिलाउदै आएका छौं।

चालू आ.व.मा कर सहज रूपमा सङ्कलनको लागि भनपाले टोल टोलमा कर टोली परिचालन गऱ्यो। बढीभन्दा बढी नगरवासीहरूलाई करको घेरामा ल्याउन घर जग्गा मूल्याङ्कनमा लिँदै आएको करमा ५० प्रतिशत छुटको व्यवस्था गऱ्यौं साथै सफाइ कर नियमित गर्न घर घरमा बाल्टिन वितरणसँगै सफाइ कर अनिवार्य गऱ्यौं। जनताले सहज रूपमा कर तिरेको हाम्रो अनुभव छ।

कर तिर्नु नागरिकको कर्तव्य हो भन्ने भावना जगाउन घर जग्गा मूल्याङ्कन करमा दिँदै आएको छुटको व्यवस्थालाई निरन्तरता दिँदै आगामी आ.व. २०७५/०७६ को असोज महिनासम्म कर तिर्ने नगरवासीहरूलाई सोही वर्षको करमा ५० प्रतिशत छुट दिने निर्णय गरेका छौं।

भक्तपुर नगरपालिकाको तेस्रो नगरसभा २०७५ असार ८ गतेदेखि असार २९ गतेसम्म चल्यो। असार ८ गते नगर प्रमुखले सभासमक्ष आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो भने असार १० गते नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गरी सोही दिन उपप्रमुख रजनी जोशीले आ.व. २०७५/०७६ को बजेट सभामा पेश गर्नुभयो। नगरसभाले आ.व. २०७५।०७६ लागि चालूतर्फ ८७ करोड ९३ लाख ८८ हजार र पूँजीगततर्फ ८५ करोड ४६ लाख १२ हजार गरी कूल रु. १ अर्ब ७३ करोड ४० लाखको बजेट पारित गऱ्यो।

नेपाल सरकारबाट सःशर्त अनुदान २९ करोड १० लाख, निःशर्त अनुदान २० करोड ५१ लाख, राजश्व बाँडफाँटबाट प्राप्त हुने ७ करोड २५ लाख ८३ हजार, सामाजिक सुरक्षा भत्ताबापत प्राप्त हुने १२ करोड ५५ लाख, प्रदेश सरकारको अनुदान ५ करोड, समपुरक अनुदान ५० लाख, ऋणलगायत अन्य विभिन्न शीर्षकमा गरी कूल ९८ करोड ८६ लाख ८३ हजार बाह्य स्रोतबाट प्राप्त हुने हाम्रो अनुमान छ। आन्तरिक स्रोततर्फ पर्यटक सेवा शुल्क २८ करोड, जग्गा बिक्रीबाट १५ करोड, विभिन्न कर-दस्तुर शुल्कबाट ११ करोड ५३ लाख १७ हजार गरी कूल ५४ करोड ५३ लाख १७ हजार र बैङ्क मौज्दात २० करोड अनुमान छ।

चालू आ.व. २०७४।०७५ मा बाह्य स्रोतबाट रु. ४९ करोड ३४ लाख ९० हजार अनुमान गरिएकोमा जेठ मसान्तसम्ममा ७३ करोड ४ लाख ८ हजार ७९८ प्राप्त भयो भने आन्तरिक स्रोततर्फ ४२ करोड २० लाख १० हजार अनुमान गरिएकोमा ४० करोड ५५ लाख ८२ हजार ९ सय ११ प्राप्त भएको थियो। असार २९ गतेसम्ममा थप २ करोड ६३ लाख ६५ हजार २४४ सङ्कलन भई अनुमानित लक्ष्य पुरा भएको छ।

चालू आ.व. २०७४।०७५ मा पर्यटक शुल्क रु. २५ करोड अनुमान गरिएकोमा असार २९ गतेसम्म २४ करोड १० लाख २५ हजार २ सय ६८ रूपैयाँ सङ्कलन भइसकेको छ। यो अनुमानको ९६ प्रतिशत हो। विभिन्न कर, दस्तुर शुल्क ७

करोड २० लाख १० हजार अनुमान गरिएकोमा जेठ मसान्तसम्म ६ करोड ९२ लाख २४ हजार उठ्यो। यसबाट हामीले गत वर्ष गरेको अनुमान यथार्थमा आधारित रहेको प्रस्ट हुन्छ।

आ.व. २०७५।७६ लागि क्रमागत योजनामा १६ करोड ७३ लाख ७९ हजार विनियोजन गरिएको छ भने सडक बोर्डबाट प्राप्त हुने रु. १ करोड बराबरको योजना पनि समावेश गरिएको छ।

चालू खर्चअन्तर्गत महत्त्वपूर्ण ६० वटा कार्यक्रमहरू रहेका छन्। जस अन्तर्गत खर्च देहायबमोजिमका महत्त्वपूर्ण कार्यक्रमहरूमा रकम विनियोजन गरिएको छ :

- शिक्षाको लागि रु. २४ करोड ७ लाख ४४ हजार ३ सय
- स्वास्थ्यको लागि रु. १९ करोड ३५ लाख ८० हजार
- आयुर्वेदिकको लागि रु. ३३ लाख ६ हजार ७ सय
- पशु सेवाको लागि रु. ५ लाख ७० हजार
- कृषिको लागि रु. १७ लाख ९५ हजार
- वातावरणीय सरसफाइको लागि रु. ६ लाख २५ हजार
- राष्ट्रिय कला सङ्ग्रहालयको लागि रु. १ करोड ३७ लाख ३१ हजार
- स्मारक संरक्षण तथा दरबार हेरचाहको लागि रु. ७९ लाख १ हजार
- समाज कल्याण तथा महिला विकासको लागि रु. १६ लाख ६९ हजार रहेका छन्।

नगरपालिकाअन्तर्गतका विभिन्न समितिहरूका लागि आ.व.श्यक कार्यक्रम सञ्चालन गर्न समेत बजेटको व्यवस्था गरिएको छ। यस वर्षको बजेटमा पूँजीगततर्फ निम्नलिखित महत्त्वपूर्ण विषयहरू समावेश छन् :

१. ख्वप अस्पतालको लागि रु. १४ करोड
२. देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको लागि रु. २५ करोड
३. भवन खरिदको लागि रु. १ करोड
४. मेसिनरी तथा औजारको लागि रु. २ करोड
५. सरसफाइ संरचना निर्माणको लागि रु. १ करोड
६. अरनिको सभाभवनको लागि रु. १ करोड
७. आदर निकेतनको लागि रु. ५० लाख
८. बालउद्यान/बालग्रामको लागि रु. १० लाख
९. जनज्योति पुस्तकालयको लागि रु. २५ लाख
१०. छात्रवृत्ति तथा शैक्षिक ऋणको लागि रु. १ करोड ५५ लाख
११. ख्वप विश्वविद्यालय तयारी समिति कार्यदल गठनको लागि रु. १० लाख
१२. भ.न.पा. क्षेत्रलाई सांस्कृतिक नगर घोषणा गर्न कार्यदल गठनका लागि रु. १० लाख
१३. कडा रोग जस्तै : क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा मस्तिष्कघात जस्ता रोग लागेका नगरवासीहरूका लागि भक्तपुर नगरपालिकाको तर्फबाट आर्थिक सहयोग गर्न रु. १० लाख
१४. खेल मैदान तथा कभर्ड हल निर्माण गर्न रु. १ करोड ५० लाख
१५. आन्तरिक र बाह्य पर्यटकहरूको सुविधाको लागि दरबार क्षेत्र, टौमढी र दत्तात्रय क्षेत्रमा सन्ध्याकालीन बत्तीको व्यवस्था गर्न रु. २५ लाख
१६. नगरका १० वटै वडाका योजनाहरूको लागि रु. ५ करोड
१७. २०७२ सालको भूकम्पबाट पूर्ण क्षति भएको दरबार क्षेत्रमा अवस्थित भ.न.पा.को भवन पुनःनिर्माणको लागि अध्ययन/डिजाइनका कामहरू गर्न रु. १ करोड
१८. व्यवस्थित तरकारी बजारको लागि रु. १५ लाख
१९. भक्तपुरको सभ्यता र सौन्दर्यको रूपमा रहेको हनुमन्ते खोला र खासाङ्खुसुङ्ग खोला सुधारको लागि रु. ५५ लाख
२०. भनपा १ स्थित १०८ रोपनी जग्गा संरक्षणका लागि रु. ५० लाख
२१. भक्तपुर साना औद्योगिक क्षेत्रलाई पर्यटन केन्द्रित हस्तकला औद्योगिक क्षेत्रको रूपमा विकास गर्न र प्रदर्शनी केन्द्र स्थापना गर्नका लागि रु. ५५ लाख
२२. नगरका विभिन्न ठाउँहरूमा पार्किङ्गको साथै ठाउँ–ठाउँमा बस स्टप निर्माण गर्न रु. ५० लाख
२३. भक्तपुर नगर क्षेत्रलगायत देशभर सूचना प्रवाह गर्न ख्वप एफ.एम. र ख्वप टेलिभिजन सञ्चालन गर्नका लागि रु. ५० लाख
२४. परम्परागत शैलीका भवनहरूको स्वरूपलाई कायम राख्न परम्परागत शैलीमा घर निर्माण गर्ने तथा स्लोप छाना निर्माणमा समेत सहुलियत उपलब्ध गराउनका लागि रु. १ करोड

यससँगै दमखोकीका बिरामीहरूलाई उपचारका लागि भनपा ९ वडास्थित तुमचो क्षेत्रमा छाती पुनःस्थापना केन्द्र (Chest Rehabilitation Center) निर्माण हुँदैछ। रु. १ करोड ७० लाखमा निर्माण हुने भवन र त्यसको आ.व.श्यक सामग्री व्यवस्था गर्ने सम्बन्धमा २०७५ असार २९ गते जाइकाका प्रतिनिधिसँग सम्झौतासमेत भइसकेको छ।

**नगरसभामा विशेष समयको व्यवस्था :**

भक्तपुर नगरपालिकाको नगरसभा कानुनतः स्थानीय संसद भएको हुँदा संसदकै रूपमा सञ्चालन गर्‍यौं। विशेष समयको व्यवस्था गर्‍यौं। विशेष समयमा सभासद्हरूले ऐतिहासिक पोखरीहरूको संरक्षण गर्नुपर्ने, खानेपानीको व्यवस्था गर्नुपर्ने, पसल र व्यवसायीहरूलाई नपामा दर्ता गराउनुपर्ने, नक्सापास प्रक्रिया सरल र सहज बनाउनुपर्ने, भुस्याहा कुकुर नियन्त्रण

गर्नुपर्ने, घाटहरूको गुरुयोजना तयार गरी संरक्षण गर्नुपर्ने जस्ता नगर र नगरवासीहरूको हितमा काम गर्न सुझाव दिनुभयो। सभासद्हरूले दिएका सुझावहरूलाई कार्यपालिका सदस्यहरूले आत्मसात गर्दै काम गर्नेछौं।

**कानुन निर्माण** :

व्यवस्थापिकाको प्रमुख काम कानुन निर्माण गर्नु हो। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगरसभाले नपाको लागि आ.व.श्यक ऐन र कार्यविधिहरू पारित गर्‍यो। प्रत्येक विधेयकलाई व्यवस्थापिकामा व्यापक छलफलपश्चात् पारित गर्ने गरेको छ। तेस्रो नगरसभाले निम्नलिखित कानुनहरू पारित गर्‍यो :

१) भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०७५
२) भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०७५
३) भक्तपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५
४) भक्तपुर नगरपालिकाको स्थानीय राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७५
५) भक्तपुर नगरपालिकामा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७५
६) भक्तपुर नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवथापन गर्न बनेको विधेयक, २०७५
७) काठ, इँटा र झिङ्गटी खरिद अनुदानसम्बन्धी कार्यविधि, २०७५ र
८) भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्था गर्नेसम्बन्धी कार्यविधि, २०७५

**कर प्रणालीमा सुधार** :

विगतमा घर, पसल वा संस्थालाई बहालमा दिने घरधनीबाट बहाल रकमको १० प्रतिशत नेपाल सरकार र २ प्रतिशत गरी नगरपालिकामा १२ प्रतिशत कर तिर्नुपर्ने व्यवस्था थियो। यो आ.व. देखि नगरपालिका स्वयंलाई बहाल करको जिम्मेवारी आएको हुँदा नगरवासीहरूको हितलाई ध्यानमा राखेर २ प्रतिशत छुट गरी १० प्रतिशत बहाल कर असुल गर्ने निर्णय गरेका छौं।

त्यसैगरी विदेशी चलचित्र छायाङ्कनमा सुधार गरी टौमढी क्षेत्रका लागि दैनिक रु. १ लाखबाट १ लाख ५० हजार, सल्लाघारीस्थित १०८ रोपनी जग्गामा कार्यक्रम गरेवापत प्रतिदिन रु. ३० हजारसम्म रहेकोमा रु. ५० हजारसम्म, बीमा कम्पनीहरूलाई रु. १० हजारबाट रु. २५ हजार, नर्सिङ होमलाई रु. ६ हजारबाट रु. १० हजार वार्षिक करको व्यवस्था गरिएको छ।

**उपभोक्ता समिति वा अमानतबाट निर्माणमा जोड**:

भक्तपुर नगरपालिकाले विकास निर्माणको काम उपभोक्ता समिति वा अमानतमा गर्दै आएको छ। उपभोक्ता समितिमार्फत काम गर्दा संरचनामा अपनत्व हुनुका साथै गुणस्तरीय निर्माण र दीगोपन हुन्छ। विभिन्न कानुनी र व्यवहारिक अप्ठेराहरू हुँदाहुँदै पनि भक्तपुरका सम्पदाहरू मौलिक शैलीमै निर्माण गर्न उपभोक्ताहरूलाई उत्साहित गर्दै आएका छौं।

**भूकम्प पीडितहरूलाई नक्सा दस्तुरमा छुटको व्यवस्थालाई निरन्तरता** :

भक्तपुर नगर क्षेत्रमा २०७२ सालको भूकम्पबाट ८ हजार घरमा क्षति पुगेकोमा पहिलो किस्तावापत रु. ५० हजार अनुदान लिनेको सङ्ख्या ५,३०० रहेकोमा दोस्रो किस्ताबापत रु. १ लाख ५० हजार लिने लाभग्राहीहरू १,३०८ र तेस्रो किस्तावापत रु. १ लाख अनुदान लिने लाभग्राहीहरू अत्यन्त न्यून रहेको छ। १,०१४ जनाले मात्रै तेस्रो किस्ता लिएको तथ्याङ्कले अझै पनि धेरै भूकम्प पीडितहरूको घर निर्माण गर्न बाँकी रहेको प्रस्ट देखिन्छ। यसलाई ध्यानमा राखेर भूकम्प पीडितहरूलाई नगरपालिकाले दिँदै आएको नक्सापास दस्तुरमा छुटको व्यवस्थालाई निरन्तरता दिने निर्णय गरेका छौं।

**पचपन्न झ्याले दरबार सर्वसाधारण र पर्यटकका लागि खुला गरिने** :

दरबारक्षेत्रस्थित ५५ झ्याले दरबार ऐतिहासिक र सांस्कृतिक महत्त्वको सम्पदा हो। भनपाकै अगुवाइमा जीर्णोद्धार सम्पन्न गरिएको उक्त दरबार सर्वसाधारण जनता तथा विदेशी पर्यटकहरूका लागि खुला गर्नुपर्ने मागलाई ध्यानमा राखेर २०७५ असार २९ गतेको नगर कार्यपालिकाको बैठकले हप्ताको तीन दिन खुला गर्ने निर्णय गरेको छ। यसका लागि कार्यविधि र भौतिक पूर्वाधारको तयारी गरिनेछ।

**परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई अनुदान वितरण** :

हामीले चालू आ.व.मा परम्परागत शैलीमा घर निर्माण गर्ने नगरको पुरानो क्षेत्रभित्रका नगरवासीहरूलाई मोहडाको लागि लाग्ने इँटा र काठमा खर्चको ३५ प्रतिशत अनुदान दिने घोषणा गरेका थियौं। यो आ.व.भित्र नगरका ९४ जनाले घर निर्माण सम्पन्न प्रमाणपत्र लिनुभएको छ। तीमध्ये नगरको पुरानो क्षेत्रमा नक्सापास गरी परम्परागत शैलीमा घर निर्माण गर्ने सङ्ख्या ११ रहेको छ। ऐतिहासिक भक्तपुर नगरको पुरानो क्षेत्रको परम्परागत सौन्दर्यतालाई कायम राख्न नगरपालिकाले आग्रह गरेअनुसार मापदण्डबमोजिम परम्परागत शैलीमा घर निर्माण गर्ने र आ.व. २०७४/०७५ मा निर्माण सम्पन्न प्रमाण पत्रसमेत प्राप्त गरेका नगरवासीहरूले सम्पदा संरक्षण कार्यमा पुर्‍याउनुभएको योगदानको उच्च सम्मान गर्दै आज यसै कार्यक्रममा उहाँहरूलाई रु. २१ लाख ५२ हजार २२८ बराबरको अनुदान रकम तथा प्रशंसा पत्र वितरण हुनेछ।

# प्रदेशसभामा नक्कली कम्युनिष्टहरू समाजवादका नारा लगाइरहेका छन्




सुरेन्द्रराज गोसाई-प्रदेशसभा सांसद

भक्तपुर नगरपालिकाको यो बजेट उत्कृष्टतातिर लम्कन र जनताको वास्तविक सेवाको निम्ति एउटा अर्को महत्त्वपूर्ण पाइला साबित हुने विश्वास व्यक्त गर्दछु। परिणाम र उपलब्धिलाई प्राथमिकतामा राखी मितव्ययितालाई सदा सम्झेर अगाडि बढ्न सफलता मिलोस् भन्ने कामना गर्दछु। यो महत्त्वपूर्ण भेला तथा भेटघाटमा प्रदेशसभाका केही हालखबर र प्रदेशसभामा नेमकिपाले निर्वाह गर्दै आएको भूमिकाबारे म सारमा प्रकाश पार्ने प्रयास गर्छु।

प्रदेशसभाको निर्वाचन सम्पन्न भएको सात महिना नाघिसकेको छ। प्रदेशसभाले कार्य आरम्भ गरेको छ महिना पूरा भयो। यहाँहरूले आफ्नो अमूल्य मतमार्फत हामीलाई देश र जनताको पक्षमा निःस्वार्थपूर्वक प्रदेशसभाभित्र सङ्घर्ष गर्ने जिम्मेवारी सुम्पनुभएको थियो। जुन विश्वासले हाम्रो काँधमा गहन जिम्मेवारी दिनुभयो सोहीबमोजिम भूमिका निर्वाह गर्दै आइरहेका छौँ। हामीलाई प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्ने मतादेश दिइएअनुसार जनताले भोगिरहेका असुविधा तथा कष्ट, सरकारका गलत नीति तथा गतिविधिको रचनात्मक आलोचना गर्ने कार्यमा नेमकिपा अग्रपङ्क्तिमा रहेर सक्रिय भइरहेको कुरा यहाँहरूसमक्ष राख्न पाउँदा हामी खुसी छौँ।

हामी कामदार वर्गका प्रतिनिधि भएर संसदमा पुगेका हौँ। संसद पनि वर्गसङ्घर्षको थलो हो भन्नेबारे हामी प्रस्ट छौँ। बहुसङ्ख्यक जनताको अहितमा बनाइने ऐननियम, कानुनविरुद्ध हामी सङ्घर्षरत छौँ र हरदम सङ्घर्ष गर्नेछौँ। हामी संसदमा सुख, सुविधा तथा पद, पैसाको निम्ति पुगेका थिएनौँ। संसदमा पुग्न हामीले कोही कसैलाई गलत तथा अनुचित आश्वासन दिएनौँ, लोभ–लालच देखाएनौँ। तसर्थ निर्भिकताका साथ जनताको पक्षमा बोल्न कुनै शक्तिले हामीलाई छेक्न सक्नेछैन।

संसदमा क्रान्तिकारी संसदवादको झण्डा कसैले हिजो फहराएको थियो भने त्यो नेमकिपाले गरेको थियो र त्यो क्रान्तिकारी नैतिकताको निरन्तरता नयाँ पुस्ताले गर्वका साथ दिइरहेको छ। क्रान्तिको नारा दिँदै संशोधनवाद तथा पुँजीवादको दलदलमा फसिसकेकाहरू र घृणित पूँजीवादी खेलमा रमिसकेकाहरूको निम्ति संसदभित्र र बाहिर नेमकिपा एक सैद्धान्तिक तथा नैतिक हाँक बनिरहेको जगजाहेर छ। संसदभित्र पनि हाम्रो सैद्धान्तिक तथा वैचारिक सङ्घर्ष जारी छ र ती नक्कली कम्युनिष्टलाई उदाङ्ग्याउने कार्य झन तीव्र बनिरहेको छ। यो एक सिद्धान्तनिष्ठ तथा क्रान्ति र जनताप्रति बफादार सिपाहींको कर्तव्य पनि हो।

प्रदेश सभामा पनि नक्कली कम्युनिष्टहरूले समाजवादको नारा लगाइरहेका छन्। तिनीहरूको जनता अल्मल्याउने र ठग्ने उपायबारे हामीले वैचारिकरूपमा खण्डन गरी तिनीहरूको बोली र व्यवहारमा देखिएको प्रस्ट भिन्नताबारे नेपाली जनतासमक्ष राख्दै आइरहेका छौँ। समाजवादी व्यवस्थाका गुणहरू या सकारात्मक पक्ष र समाजवादी सरकारले गर्ने कार्यबारे प्रस्ट अभिव्यक्ति संसदसमक्ष राखेर शासक दलले फैलाउन खोजेको भ्रम चिर्न हामी केही हदसम्म सफल भयौँ। तिनीहरूको भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र समृद्धिको नारा केवल छलछाम र अन्ध–नक्कलबाहेक केही होइन भन्नेबारे निरन्तर बहस गर्दैछौँ। पुँजीवादी व्यवस्थाको ठूलो अवगुण भनेकै भ्रष्टाचार छायाँको रूपमा कायम रहनु र शोषणकै कारण बहुसङ्ख्यक जनता अत्यन्त पीडित हुने यथार्थ उजागर गर्दै आर्थिक समानताविनाको समृद्धि धोकाबाहेक केही नहुने अकाट्य तर्क संसदमा बारम्बार जोडका साथ राख्यौँ। यो आफैमा देशप्रतिको कर्तव्य र जनताप्रतिको जिम्मेवारी निर्वाहको दृष्टान्त हो भन्ने हामीलाई लाग्छ।

शासक दलहरू विचार, सिद्धान्त तथा नैतिकताप्रति जसरी संवेदनशील छैनन् त्यसै गरी वास्तविक परिवर्तन, विकास, देश निर्माणप्रति इमानदार छैनन् र जनताप्रति अझै जिम्मेवार देखिएनन्। तिनीहरू कमिसनखोर, नाफाखोर तथा कालाव्यापारीहरूको चङ्गुलमा उम्किनै नसक्ने गरी फसिसकेको र राजनीतिक अपराधीकरणलाई मलजल गरिरहेको अनुभव गरिइँदै छ। शासक दलहरूका यी भ्रष्ट कर्मबारे, अनियमितताबारे बोलेर नेमकिपाले तिनीहरूलाई बारम्बार सचेत गराइरहेको छ। निश्चय पनि खबरदारी र पहरेदारी गर्नु प्रतिपक्षको पहिलो कर्तव्य हो।

शासकहरू सङ्घीयताप्रति पनि इमानदार देखिएनन्।

सङ्घीयताको निम्ति केहीबाट खतरा छ र त्यो कसैबाट असफल हुन्छ भने शासक दलबाटै हुनेछ भन्ने व्यापक जनतामा चिन्ता देखिएको छ। तिनीहरू सङ्घीयताको नाउँमा पुन:केन्द्रीकरण र गणतन्त्रको नाउँमा गणतान्त्रिक पञ्चायत लागू गर्ने चेष्टा गर्दैछन्। प्रदेशलाई हिजोको अञ्चल र मुख्यमन्त्रीलाई अञ्चलाधीश बनाउन खोजिइँदै छ। प्रदेशसभा र प्रदेशसरकारलाई बुँख्याचा बनाइँदै छ। यो प्रतिगामी कदम हो, जनताप्रतिको विश्वासघात हो। यसविरुद्ध हामी निरन्तर सङ्घर्षमा छौँ। सङ्घीयताको नाउँमा राज्यकोषको दुरूपयोग, आर्थिक अपचलन तथा चर्को भेदभावलाई प्रश्रय दिइँदै छ। शासक दलका यी खोट तथा खराबीबारे संसदमा नेमकिपाले विरोध गर्दै आइरहेको छ र प्रतिपक्षको वास्तविक उपस्थितिको अनुभव दिलाउन नेमकिपा सफल भएको टिप्पणीहरू आइरहेका छन्।

नेमकिपाले संसदमा भारतीय विस्तारवाद तथा एकाधिकार पुँजी नै नेपाल र नेपाली जनताका कैयौँ समस्याको मूल कारण भएको प्रस्ट भाषामा राख्दै आएको छ र त्यसको विरोध नगर्नेहरू वास्तविक देशभक्त बन्न नसक्ने हाँक दिइरहेको छ। राजनीतिक दलहरूको निम्ति यो एक नैतिक सवाल बनिरहेको अनुभूति भइरहेको छ। भारतीय थिचोमिचो, हस्तक्षेप तथा दक्षिण एशियामा देखाइरहेको दादागिरीप्रति मौन रहनु र संरा अमेरिकाले विश्वमा फैलाइरहेको प्रभुत्व र आतङ्कमा आँखा चिम्लिने कम्युनिष्ट या वामपन्थी त के देशभक्तसमेत बन्न नसक्ने अभिमत प्रस्तुत गरेर प्रदेशसभालाई केवल प्रदेशको साँघुरो दायरामा कैद हुनबाट जोगाउँदै राष्ट्रिय-अन्तर्राष्ट्रिय घटना तथा परिस्थितिबारे छलफल एवं वहस गर्ने संवेदनशील तथा वैचारिक थलो बनाउन नेमकिपा प्रयत्नरत छ।

एउटा सानो तर अर्थपूर्ण उदाहरण यहाँ राख्दछु। प्रदेश सरकारले प्रदेश सभा सचिवालयको आर्थिक कारोवार तथा सांसद, मन्त्रीको पारिश्रमिकसमेत पूर्णरूपमा भारतीय लगानीमा सञ्चालित बैङ्कमार्फत गर्ने प्रस्ताव पेश गर्ने बित्तिकै विशेष समयमा नेमकिपाका प्रतिनिधिले विरोध गरे र नेपाल सरकारको स्वामित्वको बैङ्कमार्फत मात्र गर्न माग गरे। विभिन्न समितिका बैठकमा समेत त्यही आवाज सशक्त ढङ्गमा नेमकिपाले उठाएपछि सरकार बाध्य भयो र हाल राष्ट्रिय वाणिज्य बैङ्कमार्फत आर्थिक गतिविधि सञ्चालन भइरहेको छ। त्यस निर्णयप्रति शासक दलकै कतिपय नेताले असन्तुष्टि व्यक्त गरेबाट तिनीहरूको वास्तविक चरित्र उदाङ्गो भएको संसद परिसरमा चर्चा सुनिन्छ। देशभक्ति खोक्रो नारा होइन व्यावहारिक पाइला हो र त्यसलाई जीवनपद्धतिको रूपमा आत्मसात् गरिनुपर्छ भन्ने मान्यताको पुन:पुष्टि यो घटनाले पनि गर्दछ। भारतीय एकाधिकार पूँजीको नेपाली समाजमा घूसपैठ कुन रूप र मात्रामा छ भन्ने कुराको सङ्केत यो पछिल्लो घटनाले गर्दछ।

प्रदेशसभामा नेमकिपाले सरकारको सांस्कृतिक संहार तथा जातीय सफायाका कदमविरुद्ध एक्लैले भए पनि आवाज उठायो र आधुनिक संरचनाहरूको निर्माण तथा ठूला सहर विकासको नाममा जनताको हातबाट जग्गा खोसेर भूमाफिया तथा तस्कर पोस्ने किसानमारा नीतिको विरोध पनि नेमकिपाका प्रतिनिधिहरूले नै मात्र गरे।

सङ्क्रमणकालको नाममा सरकार आफ्नो अकर्मण्यता लुकाउन खोज्दैछ। आज सरकार कुहिरोमा हराएको कागझैं भइरहेको प्रस्ट अनुभव गरिइँदै छ। यस्तो परिस्थितिमा प्रतिपक्षको प्रभावकारी भूमिका आवश्यक हुनेतर्फ निश्चय पनि हामी सजग छौं र सोहीबमोजिम हामी सङ्घर्षरत रहने यहाँहरूसमक्ष पुन: प्रतिबद्धता व्यक्त गर्दछौं।

पछिल्लो समय प्रदेश नं ३ को प्रदेशसभा दुईवटा विषयमा केन्द्रित हुँदैछ :

१) प्रदेश राजधानी चयन    २) प्रदेशको नामाङ्कन

प्रदेश राजधानी तय गर्दा सङ्घीयताको मूल मर्म, विकेन्द्रीकरणको सिद्धान्त र सन्तुलित विकासलाई जोड दिइनुपर्ने मत जोडका साथ नेमकिपाले प्रस्तुत गर्दै आइरहेको छ। अराजनीतिक व्यक्तिको सनकको आधारमा भावी पुस्ताले धिक्कार्ने खालका काम गर्न नहुने र दूरगामी असरलाई ध्यानमा राखिनुपर्ने नेमकिपाका प्रतिनिधिले स्पष्ट दृष्टिकोण राखे।

प्रदेशको नामाङ्कनमा जातीय विद्वेश फैलिने, साम्प्रदायिकताको गन्ध आउने, क्षेत्रीय तथा भाषिक विभेद झल्किने खालको नाम राख्न नहुने स्पष्ट धारणा नेमकिपाका प्रतिनिधिले राख्दै आएका छन्। साथै जनताबीच एकता एवं सद्भाव फैलाउन सक्ने र जनताको अपनत्व बलियो हुने खालको नाम राख्नु उचित हुने विचार दोहोऱ्याउँदै आएका छन्।

आजको परिस्थितिमा सङ्घीयता असफल साबित हुन नदिन केन्द्रको कमभन्दा कम हस्तक्षेप, प्रदेशले केन्द्रको मुख ताक्ने प्रवृत्तिको अन्त्य, प्रदेश-प्रदेशबीच आपसी तथा सुमधुर सम्बन्धको विकास, स्थानीय तहमाथि अहस्तक्षेप तथा तिनलाई कर उठाउने केन्द्रको रूपमा परिणत गर्न नहुने आदि उपाय नेमकिपाले सुझाउँदै आइरहेको छ।

यसप्रकार नेमकिपाले प्रदेशसभामा जनताको भावनाबमोजिम देश र प्रदेशको दीर्घकालीन हितको पक्षमा व्यापक दृष्टिकोणका साथ निरन्तर सङ्घर्ष गरिरहेको सहर्ष जानकारी गराउँदछु। यहाँहरूको सुझाव, सहयोग र साथ सदा मिलिरहने विश्वास व्यक्त गर्दछु।

अन्तमा पुन: एकपटक भक्तपुर नगरपालिका परिवारलाई आफ्नो कार्य तथा योजनामा सफलताको हार्दिक कामना गर्दछु। आफ्ना नगरवासीहरूलाई मात्र होइन अरु धेरैमा समेत आशा जगाउन र मार्गनिर्देश गर्न सकोस् भन्ने कामना गर्दछु।

*(२०७५ असार ३० गते शनिबार भक्तपुर नगरपालिकाको नीति-कार्यक्रम तथा बजेट सार्वजनिकीकरण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तथा प्रदेश सांसद सुरेन्द्रराज गोसाईंद्वारा व्यक्त मन्तव्य-सं)*

# मन्त्रालयलाई कार्यकर्ता पाल्ने अखडा बनाइनुहुन्न

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ज्युले लेख्नुभएको पुस्तक 'सय वर्ष पछिको भक्तपुर' मा परिकल्पना गरिएजस्तै सय वर्षपछि भक्तपुर आश्चर्यजनक नगरीको रूपमा विकास हुनेछ। बिहान प्राचीन सहर जस्तो, दिउँसो विश्वविद्यालय जस्तो र राती साँच्चै प्राचीन लुगा लगाएकी आधुनिक नर्तकी वा सुन्दरीजस्तो सहरको रूपमा विकास हुनेछ। विद्वानहरूले 'जीवित स्मारकहरूको संग्रहालय' को रूपमा भक्तपुरलाई चित्रण गर्नेछन्।

पर्यटकीय गन्तव्यस्थल, अध्येताहरूको अध्ययनको केन्द्रविन्दु, गीत–संगीत, बाजागाजाको प्रशिक्षण केन्द्र, नाचगान तथा साहित्यिक गतिविधिको केन्द्रको रूपमा भक्तपुर विकास हुनेछ। एउटा उच्च कोटीको पुस्तकालय र अनुसन्धान केन्द्रको स्थापना हुनेछ। पहिचानसहितको कलाकारिता र वैभवशाली कलाकृतिको नमुना बन्नेछ भक्तपुर। परम्परागत निर्माण शैली तथा प्रविधिबारे भक्तपुरले सिकाउनेछ र अव्यवस्थित वस्तीको ठाउँमा व्यवस्थित र सांस्कृतिक संरक्षणसहितको आधुनिक संरचनाहरूको परिकल्पना गरिएको छ।

किसान, मजदुरका छोराछोरीहरूलाई डाक्टर, इन्जिनियर र कुनै पनि विषयमा विशेषज्ञता हासिल गराउने उद्देश्य प्राप्तिसँगै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गरिनेछ। सहर सफाइका निम्ति उपचारपोखरी, फोहोर गाड्ने डम्पिङ साइट र फोहोर–मैला व्यवस्थापनका लागि पुन:प्रयोगका प्रशोधन केन्द्रहरू निर्माण हुनेछन्। विश्वविद्यालयको सञ्चालन हुनेछ। प्राविधिक र रोजगारीमूलक शिक्षालयहरूको विकासमा जोड दिइनेछ। देशलाई आवश्यक जनशक्ति तयार गर्ने क्षमता राख्ने भक्तपुरको विशेषतासहितका साना तथा कुटीर उद्योगहरू सञ्चालन हुनेछ।

भक्तपुर समग्रमा राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक रूपमा सभ्य, सुसंस्कृत र सम्पन्न बन्नेछ। 'सय वर्षपछिको भक्तपुर' भक्तपुर नगरपालिकाको निम्ति आधार पुस्तक, महत्त्वपूर्ण दस्तावेज र एकप्रकारको नीति तथा कार्यक्रम हो भन्ने मान्यता राख्नेहरूको कमी छैन। संवेदनशील समुदायको यो अपेक्षा तथा विश्वासबारे भक्तपुर नगरपालिका गम्भीर बन्नुपर्ने देखिन्छ।

भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम, बजेट तथा योजनाहरू साँचो अर्थमा जनताबीच जाने र जनताको सेवाप्रति प्रतिबद्ध देखिन्छ। स्थानीय तहमा अनियमितता, भ्रष्टाचार बढ्न थालेको र जिम्मेवार पदमा कार्यरतहरू समेत अनेक आपराधिक कार्यमा संलग्न रहेको खबरले जनता फेरि आश्चर्यमा परेका छन्। तर नेपाल मजदुर किसान पार्टीका




सृजना सैंजु, प्रदेश सभा सांसद

जनप्रतिनिधिहरू सदाझैं नि:स्वार्थी भावनाका साथ जनताको सेवामा प्रतिबद्ध भई लाग्ने जनताको दृढ विश्वास छ। विचार र सिद्धान्तको बलियो जग भएपछि, इमानदारी, दूरदृष्टि तथा जनसेवा संस्कृति भएपछि, समर्पणको भावना भएपछि एउटा शहर बनाउने काम पक्कै पनि असम्भव हुँदैन।

प्रदेश सरकारले 'सुखी नेपाली समृद्ध नेपाल' को नारा दिए पनि त्यो व्यवहारमा उतार्ने खालको बजेट र योजनाहरू ल्याउन असफल रह्यो। प्रदेशसभा डन, मेडिकल माफिया, ठेकेदारहरू, घर–जग्गा दलाल, गिट्टी बालुवाका ठेकेदारहरूको छायाँमा परेको जनगुनासो छ। चुनावमा जित्नकै निम्ति पैसा सँग खेलेकाहरू, पैसाको खोला बगाएर निर्वाचन जितेकाहरूको ध्यान प्रदेशको नीति निर्माणमा भन्दा चुनावमा भएको खर्च असुल्ने र ५ वर्ष पछिको चुनावको लागि अकूत सम्पत्ति कमाउनेतिर ध्यान केन्द्रित छ। एउटा चुनाव जित्न समेत जे पनि गर्ने, जसरी पनि जित्ने मानसिकता राख्नेहरूले मार्क्सवाद, समाजवादको रटान लगाए पनि यथार्थमा पूँजीवादको गोडमेल गर्दैछन्, मलजल गर्दैछन्। सामन्तवादी चिन्तन र पुँजीवादी संस्कारले समाजवाद आउँछ भन्नु हास्यास्पद छ।

एक सांसदले एउटा भोटको निम्ति दश हजार रूपैयाँसम्म खर्च भएको स्वीकार्दै पाँच वर्षपछिको चुनावमा पच्चीस हजारसम्म पुग्ने अनुमान पनि लगाए। सरकारको सुखी नेपाली, समृद्ध नेपालको नाराले सुखी नेता, सम्पन्न कार्यकतामा पुगेर टुंगिने हो कि भन्ने आशंका पनि व्याप्त छ।

प्रदेश सरकारले आफू भर्खर जन्मिएको भन्दै कानुनले रोक्छ, संविधानले दिंदैन जस्ता कुरा गरी हरेक जिम्मेवारीबाट पन्छिन खोज्दैछ। त्यस्तै गरी ७६१ वटा सरकारहरू स्वायत्त सरकार होइनन्, केन्द्रकै निर्देशनमा चलाइने अभिव्यक्ति पनि दिंदैछन्। यसले संघीयताको मर्मलाई मारेको अनुभूति भइरहेको छ। संघीयता बाँदरको हातमा नरिवल सावित हुने लक्षण देखापर्दैछ। शासक दलको दम्भले ठूलो विपत्ति निम्त्याउने संकेत पनि देखिइँदैछ।

बजेट वक्तव्यको छलफलको जवाफमा प्रदेश अर्थमन्त्रीले– 'अफ्रिकामा जसरी गोराहरू हुन्नन् त्यसरी नै नेपालमा अरु दलहरू रहन्नन्' भन्ने अमर्यादित तथा अराजनीतिक अभिव्यक्ति दिए। हिजोको 'सबै नेपाली पञ्च, सबै पञ्च नेपाली' भन्ने नारा हामीले बिर्सेका छैनौं। हिजो पञ्चहरूको जस्तो दम्भ हुन्थ्यो आज शासकहरूको त्यस्तै प्रवृत्ति देखिइँदैछ। पञ्चायती गणतन्त्रको अभ्यास थालिरहेको हो कि भन्ने आभास भइरहेको छ। घमण्डले फुलेको शासक दलको घर झगडा भने छताछुल्ल भइरहेको छ। बजेट नेतामुखी, मन्त्रीमुखी भयो जनतामुखी भएन भन्ने आवाज प्रतिपक्षले उठाइरहन परेन, सत्तापक्षीय सांसदहरूले नै गरे। कति सांसदहरू भन्दै थिए 'के गर्नु, चित्त नबुझे पनि आँखा चिम्लनै पऱ्यो'।

समाजवादको सपना बाँडेर अझै पनि व्यापारीकरण, निजीकरण र नवउदारवादी अर्थतन्त्रको विकासमा केन्द्रित छ सरकार। प्रदेश सभामा प्रधानमन्त्री के.पी ओलीको सम्बोधनको क्रममा बोलेका थिए, 'उत्पादनमुखी क्षेत्र निजीलाई दिइनुपर्छ।' यसको तात्पर्य अब निजी क्षेत्रलाई प्राथमिकतामा राखिनुपर्छ अर्थात् नाफातन्त्रलाई नै बढावा दिइनुपर्छ भन्ने हो। उत्पादनका मुख्य-मुख्य साधनहरू सामाजिकीकरण गर्न नसके, शिक्षा र स्वास्थ्य जस्ता अति महत्त्वपूर्ण र संवेदनशील क्षेत्र सरकारको जिम्मेवारीअन्तर्गत नल्याइए, कृषि अर्थतन्त्रलाई देशको आत्मनिर्भरताको परिचायक बनाउन नसकेसम्म समाजवाद स्थापना गर्ने कुरा गफगाफ साबित हुनेमा दुइमत छैन। प्रगतिशील कर प्रणालीको अभ्यास गर्न नथाल्नु, जनताको टाउकोमा अत्यधिक करको भार थोपर्नु, महँगी अचाक्ली बढाउनु, मुद्रास्फिति नियन्त्रण गर्न नखोज्नुले प्रदेश सरकार जनमुखी नभएको साबित गर्छ।

प्रदेशको नीति तथा कार्यक्रम र बजेटले कृषकहरूको वास्तविक समस्याहरू हल गर्ने कुनै उपायतिर ध्यान देखाएन, खाद्यान्न आयातमुखी नीतिले भारतीय विस्तारवाद र एकाधिकार पूँजीलाई नै पोस्ने देखिएको छ। युवाहरूलाई स्वरोजगार बनाउनको निम्ति सरकारको मातहतमा कलकारखाना निर्माण र सञ्चालनको योजना बन्न सकेन र बाँझो खेत जोत्न वातावरण बनाउन कुनै पहल हुन सकेन।

सामाजिक विकृति र बेथिति, अन्धविश्वास र कुप्रथा विरुद्ध कुनै आवाज आएन। महिलाहरूलाई सशक्त बनाउन स्वावलम्बी बनाउने स्पष्ट योजना दिन चुक्यो। प्राकृतिक प्रकोप र विपत्तिपछि राहत वितरण तथा रोकथामको निम्ति कुनै पहल हुन सकेन। अस्तव्यस्त सडक र पुलहरू निर्माणार्थ ठेक्कापट्टाकै बाटो रोजियो। अव्यवस्थित सहरीकरण र अराजक यातायात क्षेत्रको आतङ्क रोक्नेतिर प्रदेशको ध्यान गएन। सांस्कृतिक सम्पदा पुन:निर्माणको निम्ति कला संस्कृति जगेर्नाको निम्ति सोच्ने क्षमता प्रदेश सरकारले राखेन।

प्रदेशको बजेट एनजीओ/आइएनजीओ र जिविसहरूले बनाउने कार्ययोजनाहरूको समष्टिगत रूप जस्तै मात्र देखियो। प्रदेश सरकार स्थानीय तहलाई दायित्व थोपर्ने तर अधिकार नदिनेतिर उन्मुख देखिन्छ। हामीले प्रष्ट भाषामा भन्यौं – प्रदेशको मातहतमा स्थानीय तह राख्न खोज्नु गलत हुनेछ। साथै उपलब्ध स्रोत तथा साधनहरूको प्रयोग स्थानीय सरकारले निर्विवादरूपमा गर्न पाउनुपर्ने र विकास निर्माणका गतिविधिहरू स्थानीय तहलाई सुम्पनुपर्ने विचार हामीले राख्यौं।

६ महिनाको प्रारम्भिक अनुभवले यो संघीय व्यवस्था नेपालमा अफापसिद्ध त हुने होइन भन्ने प्रश्न उठिरहेको छ। भ्रष्टाचारमा शून्य सहनशीलताको नारा दिइए पनि यही नेकपाको नेतृत्वमा देश सबैभन्दा बढी भ्रष्टाचारको भुङ्ग्रोमा खस्ने लक्षण देखिइँदैछ। ३३ किलो सुन चोर समात्न नसक्नु, सुविधाका लागि भारतीय गाडी आयात हुनु, स्वीस बैंकमा नेपालीहरूको ३५ अर्बको कालो धन जम्मा हुनु, नेता र नेताका श्रीमतीहरूको नाममा विदेशी बैंकहरूमा कालो रकम जम्मा भएको समाचारहरू प्रकाशित हुनुले यो देश भ्रष्टाचारीहरूको चङ्गुलबाट नउठ्ने संकेत गर्दछ। फेरि पनि स्वयम् कर निर्धारण र सम्पत्ति निर्मलीकरणको प्रावधान यथावत रहनु, Money laundering को वकालत प्रधानमन्त्री जस्तो जिम्मेवार व्यक्तिले गर्दै हिंड्नुले धेरै कुरा प्रष्ट पार्छ। मन्त्रीहरूले मन्त्रालयलाई कार्यकर्ता पाल्ने अखडा बनाउनु र ठगीमा संलग्न ठेकेदारहरूसँग कमिशनको खेल चलेकै कारण देश समृद्धितिर होइन, बर्बादीतिर लम्केको देखिन्छ। ख्वप विश्वविद्यालयको विषय पनि हामीले पटकपटक उठायौं। तर शासक दलमा फराकिलो सोच तथा दीर्घकालीन योजनाको अभाव स्पष्ट देखियो।

कयौं चुनौतीहरूबीच पनि भक्तपुर नगरपालिकाले एउटा सुन्दर सांस्कृतिक नगर, व्यवस्थित सहरको रूपरेखा तयार गरिरहेको, सय वर्षपछिको आजु पुरा गर्न आज इँटा थपिरहेको हुनाले शुभकामना व्यक्त गर्दछु। सँगसँगै देशभरिका ७६१ वटा स्थानीय तहहरूलाई संगठित र वैचारिक रूपमा स्पष्ट नेतृत्व कस्तो हुन्छ ? भ्रष्टाचारमा शून्य सहनशीलता भनेको के हो ? विकास भनेको के हो ? स्थानीय तह के का लागि ? समृद्धि भनेको के हो ? आदि बारे यस नगरपालिकाले उदाहरण बनी प्रस्तुत हुनेमा विश्वस्त छु। धन्यवाद।

*(२०७५ असार ३० गते शनिबार भक्तपुर नगरपालिकाको नीति-कार्यक्रम तथा बजेट सार्वजनिकीकरण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तथा प्रदेश सांसद सृजना सैंजुद्वारा व्यक्त मन्तव्य-सं)*

# भक्तपुर नपाको तेस्रो नगरसभाको उद्घाटन




भनपाको तेस्रो नगरसभा समुद्घाटन समारोहका अतिथिहरू

भक्तपुर नगरपालिकाको तेस्रो नगरसभा असार ८ गते नपाको सभाकक्षमा एक समारोहबीच शुभारम्भ भयो। सभाको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं सांसद प्रेम सुवालले नीति तथा कार्यक्रम र बजेट बनाउने आधार पार्टीको घोषणापत्र नै हो र स्थानीय तह जनताको प्रत्यक्ष सेवा गर्ने थलो हो भन्नुभयो।

विकास निर्माण कार्य उपभोक्ता समिति र अमानतबाटै गर्नुपर्नेमा जोड दिँदै सांसद सुवालले स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले दमकल र एम्बुलेन्सजस्तै समयमै खटेर जनताको सेवा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

नीति तथा कार्यक्रमअनुसारको बजेट ल्याएर कार्यान्वयन गर्न आ–आफ्नो स्थानबाट इमानदारीपूर्वक काम गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो– 'नपाले एनजीओ र आईएनजीओलाई नियन्त्रण गर्न लागिरहेको बेला कर्मचारीलाई व्यवसाय गर्न दिने/एनजीओमा जान पाउने विधेयक मस्यौदा गलत छ, यस्तो कानुन बने देशलाई नवउपनिवेश बनाउँछ।'

उहाँले नगरकोटलाई जलाधार क्षेत्र घोषणा गर्न, सांस्कृतिकस्थल सल्लाघारी क्षेत्र र दूध चिस्यान केन्द्र पुनः सार्वजनिक गर्न, बाँसघारी खानेपानी भण्डारणमा फिल्टर राखी शुद्ध पानी खुवाउन नपाले सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गरिरहनुपर्छ भन्नुभयो।

भक्तपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान र ख्वप




कार्यक्रमका वक्ताहरू प्रमुख अतिथि प्रेम सुवाल, सुनिल प्रजापति, रजनी जोशी र नारायणप्रसाद भट्ट





कार्यक्रमका वक्ताहरू उकेश कवां, रविन्द्र ज्याख्व र रोहितराज पोखरेल

विश्वविद्यालय विधेयक पारित गराउन उहाँले संसदमा सरकारको ध्यानाकर्षण गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुर औद्योगिक क्षेत्रबाट कर उठाउनुपर्ने र यस क्षेत्रबाट ध्वनी, धुवाँ, रसायन, प्रदूषणयुक्त उद्योगहरू हटाएर हस्तकलामा आधारित उद्योगमात्र सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले आ.व. २०७५/७६ को प्रस्तावित नीति तथा कार्यक्रम पास भएपछि बजेट पेश गर्ने बताउनुभयो ।

स्थानीय तहलाई कर्मचारी नियुक्ति गर्न रोक लगाउनु स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप हो, उहाँले भन्नुभयो ।

प्रस्तावित नीति तथा कार्यक्रममा ख्वप विश्वविद्यालय स्थापना गर्न कार्य दल गठन गर्ने, शिक्षकहरूलाई तालिमको बन्दोबस्त गर्ने, अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई आर्थिक अनुदानको व्यवस्था मिलाइने, शैक्षिक वर्ष ०७६ बाट कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रमसँगै नेपालभाषाको पाठ्यक्रम लागू गर्ने उल्लेख छ । त्यस्तै योग्य तर आर्थिक स्थिति कमजोर भएका विद्यार्थीलाई रू. ५ लाखसम्म सहुलियत व्याज दरमा ऋण दिने, चिकित्साशास्त्रअन्तर्गत विभिन्न विषयमा एमडी वा सोसरह स्नातकोत्तर तह अध्ययन गर्ने विद्यार्थीमध्ये यो वर्ष दुई जनालाई छात्रवृत्ति प्रदान गर्ने, नगरपालिकाको पुरानो क्षेत्र सीमाङ्कन गरी सांस्कृतिक नगर घोषणाको लागि कार्यदल गठन गर्ने, भक्तपुरको सांस्कृतिक र जनजीवन झल्किने सांस्कृतिक सङ्ग्रहालयको लागि अगाडि बढ्ने, आदर निकेतन सञ्चालनको लागि पहल गर्ने लगायतका बुँदाहरू नीति तथा कार्यक्रममा रहेका छन् ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट, भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडा नं. ७ का वडा अध्यक्ष उकेश कवां, वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र भनपाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले पनि बोल्नुभएको थियो ।



नगरसभामा उपस्थित भनपाका नगर सभासद्‌लगायत अन्य आमन्त्रित अतिथिहरू

# भक्तपुर नगरपालिकाको
# आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम

*(भक्तपुर नगरपालिकाको तेस्रो नगर सभाको पहिलो दिन (२०७५ असार ८ गते) नगरप्रमुख सुनिल प्रजापतिले सभामा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रमको विस्तृत विवरण-सं.)*



सुनिल प्रजापति, प्रमुख-भक्तपुर नगरपालिका

**नगरसभासदज्यूहरू,**

प्रजातन्त्र पुन:स्थापनाको लागि विभिन्न चरणमा भएका जनआन्दोलन र सङ्घर्षहरूमा आफ्नो जीवन बलिदान दिने महान् शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आन्दोलनमा घाइते भएका, प्रवास र भूमिगत भएर राजनैतिक तथा सामाजिक परिवर्तनका लागि महत्त्वपूर्ण भूमिका खेल्ने वीर योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं।

२०७४ वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीका हामी उम्मेदवारलाई भक्तपुरवासी दाजुभाइ तथा दिदी बहिनीहरूले अत्यधिक मत दिएर विजयी बनाउनुभएकोमा हामी जनप्रतिनिधिहरूको तर्फबाट पुनः हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

२०७४ जेठ ७ गते हामीले शपथ ग्रहण गर्‍यौं। हामीले जिम्मेवारी बहन गरेको १ वर्ष १ महिना बित्यो। यस अवधिमा भक्तपुर र भक्तपुरवासी जनताको हितलाई ध्यानमा राखेर हामीले निरन्तर काम गर्दै आएका छौं। १५ वर्षसम्म जनप्रतिनिधिविहीन अवस्थापछि हामी जनप्रतिनिधिहरू बहाल भएर काम गर्नुपर्दा अनेकौं समस्याहरू नआएका होइनन्। आवश्यक कानूनको अभावमा सरकारको आदेशकै भरमा महिनौं काम गर्नुपर्ने अवस्था भयो। प्रदेशसभाको निर्वाचन भई नसकेको र सङ्घीय सरकारले स्पष्ट नीति निर्देशन र आवश्यक कानुन निर्माण नगरिसकेको अवस्थामा देशभरका स्थानीय तहहरूले जनभावनाअनुसार काम गर्ने वातावरण बनेन। नेपालको संविधान २०७२ लागू भएपछिको पहिलो निर्वाचन र सङ्घीयताको पहिलो अभ्यासको कारण हामीले विभिन्न अप्ठेराहरूको सामना गर्नुपर्‍यो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपछि स्थानीय तहहरूले काम गर्न केही हदसम्म सहज भयो। ऐनअनुसार २०७५ चैत्र २८ गतेभित्र जिल्लास्तरीय विभिन्न कार्यालयहरू नगरपालिकाअन्तर्गत आउनुपर्ने थियो तर एकाधबाहेक अहिलेसम्म कार्यालयहरू हस्तान्तरण भएका छैनन्। एकातिर जिम्मेवारी थपिँदै जानु अर्कोतिर आवश्यक कर्मचारीहरू थप्न सरकारले रोक लगाउनु स्वायत्तताको नीतिविपरीत छ। स्थानीय तहहरूलाई कर्मचारी नियुक्ति गर्न रोक लगाउनु स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप हो। स्थानीय तह व्यवस्थित रूपमा सञ्चालन गर्नको निम्ति आवश्यक सबै पदहरूमा कर्मचारीहरू राख्ने अधिकार स्थानीय तहहरूलाई नै दिइनुपर्छ। स्थानीय तह संविधानबमोजिम आफ्नो इलाकाभित्र स्वायत्त सरकार भएको हुँदा कुनै पनि क्षेत्रको हस्तक्षेपले निरङ्कुश राजतन्त्रको स्मरण गराउँछ र यो संविधानसम्मत पनि छैन।

नेपाल सरकारले आ.व.२०७५/७६ को बजेटमा सांसदहरूलाई रु.४ करोडको दरले बजेट व्यवस्था गरेको छ। प्रदेशसभाका सांसदहरूलाई पनि प्रदेश सरकारले बजेटको व्यवस्था गर्‍यो। सांसदहरूको मुख्य काम र कर्तव्य देशको निम्ति आवश्यक नीति निर्माणमा केन्द्रित भई कानुनहरू निर्माण गर्नु हो। विकास बजेट भनी छुट्याइएको बजेटले सङ्घीय सांसदहरूलाई पनि विकासको कार्यकर्ता बनाई विकास कार्यमा दोहोरोपनको जटीलता थपिने छ। विकास निर्माणको काम स्थानीय तहको हो। सांसदहरूको नाममा छुट्याइएको बजेट खारेज गरी स्थानीय सरकारको खातामा जम्मा गर्न जोड्दार माग गर्दछौं।

निर्वाचनको बेला घोषणापत्रमार्फत जनतालाई वचन दिएअनुसार हामीले एक वर्षमा शिक्षा, स्वास्थ्य, विकास निर्माण, सर–सफाइ, खेलकुद, सम्पदा संरक्षणलगायतका क्षेत्रमा कार्य गर्‍यौं। यो एक वर्ष हामी जनप्रतिनिधिहरूको लागि विकास निर्माणको आधार तयारी वर्ष बन्यो। यही आधारमा टेकेर आगामी आर्थिक वर्षमा भक्तपुरको विकास निर्माणमा जुट्ने हाम्रो सङ्कल्प हो।

आ.व. २०७५।७६ मा भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछौं –

**नगरसभा सदस्यज्यूहरू,**

**शिक्षा** :

१) भक्तपुर नगरपालिकाले ख्वप कलेज, ख्वप इ. कलेज, ख्वप कलेज अफ ईन्जिनियरिङलगायत सात वटा शैक्षिक संस्थाहरू सञ्चालन गरेर सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएसँगै आधारभूत तहदेखि मा.वि. कक्षासम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहमा आएको छ। भक्तपुर नगरपालिकाभित्र सामुदायिक र संस्थागत गरी ९२ वटा विद्यालयहरू रहेकोमा यस वर्षदेखि सामुदायिक र संस्थागत विद्यालयहरूको शैक्षिकस्तरको अन्तर कम गर्दै लैजाने प्रयास गरिनेछ। सामुदायिक विद्यालयको भौतिक सुधार गर्न अनुगमन गरी आर्थिक सहयोगको नीति बनाई लागू गरिनेछ।

नगरपालिकाद्वारा सञ्चालित विद्यालय/ कलेजहरूमा चित्रकला, ज्योतिष शास्त्र वा नक्षत्र विज्ञानको कक्षा सञ्चालन गर्न तयारी गरिनेछ।

२) ख्वप विश्वविद्यालय स्थापनाको लागि भक्तपुरवासी जनताले लामो समयदेखि प्रयास गर्दै आएका हुन्। २०७३ सालमा ख्वप विश्वविद्यालय विधेयक संसदमा दर्ता भई सांसदहरूको हात-हातमा वितरणसमेत भईसकेको थियो। नेपालको संविधान निर्माण भई संविधानबमोजिम नयाँ संसदसमेत गठन भइसकेको अवस्थामा ख्वप विश्वविद्यालय स्थापनाको लागि आवश्यक तयारी गर्न कार्यदल गठन गरिनेछ।

३) भक्तपुर नगर क्षेत्रभित्र विभिन्न विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई २१ औं शताब्दीको लागि योग्य बनाउन शिक्षकहरूलाई नेपाली, अङ्ग्रेजी, विज्ञान र गणित विषयमा विशेष तालिमको बन्दोबस्त गरिनेछ।

४) जनज्योति पुस्तकालय यस वर्ष भनपा २ स्थित शहीद स्मृति खेल मैदान नजिक सारिएको छ। त्यसलाई आधुनिक र स्तरीय पुस्तकालय बनाउन पाठकहरूको माग र आवश्यकताअनुसारका पुस्तकहरू थपिंदै लगिनेछ र इ. लाइब्रेरीको समेत व्यवस्था गरिनेछ। वडा-वडामा सुस्त अवस्थामा रहेका पुस्तकालय र वाचनालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराई सञ्चालनमा ल्याउन उत्साहित गरिनेछ।

५) भक्तपुरको खानेपानी, शिक्षा, सरसफाइ, सम्पदा, परम्परागत शैलीका घरहरू वा भक्तपुर नगरपालिकासँग सम्बन्धित कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई आर्थिक अनुदानको व्यवस्था मिलाइनेछ। साथै विभिन्न सङ्कायमा अध्ययनरत विद्यार्थीहरू भक्तपुर नगरपालिकामा इन्टर्न गर्न चाहेमा आवश्यकताअनुसार सोको व्यवस्था मिलाइनेछ।

६) स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी यसै शैक्षिक वर्ष २०७५ देखि कक्षा १ र ६ को स्थानीय पाठ्यक्रम सबै विद्यालयहरूमा अध्यापन सुरु भएको छ। त्यसलाई निरन्तरता दिँदै शैक्षिक वर्ष २०७६ देखि आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रमसँगै नेपाल भाषाको पाठ्यक्रमसमेत तयार गरी लागू गरिनेछ। साथै स्थानीय पाठ्यपुस्तक पनि क्रमशः तयार गर्दै लगिनेछ। स्थानीय पाठ्यक्रम लागू भएपछि भक्तपुर नगरभित्र अध्ययन गर्ने हरेक विद्यार्थीले भक्तपुरको इतिहास, भूगोल, नेपाल भाषाका प्रचलित र रञ्जना लिपि, खेलकुद, संस्कृति, सम्पदा आदिबारे जानकारी हासिल गर्नेछन्।

७) आ.व. २०७५।७६ मा स्थानीय भाषा, कला-संस्कृति, राजनीति वा सम्पदा सम्बन्धमा भनपाले पुस्तक प्रकाशन गर्नेछ। 'भक्तपुर' मासिक पत्रिकालाई निरन्तरता दिँदै कानुनबमोजिम राजपत्रलाई नियमित प्रकाशन गरिने छ।

८) संस्थागत विद्यालयहरूलाई कार्यविधि बनाई क्रमशः गुठी तथा सहकारीमार्फत् सञ्चालन गर्दै लैजाने व्यवस्था मिलाइनेछ।

९) इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपाल भाषा र संस्कृत विषयमा अध्ययन गर्ने विद्यार्थीहरू घट्दै गएको हुँदा ती विषय लिई स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीहरूलाई निश्चित रकम तोकी छात्रवृत्तिको व्यवस्था गरिनेछ। साथै उच्च शिक्षा हासिल गर्न चाहने योग्य र आर्थिक स्थिति कमजोर भएका विद्यार्थीहरूलाई प्रमाण-पत्र धितो लिई रु. ५ लाखसम्म सहुलियत ब्याजदरमा ऋण दिने व्यवस्था मिलाइनेछ। यसले न्यून आय भएका विद्यार्थीहरूले उच्च शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित हुनुपर्ने छैन।

१०) नगरमा चिकित्साशास्त्रमा स्नातकोत्तर तहका चिकित्सकहरूको कमी भएको कारण चिकित्साशास्त्रअन्तर्गत विभिन्न विषयहरूमा एम.डी. वा सोसरह स्नातकोत्तर तह अध्ययन गर्ने विद्यार्थीहरूमध्ये यो वर्ष २ जनालाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइनेछ। छात्रवृत्ति पाउने चिकित्सकहरूले कम्तिमा ५ वर्ष ख्वप अस्पतालमा पूर्णकालीन सेवा गर्नुपर्नेछ।

**संस्कृति**:

११) भक्तपुर कला संस्कृति र सम्पदाले भरिएको नगर हो। ती कला, संस्कृति र सम्पदाहरूको संरक्षणमा यहाँका स्थानीय जनताको ठूलो योगदान रहँदै आएको छ। 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' भन्ने नारालाई सार्थक बनाउन निरन्तर सांस्कृतिक क्षेत्रमा लागेर हाम्रो

कला र संस्कृतिको संरक्षणमा योगदान गर्नुहुने वडा–वडाका दाफा, भजन वा परम्परागत नाचगानका गुरुहरूको निरन्तरको परिश्रमको सम्मान गरिनेछ ।

१२) गाईजात्रालाई व्यवस्थित, अनुशासित र मर्यादित रूपले सम्पन्न गर्न प्रतियोगिता आयोजना गरिनेछ । परम्परागत र आधुनिक विधाका सांस्कृतिक टोलीहरूलाई प्रतिस्पर्धा गराई मूल्याङ्कनको आधारमा पुरस्कारको व्यवस्था गरिनेछ । यसबाट गाईजात्रा पर्वमा प्रदर्शन हुने परम्परागत र आधुनिक विधाका सांस्कृतिक टोलीहरूलाई प्रोत्साहन मिल्ने हाम्रो विश्वास छ ।

१३) उचित संरक्षणको अभावमा हाम्रा कतिपय परम्परागत संस्कृतिहरू लोपोन्मुख अवस्थामा छन् । समयमै नयाँ पुस्तालाई तयार गर्न नसकेमा हाम्रा ती परम्परागत बाजाहरू, सांस्कृतिक टोलीहरू इतिहासमा मात्रै सीमित हुने सम्भावना छ । त्यसलाई ध्यानमा राखेर नयाँ पुस्तालाई उत्साहित गर्न सांस्कृतिक प्रशिक्षणहरू सञ्चालनको व्यवस्था गरिनेछ । समय–समयमा ती बाजा तथा सांस्कृतिक समूहहरूबीच प्रतियोगिताहरू सञ्चालन गरी उत्साहित गरिनेछ ।

१४) भक्तपुर नगरमा सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक महत्त्व बोकेका थुप्रै मठ, मन्दिर, पाटीपौवा, ढुङ्गेधारा, सत्तल पोखरीलगायत सम्पदाहरू छन् । लोप भइसकेका सम्पदाहरूको उत्खनन् गर्ने, लोपोन्मुखहरूको संरक्षण गर्ने र राम्रो अवस्थाका सम्पदाहरू जस्ताको तस्तै नयाँ पुस्तालाई हस्तान्तरण गर्नु हामी आफ्नो दायित्व ठान्दछौं ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार भक्तपुर नगरपालिकाको पुरानो क्षेत्रलाई सीमाङ्कन गरी सांस्कृतिक नगर घोषणाको लागि कार्यदल गठन गरी तयारी अगाडि बढाइनेछ ।

१५) सांस्कृतिक सम्पदाको संरक्षणलाई पर्यटन विकाससँग जोड्ने नीति लिइने छ । पर्यटकहरूको बसाइ लम्ब्याउन र रात्रीकालीन पर्यटकहरूलाई मनोरञ्जन प्रदान गर्न सकिएमा आर्थिक गतिविधिहरू बढ्नेछन् र स्थानीय जनताको रोजगारीमा सहयोग पुग्नेछ । यो वर्ष पर्यटकहरूका लागि पायक पर्ने ठाउँमा सांस्कृतिक केन्द्र स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरिनेछ । साथै भक्तपुरको सांस्कृतिक र जनजीवन झल्किने सांस्कृतिक सङ्ग्रहालयको लागि तयारी अगाडि बढाइनेछ ।

**स्वास्थ्य**ः

१६) भनपाले च्याम्हासिंह, भगवतीस्थान र व्यासी गरी ३ वटा जनस्वास्थ्य सेवा केन्द्रहरूमार्फत् बिरामीहरूको उपचार गर्दै आएको छ । यो वर्ष च्याम्हासिंहस्थित जनस्वास्थ्य

## नीति तथा कार्यक्रमका महत्त्वपूर्ण बुँदाहरूः

- ख्वप विश्वविद्यालय स्थापनाको लागि आवश्यक तयारी गर्न कार्यदल गठन गरिने,
- जनज्योति पुस्तकालयमा इ. लाइब्रेरीको व्यवस्था गरिने,
- अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई आर्थिक अनुदानको तथा इन्टर्नको व्यवस्था मिलाइने,
- कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रमसँगै नेपाल भाषाको पाठ्यक्रम समेत तयार गरी लागू गरिने,
- संस्थागत विद्यालयहरूलाई कार्यविधि बनाई क्रमशः गुठी तथा सहकारीमार्फत् सञ्चालन गर्दै लैजाने,
- आर्थिक स्थिति कमजोर भएका विद्यार्थीहरूलाई प्रमाण–पत्र धितो लिई रु. ५ लाखसम्म सहुलियत ब्याजदरमा ऋण दिने,
- चिकित्साशास्त्र अन्तर्गत विभिन्न विषयहरूमा एम.डी वा सोसरह स्नातकोत्तर तह अध्ययन गर्ने विद्यार्थीहरूमध्ये २ जनालाई छात्रवृत्ति प्रदान गरिने,
- भक्तपुर नगरलाई साँस्कृतिक नगर घोषणाको लागि कार्यदल गठन गरिने,
- पर्यटकहरूका लागि पायक पर्ने ठाउँमा साँस्कृतिक केन्द्र स्थापना गरिने,
- क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा मस्तिष्कघात जस्ता कडा रोग लागेका नगरबासीहरूलाई नगरपालिकाको तर्फबाट प्रतिव्यक्ति रु. १०,०००/– का दरले उपचार सहयोग रकम प्रदान गरिने,
- भक्तपुरका महत्त्वपूर्ण क्षेत्रहरूमा Free WIFI सेवा उपलब्ध गराइने,
- बालोद्यान तथा आदर निकेतन निर्माण गरिने,
- दरबारक्षेत्र, टौमढीक्षेत्र र दत्तात्रयक्षेत्रमा सन्ध्याकालीन बत्तीको व्यवस्था गर्ने,
- खानेपानीको समस्या न्यूनीकरणका लागि ठाउँ–ठाउँमा डिप बोरिङ र वर्षे पानी सङ्कलन तथा प्रशोधनको व्यवस्था मिलाइने,
- भक्तपुर साना औद्योगिक क्षेत्रलाई स्थानीय सीप र स्रोतसाधनको उपयोग गरी पर्यटन केन्द्रित हस्तकला औद्योगिक क्षेत्रको रूपमा विकास गरिने,
- परम्परागत शैलीमा छाना निर्माणमा समेत छानाको लागतको ३५ प्रतिशत सहुलियत दिइने,
- सहकारी संस्थाहरूलाई एकल वा सामूहिक लगानीमा सामाजिक उत्तरदायित्व बहन गराउने योजना सञ्चालन गर्न तथा उत्पादनमूखी गतिविधि गर्न प्रोत्साहित गरिने,
- व्यवस्थित पार्किङको व्यवस्था मिलाइने,
- कर सङ्कलन टोली गठन गरी घर–घरमा कर उठाइने,
- नगरपालिकाकै स्वामित्वमा एफ.एम रेडियो सञ्चालनको तयारी गरिने तथा टेलिभिजन कार्यक्रम सञ्चालन गरिने ।

सेवा केन्द्र रहेको स्थानमा आधुनिक ख्वप अस्पतालको भवन निर्माण कार्य प्रारम्भ गरिनेछ। त्यसको निम्ति आवश्यक बजेट विनियोजन गरिनेछ।

१७) नगरवासीहरूको स्वास्थ्य सेवालाई ध्यानमा राखेर घर-घरमा नर्सिङ सेवा प्रदान गर्दै आएकोमा त्यसलाई अझ प्रभावकारी बनाउन वडा-वडामा स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ। भनपा वडा नं. २ व्यासीमा सञ्चालित सहरी स्वास्थ्य केन्द्रको स्तरोन्नत्ति गरिनेछ।

१८) आयुर्वेदिक स्वास्थ्य सेवा केन्द्र भक्तपुर शाखामार्फत् मात्रै बिरामीको निःशुल्क उपचार हुँदै आएकोमा त्यसलाई अझ प्रभावकारी बनाउन नगरका वडा-वडामा सेवा विस्तार गरिनेछ। नयाँ पुस्तालाई पनि आयुर्वेदिक स्वास्थ्य उपचारबारे जानकारी दिन विद्यालयहरूमा समेत प्रशिक्षणहरूको व्यवस्था मिलाइनेछ। चिनियाँ प्राचीन चिकित्सा विज्ञान, होमियोप्याथी आदि चिकित्साशास्त्रबारे पनि अध्ययन गराउन सम्भाव्यता अध्ययन सुरु गरिनेछ।

१९) क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा मस्तिष्कघातजस्ता कडा रोग लागेका नगरवासीहरूलाई नगरपालिकाको तर्फबाट प्रतिव्यक्ति रु. १०,०००।– का दरले उपचार सहयोग रकम प्रदान गरिने छ।

**विकास निर्माण** :

२०) भनपा वडा नं. १ स्थित भाज्या पोखरीको पुनः निर्माण कार्य अगाडि बढाइनेछ। प्राचीन शैलीको मन्दिर सहितको डिजाइन तयार भइसकेको हुँदा त्यसको स्ट्रक्चरल एनालाइसिस गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ। स्थानीय जनताको सहभागिता, गुणस्तरीय र कम लागतमा निर्माण सम्पन्न गर्न उपभोक्ता समिति र अमानतबाट निर्माण गर्ने नीति चालू राखिनेछ।

२१) भक्तपुर नगरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न आवश्यक सुधारहरू गरिनेछ। नगरको मुख्य सडक च्याम्हासिंहदेखि भार्वाचोसम्मको सडक ढुङ्गा छपाई कार्यलाई निरन्तरता दिइनेछ। त्यसले नगरको सुन्दरता बढ्नुको साथै सफाइमा सुधार हुने हाम्रो अपेक्षा छ। त्यसको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

२२) सञ्चारको आधुनिक सुविधाबाट जनताले फाइदा लिन सकून् भन्ने उद्देश्यले भक्तपुरका महत्त्वपूर्ण क्षेत्रहरूमा फ्री वाइफाइ (Free WIFI) सेवा उपलब्ध गराउनेतर्फ ध्यान दिइनेछ।

२३) बालबालिकाहरूको लागि बालोद्यानको आवश्यकता महसुस गरी नगरको उपयुक्त ठाउँहरूमा बालोद्यान निर्माण गरिनेछ।

२४) दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्र पर्यटकहरूको आकर्षणका केन्द्र हुन्। ती ठाउँहरूमा बत्तीको उचित व्यवस्था नहुँदा रातीको समयमा आन्तरिक र वाह्य पर्यटकहरूले अप्ठ्यारो बोध गरिरहेका छन्। आ.व. २०७५।७६ मा ती सम्पदा क्षेत्रहरूमा रात्रिकालीन पर्यटकहरूको लागि मिल्ने गरी आधुनिक बत्तीको व्यवस्था गरिनेछ।

२५) विद्युत् प्राधिकरण, दूर सञ्चार र केबल नेटवर्कहरूले जथाभावी राखेका तार र खम्बाहरूको कारण नगरको सुन्दरतामा कमी आएको छ। दृश्य प्रदुषणलाई कम गरी सुन्दर र सफा नगर बनाउन नगरको जताततै छरपष्ट रूपमा रहेका तार र पोलहरूलाई भूमिगत गर्न सम्बन्धित निकायसँग समन्वय गरी सो कार्यलाई अगाडि बढाइनेछ।

२६) ज्येष्ठ नागरिकहरूको हितलाई ध्यानमा राखेर यो वर्ष नगरपालिका एक्लै वा कुनै संस्थासँग मिलेर संयुक्त रूपमा आवश्यक ऐन-नियम बनाई आदर निकेतन सञ्चालनको लागि पहल गरिनेछ।

२७) भक्तपुर नगरपालिकामा विभिन्न कार्यक्रमहरू गर्न सभाभवनको अभाव छ। भनपा वडा नं. ५ स्थित अरनिको सभाभवन पुरातात्त्विक क्षेत्रमा परेको र २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भएको हुँदा भक्तपुरवासीले आधुनिक सभाहलको आवश्यकता महसुस गर्दै आएका छन्। भनपा वडा नं. ६ देकोचास्थित हाल ख्वप कलेज रहेको जग्गा सभाभवन निर्माण प्रयोजनको लागि अधिग्रहण गरिएको हुँदा सोही जग्गामा यो वर्ष सुविधासम्पन्न अरनिको सभाभवन र एउटा नाचघर निर्माण कार्यलाई अगाडि बढाइनेछ।

२८) वडा-वडामा विकास निर्माणका कार्यहरू वडा स्तरबाटै सम्पन्न गर्न विगतकै नीतिलाई निरन्तरता दिँदै वडा बजेटको व्यवस्था गरिनेछ। वडाभित्रका पाटी-पौवा, ढुङ्गेधारा, पोखरीजस्ता सम्पदाहरू संरक्षण गर्ने कार्यमा वडा बजेटले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं। चालू आर्थिक वर्षमा सञ्चालित सबै योजनाहरूले निरन्तरता पाउनेछन्।

२९) दरबार क्षेत्रस्थित यस नगरपालिकाको कार्यालय रहेको भवन भूकम्पले क्षतिग्रस्त भएको हुँदा उक्त भवन परम्परागत शैलीमा नै पुनः निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

**खेलकूद**:

३०) खेलकुद विकासको निम्ति भनपाले भलिबल, फुटबल, टेबुल-टेनिस, बक्सिङ र सितेरियो कराँतेको नियमित प्रशिक्षण दिँदै आएको छ। ती खेलहरूका साथै अन्य खेलहरूको प्रशिक्षण पनि सुरु गरिनेछ। खेलकुद

प्रशिक्षकहरूलाई पूर्णकालीन बनाई नगरपालिकाले छुट्टै कार्यविधि बनाई विद्यालयहरूमा प्रशिक्षणको व्यवस्था मिलाइनेछ। विभिन्न उमेरसमूहका नगरवासीहरूलाई स्वस्थ राख्न नगरका विभिन्न स्थानहरूमा शारीरिक व्यायामस्थलको व्यवस्था गरिनेछ।

३१) यस आर्थिक वर्षमा कुनै एउटा खेलको अन्तर नगर खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। साथै विद्यार्थीहरूलाई खेलकुद क्षेत्रमा सहभागिता गराउन अन्तरविद्यालय खेलकुद प्रतियोगिताहरू सञ्चालनको कार्यलाई चालू राखिनेछ।

३२) वडा-वडामा गठित खेलकुद समितिहरू सक्रिय बनाई युवाहरूलाई खेलकुद क्षेत्रमा सहभागिता गराउन खेल सामानहरू वितरण गर्ने नीति बनाइनेछ। मद्यपान, धूमपान र लागूपदार्थको बिक्री वितरण र दुर्व्यसनी नियन्त्रण गरिनेछ।

**बजार अनुगमन :**

३३) बजारमा बेचिएका उपभोग्य वस्तुहरूबाट उपभोक्ताहरू ठगिन नपाऊन् भन्ने उद्देश्यले नगरपालिकाले अनुगमन टोली गठन गरी बजार अनुगमनलाई निरन्तरता दिइनेछ। उपभोक्ताको स्वास्थ्यमा असर पर्ने गरी खानेपानी, खानेकुरा पसल, मिठाई पसल, अन्य वस्तु बेच्ने पसलहरूले मिसावट भएको, म्याद नाघेको, मूल्यसूचि उल्लेख नभएको जस्ता वस्तुहरू बेचबिखन गरेको पाइएमा त्यस्ता व्यापारीहरूलाई कानुनबमोजिम दण्ड सजायँको नीति लिइनेछ।

**कृषि :**

३४) कृषियोग्य भूमि कम हुँदै गइरहेको हुँदा कम जग्गामा बढी उत्पादनको लागि कृषकहरूलाई विभिन्न तालिमहरूको व्यवस्था मिलाइनेछ।

३५) किसानहरूको हितको लागि बीउ वितरण, माटो परीक्षण प्रशिक्षण, कम्पोष्ट मल उत्पादन र बिक्री वितरणको व्यवस्था मिलाइनेछ।

३६) किसानहरूबाट उत्पादित मौसमअनुसारको तरकारी व्यवस्थित गरी बिक्रीको व्यवस्था गर्न सकेमा उपभोक्ता र उत्पादक किसान दुबैको लागि फाइदा हुने भएकोले यो वर्ष उपयुक्त ठाउँमा तरकारी बजारको व्यवस्था गरिनेछ। खाद्यान्न, तरकारी र फलफूल शीत भण्डारण गरी किसानहरूलाई सुविधा दिनेतर्फ ध्यान दिइनेछ।

**पर्यटन :**

३७) भक्तपुरको कला-संस्कृतिको संरक्षण गर्दै भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्दै लगिनेछ। यस वर्ष भक्तपुर भ्रमण गर्ने पर्यटकहरूको संख्यामा उल्लेख्य वृद्धि गर्न पर्यटन केन्द्रित गतिविधिहरूलाई जोड दिइने छ।

३८) भक्तपुरका मौलिक उत्पादनहरू भाद्गाउँले टोपी, परम्परागत थैली, हाकुपटासी, जुजु धौ, ढाकाको खादा उत्पादन गर्ने उद्योगहरूलाई प्रोत्साहित गरिनेछ।

**युवा तथा महिलाहरूलाई लक्षित कार्यक्रम:**

३९) विदेशी भाषा, ढुङ्गा, काठ र माटोको कला, नेपाल भाषा तथा लिपि, सिलाई, बुनाई, खाद्य परिकार, कपाल कटाइ, सिकर्मी, डकर्मी, रेडियो-टेलिभिजन प्रस्तोता, स्थानीय पथ प्रदर्शकलगायतका रोजगारीमूलक तालिमहरू सञ्चालन गरिनेछन्। साउण्ड सिस्टम, कम्प्युटर, मोबाइल, टिभी, रेफ्रिजेरेटर मर्मतको तालिम तथा काठका स-साना उपहारका सामानहरू निर्माणको तालिम दिइनेछ। यसले युवा तथा महिलाहरूलाई लाभ पुग्नेछ।

४०) नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा नागरिक भावनाको विकास गर्न विभिन्न कार्यक्रमहरू अगाडि बढाउनुका साथै सबै वडाहरूमा घर-घरबाटै कुहिने र नकुहिने फोहर अलग-अलग सङ्कलन गरी कम्पोष्ट मल बनाई सस्तोमा बिक्री गरी फोहरलाई आम्दानीको श्रोत बनाउने कोसिस गरिनेछ। साथै नगर क्षेत्रको सरसफाइ कार्यलाई थप व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।

४१) भक्तपुरका जनताले दिन प्रतिदिन खानेपानीको समस्या भोग्दै आएका छन्। त्यसलाई न्यूनीकरण गर्न खानेपानीको डिप बोरिङ र वर्षे पानी सङ्कलन तथा प्रशोधनको लागि आवश्यक व्यवस्था मिलाइनेछ। मेलम्चीको पानी भक्तपुरका जनताको घरदैलोमा छिटो पुऱ्याउन प्रयास जारी राखिनेछ।

४२) नगरक्षेत्रमा रहेका ब्रम्हायणी, कासनघाट, महेश्वरी, हनुमानघाट, मु:द्विप, चुपिंघाट, मंगलतीर्थ, धालाखुसीघाटलगायतको सुधार गर्न गुरुयोजना तयार गरिने छ। हनुमन्ते खोलाको वातावरणीय सुधार र सफाइमा निरन्तरता दिइनेछ। नगर क्षेत्रका सडक पेटी र खुल्ला स्थानहरूमा वृक्षारोपण गरी हरियाली व्यवस्थापनसमेत गरिनेछ। त्यसको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

४३) कर्मचारीहरूको वृत्ति विकासको निम्ति समय- समयमा आवश्यक तालिमहरूको व्यवस्था गरिनेछ। कर्मचारीहरूको कार्यको मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कारको व्यवस्था गरिनेछ र काम नगर्ने कर्मचारीहरूलाई कारवाही गरिने छ।

४४) भक्तपुर साना औद्योगिक क्षेत्रलाई स्थानीय सीप र

स्रोतसाधनको उपयोग गरी पर्यटन केन्द्रित हस्तकला औद्योगिक क्षेत्रको रूपमा विकास गर्न पहल गरिनेछ।

४५) विभिन्न सहकारी संस्थाहरूसँग सहकार्य गरी भक्तपुर पेपर क्राफ्ट उद्योग परिसरमा हस्तकला प्रवर्द्धनका लागि उद्योग तथा प्रदर्शनी केन्द्र स्थापना गर्ने तयारी अगाडि बढाइनेछ।

४६) नगरको पुरानो क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई अगाडिको मोहडामा काठ र इँटामा लाग्ने खर्चको ३५ प्रतिशत रकम नगरपालिकाले अनुदानस्वरूप प्रदान गर्ने नीतिलाई निरन्तरता दिँदै यो वर्ष परम्परागत शैलीमा छाना निर्माणमा समेत छानाको लागतको ३५ प्रतिशत सहुलियत दिने व्यवस्था गरिनेछ।

४७) विभिन्न क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्था (NGO) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (INGO) हरूलाई पारदर्शी बनाउने नीति लिइनेछ। नगरभित्र काम गर्न चाहने कुनै पनि गैरसरकारी वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आ–आफ्नो वार्षिक बजेट र कार्यक्रम प्रस्तुत गरी नगरपालिकाको स्वीकृति लिन अनिवार्य गरिनेछ र स्वीकृतिविना काम गरेको पाइएमा कानुनबमोजिम कडा सजाय गर्ने नीति लिइनेछ।

४८) नगरभित्र सञ्चालित घरेलु तथा साना उद्योगहरूलाई नगरपालिकामा दर्ताको वातावरण तयार गरी ती उद्योगहरूलाई कर तिर्ने वातावरण मिलाइनेछ। त्यसको लागि सम्बन्धित करदाताहरूसँग आवश्यक समन्वय गरिनेछ। आधुनिक प्रविधिको प्रयोग गरी विभिन्न उद्योगहरूबाट उत्पादित प्रदूषणलाई कम गर्न सम्बन्धित पक्षसँग सहकार्य गरी अघि बढ्ने नीति लिइनेछ।

४९) सहकारी संस्थाहरूलाई व्यवस्थित गर्न अनुगमन तथा नियमनको व्यवस्था मिलाइनेछ। सहकारी संस्थाहरूलाई एकल वा सामूहिक लगानीमा सामाजिक उत्तरदायित्व बहन गराउने योजना सञ्चालन गर्न तथा उत्पादनमुखि गतिविधि गर्न प्रोत्साहित गरिनेछ।

५०) अधिकांश भूकम्प पीडित जनताले अझै घर निर्माण सम्पन्न गर्न सकेका छैनन्। भूकम्प पीडितहरूलाई नक्सापासको दस्तुरमा दिइँदै आएको छुटलाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ।

५१) सवारी साधनहरूको अव्यवस्थित पार्किङले नगरको शोभामा कमी आएको र पैदल यात्रीहरूलाई समेत बाधा पुगिरहेको हुँदा सम्बन्धित व्यवसायीहरूसँग छलफल गरी व्यवस्थित पार्किङको व्यवस्था मिलाइनेछ।

५२) भुस्याहा कुकुर र छाडा चौपाया नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

५३) नगरवासीहरूलाई नगरपालिकामा कर तिर्न उत्साहित गर्न लाग्ने करमा निश्चित प्रतिशत छुटको व्यवस्था गरिनेछ। कर संकलन टोली गठन गरी घर–घरमा कर उठाउने व्यवस्था मिलाइनेछ।

५४) व्यवस्थित शहर निर्माणको लागि भवन मापदण्डलाई कडाइका साथ लागू गरिनेछ। आवश्यकताअनुसार भवन निर्माण मापदण्ड परिमार्जन गरिनेछ। सार्वजनिक जग्गा, पोखरी, सम्पदा, नदी किनारको जमिन संरक्षण गरिनेछ। सार्वजनिक जग्गा निजी नाममा दर्ता गरिएको भए पनि सार्वजनिक कायम गर्न कारबाही अगाडि बढाइनेछ। विश्व सम्पदा सूचिभित्रका सम्पदा र वरिपरिका निजी सम्पदासमेत संरक्षण गर्न आवश्यक व्यवस्था गरिनेछ। पर्ति जग्गा संरक्षणको नीतिलाई निरन्तरता दिइनेछ।

५५) तीव्र गतिमा भइरहेको जनसंख्या वृद्धिलाई ध्यानमा राखी व्यवस्थित आवास योजनाको लागि भनपा वडा नं. २ र ६ अन्तर्गत १६५३ रोपनी जग्गामा सञ्चालित देको–मिवा– इटापाके आवास योजनालाई छिटो टुङ्ग्याउन नगरपालिकाले आवश्यक ऋणसमेतको व्यवस्था मिलाउनेछ। तुमचो–दुगुरे–चोखा आवास योजना आ.व. २०७५/०७६ मा सम्पन्न गरिनेछ।

५६) भक्तपुर नगरपालिकाले २०७४ चैत्र महिनादेखि साप्ताहिक रूपमा हरेक मंगलबार साँझ ७ बजेदेखि ८ बजेसम्म एफ. एम. रेडियोमा 'ख्वप सः' (भक्तपुर आवाज) कार्यक्रममार्फत् भक्तपुर नगरपालिकाको गतिविधि सार्वजनिक गर्दै आएकोमा आ.व. २०७५/०७६ मा नगरपालिकाकै स्वामित्वमा एफ.एम. रेडियो सञ्चालनको तयारी गरिनेछ। साथै भनपाको गतिविधि जनताबीच पुऱ्याउन टेलिभिजनमा निश्चित समय प्रसारणको व्यवस्था मिलाइनेछ।

५७) नगरवासीहरूको सुविधाको लागि अनलाइन नक्सापास प्रक्रियालाई अगाडि बढाइनेछ।

५८) नगरपालिकामा हुने हरेक काम चुस्तदुरुस्त बनाउन प्रशासनिक सुधार गरिनेछ।

५९) कर्मचारीहरूको मनोबल बढाउन निश्चित समय काम गरिसकेका योग्य र इमानदार कर्मचारीहरूलाई प्रक्रिया मिलाई बढुवा गर्ने, स्थायी गर्ने वा आवश्यक सुविधाको व्यवस्था गरिनेछ।

अन्त्यमा, भक्तपुर नगरपालिकाको आन्तरिक श्रोत, सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने सःशर्त र निःशर्त अनुदान सहयोगसमेतको आधारमा आ.व. २०७५।७६ को बजेट तयारी गरी विकास निर्माणको कामलाई अगाडि बढाउने वचनबद्धता व्यक्त गर्दछौं।

# भक्तपुर नपाको तेस्रो नगरसभा दोस्रो दिन (१० असार)

भक्तपुर नगरपालिकाले १ अर्ब ७३ करोड ४० लाख रूपैयाँको बजेट पेश गरेको छ। चालू तेस्रो नगरसभामा असार १० गते भनपाका उपप्रमुख रजनी जोशीले चालू खर्च ८७ करोड ९३ लाख ८८ हजार र पुँजीगततर्फ रु. ८५ करोड ४६ लाख १२ हजारको बजेट पेश गर्नुभएको हो।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भएको नगरसभामा पेश गरिएको बजेटमा भौतिक पूर्वाधार निर्माण, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिइएको छ।

भौतिक पूर्वाधार निर्माणको निम्ति ३१ प्रतिशत, शिक्षा र स्वास्थ्यमा २७ प्रतिशत बजेट विनियोजन गरिएको छ। प्रस्तुत शिक्षा बजेटमा भनपाद्वारा सञ्चालित कलेजहरूको वार्षिक बजेट समेटिएको छैन।

अनुमानित बजेटअनुसार ख्वप अस्पतालको लागि रू. १४ करोड, अरनिको सभाभवनको लागि रू. १ करोड, छात्रवृत्ति तथा शैक्षिक ऋणको लागि रू. १ करोड पचपन्न लाख, खेल मैदान तथा कर्भर्ड हल निर्माण गर्न १ करोड ५० लाख, ख्वप विश्वविद्यालय तयारी समिति कार्यदल गठनको लागि रू. १० लाख, ख्वप एफएम र ख्वप टेलिभिजन सञ्चालन गर्न रू. ५० लाख बजेट विनियोजन गरिएको छ।

दरबार क्षेत्रस्थित भनपाको पुरानो भवन पुनःनिर्माणको निम्ति रू. १ करोड, व्यवस्थित तरकारी बजारको लागि रू. १५ लाख, हनुमन्ते खोला र खासाङखुसुङ खोला सुधारको लागि रू. ५५ लाख, हस्तकला उद्योगको निम्ति ५५ लाख, नगरका विभिन्न ठाउँमा पार्किङ र बस स्टपको निम्ति रू. ५० लाख छुट्याइएको छ। पर्ती जग्गा संरक्षणको निम्ति रू. २० लाख, बहुउद्देश्यीय भवन निर्माणको लागि रू. १० लाख, आदर निकेतनको निम्ति रू. ५० लाख, बालोद्यानको निम्ति रू. १० लाख, जनज्योति पुस्तकालयको लागि रू. २५ लाख छुट्याइएको छ। राष्ट्रिय कला सङ्ग्रहालय बनाउने पनि योजना नपाको छ। सङ्ग्रहालयको लागि भनपाले रू. १ करोड ३७ लाख छुट्याएको छ।

बजेटमा युवा तथा खेलकुद समितिको लागि रू. १ करोड ८० लाख, शिक्षा/स्वास्थ्य तथा संस्कृति समितिको लागि रू. २ करोड ११ लाख, महिला तथा बालबालिका/समाज कल्याण समितिको लागि रू. ३० लाख, वातावरण तथा पर्यटन समितिको लागि रू. १ करोड, कृषि समितिको लागि रू. ८५ लाख, आर्थिक समितिको लागि रू. ७८ लाख, खानेपानी व्यवस्थापन समितिको लागि रू. ३५ लाख छुट्याइएको छ।

चालू खर्चअन्तर्गत महत्त्वपूर्ण ६० वटा कार्यक्रमहरू रहेको उल्लेख गर्दै उपप्रमुख जोशीले सःशर्त चालू अनुदान रू. २९ करोड १० लाख विनियोजन गरिएको छ।

साविकका कर शीर्षकहरूमध्ये धेरैजसो यथावत् राखी केही आवश्यक करका शीर्षकहरूको दर तथा दायरामा संशोधन तथा थप गर्ने प्रस्ताव पेश गरिएको थियो।

सभामा नगर प्रमुख सुनिल प्रजापतिले असार ८ गते प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम नगर सभासद्हरूबीच छलफल गरी पारित गर्नुभयो। छलफलमा नगरसभासद्हरूले आ–आफ्नो धारणा राख्नुभएको थियो।

नीति तथा कार्यक्रमबारे छलफलमा भाग लिंदै



सभासद् **पूर्णगोपाल राजचल**ले नगरका व्यापारिक पसलहरूमा नापतौलमा दर्ता भए/नभएको अध्ययन गरी दर्ता नभएका पसलहरूलाई दर्ता गराउनुपर्ने, पार्टी प्यालेसहरूको नियमित अनुगमन गर्नुपर्ने, कृषि प्रयोगशाला निर्माण गर्नुपर्ने, कृषियोग्य जमिन संरक्षण गर्नुपर्ने, कृषिसम्बन्धी उच्च शिक्षा अध्ययनको व्यवस्था गर्नुपर्ने, स्थानीय मौलिक नेवारी परिकारहरूको प्रवर्द्धन गर्नुपर्ने, विदेशी पर्यटकलाई वितरण गर्ने ब्रोसरमा भनपा वडा नं. ५ स्थित चासुखेल मन्दिर समावेश हुनुपर्ने, भनपा वडा नं. ५ मा पुरुष सफाइ मजदुरहरू राख्नुपर्ने र किसानहरूलाई आधुनिक कृषि औजार वितरणको व्यवस्था मिलाउनुपर्ने बुँदाहरू नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **बलराम न्हिसुतु**ले नीति तथा कार्यक्रममा कभर्ड हल निर्माणसम्बन्धी व्यहोरा उल्लेख गर्नुपर्ने, खेलकुद प्रशिक्षकहरूको सेवा निवृत्ति पछि सुविधा व्यवस्था गर्नुपर्ने, खेलकुद प्रशिक्षणमा पर्याप्त खेलकुद सामग्री उपलब्ध गराउनुपर्ने, मूर्तिकला, चित्रकला, पौभा र अन्य परम्परागत कला प्रदर्शनीको लागि प्रदर्शनी हलको व्यवस्था गर्नुपर्ने, भक्तपुर तलेजुभित्रको पुरातात्विक र ऐतिहासिक पौभा चित्र उचित संरक्षणको लागि भक्तपुर पौभा संघलाई जिम्मा दिलाउन आवश्यक व्यवस्था गर्नुपर्ने, नगरको पुरानो क्षेत्रका घरको कौशीमा रहेका पानी ट्यांकी र सोलार प्यानल छोप्ने व्यवस्था मिलाउनुपर्ने, पुरानो नगर क्षेत्र भित्र ट्रक र ट्रिपरजस्ता ठूल्ठूला गाडी प्रवेश निषेध गर्नुपर्ने, नगरका सबै वडाहरूमा नगरस्तरीय विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्नुपर्ने, भगवतीस्थानको जनस्वास्थ्य केन्द्र सुधार गर्नुपर्ने, गम्भीर रोग लागेकालाई दिइने उपचार सहयोग रकम वृद्धि गर्नुपर्ने र भेलुखेलस्थित साविक कम्पोष्ट प्लान्ट क्षेत्रमा पर्यटक बसपार्क सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

सभासद् **इन्द्रबहादुर प्याथ**ले नीति तथा कार्यक्रममा पशु बधशाला सञ्चालन गर्ने, बहुउद्देश्यीय भवन निर्माणको लागि जग्गा अधिग्रहण गर्ने, स्थानीय नेवारहरूको परम्परागत जीवनशैलीसम्बन्धी सांस्कृतिक संग्राहलय स्थापना गर्ने, कमलविनायकको बसपार्क व्यवस्थित गर्ने, नगरपालिकाबाट छात्रवृत्ति प्रदान गरी चिकित्साशास्त्रमा स्नातकोत्तर अध्ययन गराउने डाक्टरहरूले ५ वर्षको सट्टा ३ वर्ष मात्र नपामा अनिवार्य सेवाको व्यवस्था गर्ने, कडा रोग लागेका विरामीहरूलाई प्रदान गरिने सहयोग वृद्धि गरेर सो सहयोग भनपाका कर्मचारीहरूलाई पनि उपलब्ध गर्नुपर्ने, नगरका सबै वडाहरूमा शिशुस्याहार केन्द्र स्थापना गर्ने र पुरानो नगर क्षेत्रभित्र निजी घरमा छाना लगाउने व्यवस्था गर्न स्लोप ढलानसम्बन्धी आवश्यक प्राविधिक तालिम दिनुपर्ने प्रस्ताव राख्नुभयो ।

सभासद् **कृष्णगोपाल छुस्याबाग**ले लिवाली आवास योजनामा बाटो व्यवस्थापन गर्नुपर्ने, तःमुंज्या चोक व्यवस्थापन गर्नुपर्ने ब्रम्हायणी चोक व्यवस्थित गर्नुपर्ने र हरियाली क्षेत्र विस्तार गर्नुपर्ने विषयहरू उल्लेख गर्नुपर्ने प्रस्ताव गर्नुभयो ।

सभासद् **राजेन्द्र माक**ले नीति तथा कार्यक्रममा कक्षा १२ सम्म निःशुल्क गर्ने, शिक्षकहरूलाई सबै विषयहरूको तालिम दिने, भक्तपुर मासिक पत्रिका पाक्षिक रूपमा प्रकाशन गर्ने, एम.डी. अध्ययन गर्ने चिकित्सा शास्त्रका विद्यार्थीहरूलाई विषयगत रूपमै छात्रवृत्ति व्यवस्था गर्नुपर्ने, नगरका सबै विद्यालयहरूमा सांस्कृतिक विधाहरूको प्रशिक्षणको व्यवस्था गर्ने, नगरमा विद्यालयस्तरीय सांस्कृतिक विधाहरूको प्रतियोगिता सञ्चालन गर्ने, सांस्कृतिक सुरक्षाकर्मीको व्यवस्था गर्ने, नगरका सबै वडाहरूमा पर्यटक शौचालयहरू व्यवस्था गर्नुपर्ने, हकर्ष नियन्त्रण र प्रत्येक वर्ष भक्तपुर महोत्सवको आयोजना गर्नुपर्ने, पर्यटकीय क्षेत्रहरूमा निःशुल्क वाईफाईको व्यवस्था गर्ने, खासाङखुसुङ खोलको तिरैतिर वैकल्पिक मार्ग व्यवस्था गर्ने, नगरका टीम क्लबहरूलाई खेलकुद प्रतियोगिता सञ्चालन गर्ने जिम्मा दिई आवश्यक सहयोग गर्ने, खाद्यान्न र खाना पसलहरूको आधुनिक परीक्षण उपकरणसहित नियमित अनुगमन गर्ने, त्रिपुरासुन्दरी क्षेत्रमा तरकारी बजार विकास गर्ने, दैनिक रूपमा नगरका विभिन्न क्षेत्रमा सांस्कृतिक प्रदर्शनीको व्यवस्था गर्न स्थानीय टीम क्लबलाई जिम्मा दिने, नगरवासीहरू दिन प्रतिदिन मजदुरको रूपमा परिणत हुँदै गएकोले औद्योगिक क्षेत्र विस्तार गर्ने र गाईजात्रा मार्गको तार-केबुल व्यवस्थित गर्नुपर्ने प्रस्ताव पेश गर्नुभयो ।

सभासद् **शिवप्रसाद वाला**ले नीति तथा कार्यक्रमको छलफलमा भाग लिंदै गाईजात्रा मार्गमा तार र केबुलको व्यवस्थापन गर्नुपर्ने, भूकम्प अघि निर्माण भएका घरहरूको लागि आवश्यक मापदण्ड बनाई नक्सा पास गर्नुपर्ने, हनुमानघाट सुधारको लागि हालसम्म के.यु.के.एल.ले सम्पन्न गरेका कामहरू उल्लेख गनुपर्ने, अन्तराष्ट्रिय संघ-संस्थाहरूको सहयोगमा नगरभित्र भएका योजना र कार्यक्रमहरूको विवरण उल्लेख गर्ने, जगातीदेखि च्याम्हासिंहसम्मको लागि लिवाली आवास योजनाको पूर्वमा वैकल्पिक मार्ग निर्माण गर्ने, महेश्वरी खेलमैदान विकाससम्बन्धी योजना उल्लेख गर्ने र वडा-वडामा कभर्ड हलहरू निर्माण गर्ने लगायतका विषयहरू उल्लेख गर्नुपर्ने प्रस्ताव गर्नुभयो ।

सभासद् **सूर्यप्रसाद श्रेष्ठ**ले स्थानीय पाठ्यक्रममा नैतिक शिक्षा र समाजिक शिक्षा समावेश गर्नुपर्ने, शारीरिक व्यायाम स्थल निर्माण हुनुपर्ने, प्रांगारिक मल प्रयोग गरी

अर्गानिक खेती गर्न उत्साहित गर्ने, परम्परागत मौलिक पेशाहरूको संरक्षण र प्रवर्द्धन गर्ने, नगरका बाढीग्रस्त क्षेत्रमा तटबन्ध निर्माण गर्ने, सल्लाघारीस्थित सृजनानगरमा आदरनिकेतन स्थापना गर्ने, सार्वजनिक शौचालय निर्माण गर्ने र नगरको पुरानो क्षेत्रबाहेक विस्तारित क्षेत्रमा पनि परम्परागत शैलीमा भवन निर्माण गर्ने घरधनीलाई अनुदान दिने विषयहरू उल्लेख गर्नुपर्ने प्रस्ताव गर्नुभयो ।

सभासद् **रञ्जना त्वाती**ले रात्रीकालीन शब्द उल्लेख भएकोमा सोको सट्टा सन्ध्याकालीन राख्नु उपयुक्त हुने, कडा रोगीलाई प्रदान गर्ने आर्थिक सहयोग बिरामीको आर्थिक स्थिति बुझी उपलब्ध गराउनु उपयुक्त हुने, नगरका मुख्य–मुख्य क्षेत्रमा सी.सी. क्यामेरा व्यवस्था गर्नुपर्ने, शारीरिक व्यायाम र खेलकुद प्रशिक्षण नियमित गर्न ध्यान दिनुपर्ने, भक्तपुरको मौलिक उत्पादन ढाकाको खास्टो, टका टप्ली, पुटु म्हेचा उल्लेख गर्ने, लोकल गाइड र राष्ट्रिय गाइडलाई तालिम प्रदान गर्ने, कर्मचारी व्यवस्थापनसम्बन्धी नियमावली भक्तपुर मासिकमार्फत् सार्वजनिक हुनुपर्ने र वास्तविक रूपमै आवास निर्माण गर्न असमर्थ भूकम्प पीडितलाई नपाबाट भवन बनाई बसोबासको व्यवस्था गर्ने विषयहरू उल्लेख गर्नुपर्ने प्रस्ताव गर्नुभयो ।

सभासद् **हेरा ख्याजु**ले नीति तथा कार्यक्रमको छलफलमा भनपाको विकास निर्माण कार्यको लागि गठन हुने उपभोक्ता समितिका पदाधिकारीहरूलाई पारिश्रमिकको व्यवस्था गर्नुपर्ने, नगरका विभिन्न स्थानमा सी.सी. क्यामेरा जडान गर्ने, सांस्कृतिक सुरक्षाकर्मीको व्यवस्था गर्ने, बजार अनुगमनलाई निरन्तरता दिई फुड केमिकल टेक्नोलोजीसम्बन्धी परीक्षणको व्यवस्था गर्ने, खँचा पोखरीको उचित संरक्षण र प्रवर्द्धन गर्ने, कुहिने फोहोरबाट कम्पोष्ट मल निर्माण गर्न तालिम दिने, भनपा ५ भेलुखेल स्थित कम्पोष्ट प्लान्टलाई स्थानान्तरण गर्ने र भूकम्पबाट क्षतिग्रस्त गुठी संस्थानको स्वामित्वमा रहेका सम्पदाहरूको स्वामित्व नगरपालिकाले लिई संरक्षण गर्ने विषयहरू उल्लेख गर्नुपर्ने प्रस्ताव पेश गर्नुभयो ।

सभासद् **मंगललक्ष्मी शाही**ले नगरका दलितहरूलाई विभिन्न क्षेत्रमा सहुलियत र छात्रवृत्तिको व्यवस्था गर्ने उल्लेख गर्नुपर्ने प्रस्ताव राख्नुभयो ।

सभासद् **ज्ञानकुमार मगजु**ले एम.डी. अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दा स्वदेशी वा विदेशी विश्वविद्यालय छुट्याई व्यवस्था गर्नुपर्ने, परम्परागत सांस्कृतिक विधाका गुरुहरूलाई मासिक पारिश्रमिकको व्यवस्था गर्नुपर्ने, भनपा १० वडामा अवस्थित सूर्य मन्दिरको डिजाइन तयार गरी निर्माण गर्ने, खानेपानी प्रोशोधन गरी पिउनयोग्य बनाउने, ट्यांकरबाट वितरित पानी स्वस्थ र पिउन योग्य भएको




तेस्रो नगरसभामा बोल्नुहुँदै उपप्रमुख रजनी जोशी

प्रत्याभूति दिने, कडा रोग लागेका बिरामीलाई दिइने सहयोग वृद्धि गर्नुपर्ने, खासाङखुसुङ खोला छेउमा हरियाली र छुट्टै ढलको व्यवस्था गर्ने, नक्सा पास गर्न अगाडि ढल र बाटोको व्यवस्था गर्नुपर्ने नियम बनाउने, खानेपानी वितरणको पाइप बिछ्याइ राखेको व्यासीदेखि मूलढोकाको बाटोको विकल्पको लागि खासाङखुसुङ खोला छेउबाट वैकल्पिक बाटो निर्माण गर्ने, भक्तपुरको मौलिक उत्पादनलाई प्रोत्साहित गर्न प्याटेन्ट दर्ता व्यवस्था गर्ने, कर्मचारीको वृत्तिविकास र कारबाहीको लागि नियमावली व्यवस्था गर्ने, नयाँ र विस्तारित क्षेत्रमा घर निर्माण गर्ने भूकम्प पीडितलाई पनि नक्सा दस्तुर छुटको व्यवस्था गर्ने र स्थलगत निरीक्षण गरी घरजग्गा कर संकलन गर्ने लगायतका विषयहरू समावेश गर्नुपर्ने प्रस्ताव पेश गर्नुभयो ।

सभासद् **विश्वराज शिल्पकार**ले शिक्षकरुलाई नैतिक शिक्षाको पनि तालिम दिने उल्लेख गर्ने, निजी विद्यालयहरूलाई समुदायमा आधारित सहकारितामा लैजाने उल्लेख गर्ने, छात्रवृत्ति प्रदान गर्दा सामुदायिक विद्यालयका विद्यार्थीलाई प्राथमिकता दिने, नपाबाट प्रदान गर्दै आएको सीपमूलक तालिम, सीटीईभीटीबाट मान्यता प्राप्त हुने गरी सञ्चालन गर्ने र इन्टेरियर डेकोरेसन तथा आधुनिक फर्निचरसम्बन्धी तालिम सञ्चालन गर्ने, गुणस्तरीय काठको लागि सिजिनिङ मेसिनको व्यवस्था गर्न आवश्यक पहल गर्ने, देको मिवा इटापाको आवास योजनालाई ऋण दिन आवश्यक विनियम बनाई आन्तरिक र बाह्य ऋण लिन सक्ने व्यवस्था गर्ने, योजनाको प्रकृतिअनुसार प्रदान गर्ने पहिलो किस्ता ३३ प्रतिशतबाट वृद्धि गर्ने र सभाहललाई सुरक्षित बनाउन टेबुल र पंखा व्यवस्था गर्ने विषयहरू उल्लेख गर्नुपर्ने प्रस्ताव गर्नुभयो ।

सभासद् **सम्झना खाइजु**ले ज्योतिषशास्त्र अध्ययनको ठाउँमा खगोल विज्ञान उल्लेख गर्नुपर्ने,

शिक्षकहरूलाई सामाजिक शिक्षाको पनि तालिम प्रदान गर्ने, अनौपचारिक शिक्षालाई निरन्तरता दिंदै मा.वि. तहमा व्यवहारिक र प्रयोगात्मक शिक्षाको व्यवस्था गर्ने, परम्परागत सांस्कृतिक विधाका कलाकारहरूलाई मासिक भत्ताको व्यवस्था गर्ने, नपाबाट प्रशिक्षित प्रशिक्षार्थीहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराई स्वरोजगारको व्यवस्था गर्ने र अर्गानिक र रसायनिक तरकारी बजार छुट्टाछुट्टै व्यवस्था गर्ने लगायतका विषयहरू समावेश गर्नुपर्ने प्रस्ताव पेश गर्नुभयो।

सभासद् **रत्नकाजी नायभारी**ले घरघरमा जाने स्वास्थ्य स्वयम्सेविकाहरूलाई स्वास्थ्य बीमासम्बन्धी सुचना प्रवाह गराउने, कृषकहरूको आवश्यकताअनुसार बीऊबीजन वितरण गर्ने देको मिवा इटापाको आवास योजनामा पर्खालहरू अग्लो भएकोले यसको उचित कारण उपभोक्तालाई बुझाउने, नपाको नक्शा पास प्रक्रिया नगरबासीहरूलाई बुझाउन कार्यक्रम गर्ने र सेवाग्राही नगरबासीहरूको गुनासो सम्बोधन गर्न कर्मचारीहरूलाई शिष्टाचारसम्बन्धी तालिम दिने विषयहरू उल्लेख गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **श्यामसुन्दर माता**ले छलफलमा भाग लिंदै नीति तथा कार्यक्रममा नगरका सबै वडाहरूमा शिशुस्याहार केन्द्र स्थापना गर्ने, पुस्तकालयमा दक्ष जनशक्ति व्यवस्था गर्ने, भक्तपुरका सांस्कृतिक जात्रा पर्वहरू व्यवस्थित गर्न आवश्यक योजना बनाइ लागू गर्ने, सांस्कृतिक नवदुर्गा नाच संरक्षणको लागि आवश्यक व्यवस्था गर्ने, घरघरमा नर्सिङ सेवालाई थप प्रभावकारी बनाउन नि:शुल्क औषधि वितरण गर्ने, वडा-वडामा स्वास्थ्य उपचौकी सञ्चालन गर्ने, जनस्वास्थ्य केन्द्रमा टिकट र पालो मिलाउन आवश्यक जनशक्ति व्यवस्था गर्ने, शहिद स्मृति खेल मैदान र महेश्वरी खेल मैदान निर्माण गर्ने, कार्यरत कर्मचारीहरूको स्तरोन्नतिको व्यवस्था गर्ने, सफाइ मजदुरहरूको नियमित परीक्षण गर्ने, कर्मचारीहरूलाई पनि उच्च शिक्षा हासिल गर्न छात्रवृत्ति प्रदान गर्ने, न:पुखु र त:पुखुको वातावरण सुधार गर्नेलगायतका विषयहरू समावेश गर्नुपर्ने प्रस्ताव गर्नुभयो।

सभासद् तुल्सीलक्ष्मी दुमरुले छलफलमा जनज्योति पुस्तकालय सँगैको खेलमैदानमा खेल सञ्चालन हुँदा पुग्ने बाधा व्यवस्थापन गर्ने, नगरका विभिन्न विद्यालयहरूमा शुक्रबार विद्यालय सञ्चालनमा एकरूपता ल्याउने र कृषि उत्पादनमा प्रयोग भएको किटनाशक औषधि मापनको व्यवस्था गर्ने विषयहरू उल्लेख गर्नुपर्ने सुझाव दिनुभयो।

छलफल कार्यक्रममा सभासद् **सिद्धिराम अवाल**ले नीति तथा कार्यक्रममा र विज्ञान र प्रविधिसम्बन्धी उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूलाई पनि सहुलियत दरमा ऋण उपलब्ध गराउने, परम्परागत नाचगान सिक्ने र सिकाउने प्रशिक्षक र प्रशिक्षार्थीलाई आर्थिक सहयोगको व्यवस्था गर्ने, प्रत्येक वर्ष सञ्चालन गर्ने अन्तरनगर खेल प्रतियोगिता निश्चित गर्ने मुख्य-मुख्य सम्पदा क्षेत्रहरू मात्र नभई नगरभरि छरिएर रहेका सबै सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गर्ने, वधशाला निर्माण गर्ने, नगरका मजदुरहरूको हित र विकासको लागि आवश्यक नीति तयार गर्ने र पर्यटकहरूलाई वितरण गर्ने ब्रोसरमा तुछिमलाको तेराकोटा झ्यालको तस्बिर राखी नक्सामा देखाउनेलगायतका विषयहरू उल्लेख गर्नुपर्ने प्रस्ताव राख्नुभयो।

छलफल कार्यक्रममा सभासद् **कृष्णगोपाल चौगुठी**ले नीति तथा कार्यक्रममा भनपा वडा नं. ३ को वडा कार्यालय निर्माणको लागि आवश्यक पहल गर्ने, बाराही पुल नजिकै प्रत्येक वर्ष बाढीले समस्या गर्ने हुँदा स्थायी समाधानको व्यवस्था गर्ने र भूकम्प पीडितहरूलाई बलियो निर्माणसम्बन्धी तालिम प्रदान गर्ने विषयहरू समावेश गर्ने प्रस्ताव गर्नुभयो।

सभासद् **हरिरत्न गोर्खाली**ले एम.डी.अध्ययन गर्न प्रत्येक वर्ष ५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने, आर्थिक स्थिति कमजोर भएका कडा रोग लागेका बिरामीलाई दिने सहुलियत रु. १० हजार बाट वृद्धि गर्ने, नगरका विभिन्न ठाउँमा बत्तीको व्यवस्था गर्ने संशोधन प्रस्ताव र नगरको पुरानो बजार क्षेत्रमा सवारी व्यवस्थापन गर्न नगर प्रहरी व्यवस्था गर्ने, भनपा ७ स्थित झौरबहीमा सांस्कृतिक संग्राहालय सञ्चालन गर्ने, पर्यटक शौचालयहरू तत्काल निर्माण गर्ने, भ्यू टावर निर्माण गर्ने र सूचना केन्द्र स्थापना गर्ने थप प्रस्तावहरू पेश गर्नुभयो।

सभासद् **पञ्चलक्ष्मी दुवाल**ले छलफल कार्यक्रममा भाग लिंदै नीति तथा कार्यक्रममा आदरनिकेतन निर्माण गर्ने, बजार अनुगमनमा सम्बन्धित वडाका जनप्रतिनिधि समावेश गर्ने, ८ नं. वडा समिति निर्माण गर्ने र भूकम्प पीडितहरूको टहरा सदुपयोगको व्यवस्था गर्ने सम्बन्धी प्रस्तावहरू पेश गर्नुभयो।

सभासद् **गोबिन्द दुवाल**ले स्थानिय पाठ्यक्रममा नागरिक भावना नागरिक शिक्षा समावेश गर्ने, नक्सा बनाउँदा लालपूर्जा र नापी नक्सामा उल्लेख भएको क्षेत्रफलमा मात्रै निर्माण गर्ने, अनियमित निर्माण कडाइका साथ नियन्त्रण गरी कृषि विशेषज्ञ व्यवस्था गर्ने, बहाल कर व्यवस्थित संकलन गर्न आवश्यक नीति बनाउने, गुठीको जग्गामा घर बनाएर बसेका भूकम्प पीडितहरूको समस्या समाधानको लागि आवश्यक पहल गर्ने, देको मिवा इटापाको आवास योजना समयमै सम्पन्न गर्ने, नगरपालिकाका सबै जनप्रतिनिधिहरूको सम्पत्ति विवरण सार्वजनिक गर्नेलगायतका विषयहरू समावेश गर्नुपर्ने प्रस्ताव पेश गर्नुभयो।

# आ.व. २०७५/७६ का लागि भक्तपुर नगरपालिकाको बजेट १ अर्ब ७३ करोड ४० लाख रूपैयाँ

*(भक्तपुर नगरपालिकाको तेस्रो नगर सभाको दोस्रो दिन (२०७५ असार १० गते) उपप्रमुख रजनी जोशीले सभामा पेश गर्नुभएको आ.व. २०७५/०७६ को बजेट मन्तव्य-सं.)*

**नगर सभासदज्यूहरू,**

स्थानीय तह निर्वाचन २०७४ मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट हामी जनप्रतिनिधिहरूले नगरवासीहरूमाझ घोषणापत्रमार्फत प्रतिबद्धता व्यक्त गरेअनुसार निरन्तर जनताको सेवा गरिरहेका छौं। ऐतिहासिक नगरी भक्तपुरलाई सफा, सुन्दर, स्वस्थ र सभ्य नगरको रूपमा विकास गर्ने तथा शिक्षा, स्वास्थ्य उपचार र पर्यटकीय गन्तव्यस्थल बनाउने लक्ष्यसहित आ.व. २०७५।०७६ को लागि नगरपालिकाको आय र व्ययको विवरण यस गरिमामय नगरसभामा प्रस्तुत गर्दछु।



रजनी जोशी- उपप्रमुख, भक्तपुर नपा

**आयतर्फ :–** यस नगरपालिकाको चालू आ.व. का लागि कूल आम्दानी १ अर्ब ५ करोड ५५ लाख रूपैयाँ अनुमान गरिएको थियो। त्यसमध्ये बाह्य स्रोतबाट ४९ करोड ३४ लाख ९० हजार अनुमान गरिएकोमा जेठ महिनाको मसान्तसम्म ७३ करोड ४ लाख ८ हजार ७९८ रूपैयाँ आम्दानी भएको र यस हिसाबले चालू आ.व.मा बाह्य स्रोतको आम्दानी १४८ प्रतिशत पुगेको अवगत गराउँदछु।

आन्तरिक स्रोततर्फ आ.व. २०७४/०७५ मा ४२ करोड २० लाख १० हजार अनुमान गरिएकोमा जेठ महिनाको मसान्तसम्ममा ४० करोड ५५ लाख ८२ हजार ९११ रूपैयाँ ९७ पैसा आम्दानी भइसकेको छ।

चालू आ.व. मा आन्तरिक र बाह्य स्रोत गरी कूल अनुमान गरिएको रकम ९१ करोड ५५ लाख रूपैयाँबाट वृद्धि भई कूल यथार्थ आम्दानी १ अर्ब १३ करोड ५९ लाख ९१ हजार ७०९ रूपैयाँ ९७ पैसा भएको जानकारी गराउँदछु।

भ.न.पा.को आफ्नै स्रोत, नेपाल सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान रकम तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने रकम र ऋण सापटीसमेत गरी आ.व. २०७५/०७६का लागि रु. १ अर्ब ७३ करोड ४० लाख अनुमान गरिएको छ।

**व्ययतर्फ :–** २०७५ साल असार ८ गते प्रस्तुत गरिएको नीति तथा कार्यक्रमको आधारमा चालू र पूँजीगत खर्च गरी निम्न शीर्षकहरूमा रु. १ अर्ब ७३ करोड ४० लाखको कूल बजेट विनियोजन गरिएको छ। सोहीअनुरूप आ.व. २०७५।०७६ को अनुमानित आम्दानी खर्चको विवरण पेश गर्दछु।

आ.व. २०७४।०७५ को अनुमानित बजेट १ अर्ब ५ करोड ५५ लाख रहेको थियो भने जेठ महिनासम्मको व्यय ८७ करोड ३६ लाख ६० हजार ९०८ रूपैयाँ १४ पैसा रह्यो।

चालू खर्चअन्तर्गत महत्त्वपूर्ण ६० वटा कार्यक्रमहरू रहेका छन्। जसअन्तर्गत सशर्त चालू अनुदान २९ करोड १० लाख विनियोजन गरिएको छ। सशर्त चालू अनुदानमा देहाय बोजिम रकमहरू विनियोजन गरिएको छ।

- शिक्षाको लागि रु. २४ करोड ७ लाख ४४ हजार ३ सय
- स्वास्थ्यको लागि रु. १९ करोड ३५ लाख ८० हजार
- आयुर्वेदिकको लागि रु. ३३ लाख ६ हजार ७ सय
- पशु सेवाको लागि रु. ५ लाख ७० हजार
- कृषिको लागि रु. १७ लाख ९५ हजार
- वातावरणीय सरसफाइमा रु. ६ लाख २५ हजार
- राष्ट्रिय कला सङ्ग्रहालयको लागि रु. १ करोड ३७ लाख ३१ हजार

**भक्तपुर नपाको बजेट**

कूल बजेट १ अर्ब ७३ करोड ४० लाख रुपैयाँ
चालू खर्च ८७ करोड ९३ लाख ८८ हजार
पूँजीगत खर्च ८५ करोड ४६ लाख १२ हजार

**विनियोजित रकमको भार**

शिक्षा क्षेत्र १६.३३ प्रतिशत
स्वास्थ्य सेवा १०.३३ प्रतिशत
खेलकुद २.८७ प्रतिशत
भौतिक पूर्वाधार निर्माण ३१ प्रतिशत
सरसफाइ तथा वातावरणीय सुधार ५ प्रतिशत




तेस्रो नगरसभामा सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापति

- स्मारक संरक्षण तथा दरबार हेरचाहको लागि रु. ७९ लाख १ हजार
- समाज कल्याण तथा महिला विकासको लागि रु. १६ लाख ६९ हजार

यस आ.व. को समानीकरण अनुदानको लागि रु. २० करोड ५१ लाख विनियोजन गरिएको सभामा अवगत गराउन चाहन्छु ।

भक्तपुर नपाले आ.व. २०७५।०७६ मा देहायका समितिहरूको लागि निम्नानुसार बजेट विनियोजन गरिएको छ । जसमा –

- युवा तथा खेलकुद समितिको लागि रु. १ करोड ८० लाख
- महिला तथा बालबालिका/समाज कल्याण समितिका लागि रु. ३० लाख
- वातावरण तथा पर्यटन समितिको लागि रु. १ करोड
- कृषि समितिको लागि रु. ८५ लाख
- आर्थिक समितिको लागि रु. ७८ लाख
- निर्माण समितिको लागि रु. १२ लाख
- खानेपानी व्यवस्थापन समितिको लागि रु. ३५ लाख
- विधेयक समितिको लागि रु. २ लाख
- न्यायिक समितिको लागि रु. १० लाख
- शिक्षा/स्वास्थ्य तथा संस्कृति समितिको लागि रु. २ करोड ११ लाख

यसप्रकार रु. ८७ करोड ९३ लाख ८८ हजारको चालू खर्चलाई विनियोजन गरेका छौं भने ८५ करोड ४६ लाख १२ हजार रहेको पूँजीगत खर्चलाई पनि निम्न प्रकारले विनियोजन गरिएको अवगत गराउन चाहन्छु ।

**पूँजीगततर्फ**

१. ख्वप अस्पतालको लागि रु. १४ करोड
२. देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको लागि रु. २५ करोड
३. सवारी साधनको लागि रु. ७५ लाख
४. भवन खरीदको लागि रु. १ करोड
५. मेसिनरी तथा औजारको लागि रु. २ करोड
६. सरसफाइ संरचना निर्माणको लागि रु. १ करोड
७. अरनिको सभाभवनको लागि रु. १ करोड
८. आदर निकेतनको लागि रु. ५० लाख
९. बालउद्यान/बालग्रामको लागि रु. १० लाख
१०. जनज्योति पुस्तकालयको लागि रु. २५ लाख
११. छात्रवृत्ति तथा शैक्षिक ऋणको लागि रु. १ करोड ५५ लाख
१२. ख्वप विश्वविद्यालय तयारी समिति कार्य दल गठनको लागि रु. १० लाख
१३. भ.न.पा. क्षेत्रलाई सांस्कृतिक नगर घोषणा गर्न कार्यदल गठन गरिने छ । त्यसको लागि रु. १० लाख
१४. कडा रोग जस्तै : क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा मस्तिष्कघातजस्ता रोग लागेका नगरवासीहरूका लागि भक्तपुर नगरपालिकाले आर्थिक सहयोग गर्न रु. १० लाख

भक्तपुर नगरपालिकाको २०७४/०७५ को अनुमानित आय र २०७५/०७६ को अनुमानित आय

| क्र.सं. | *विवरण* | *२०७४/०७५ को* | जेठ महिनासम्मको | *२०७५/०७६ को* |
|---|---|---|---|---|
| क | *बाह्य श्रोत* | अनुमानित आय | आय | अनुमानित आय |
| १ | स:शर्त अनुदान | १९,७८,९५,०००।० | २३,५१,१६,०००।०० | २९,१०,००,०००।० |
| २ | नि:सर्त अनुदान (बित्तिय समानीकरण) | १७,८७,९५,०००।० | १७,८७,९५,०००।०० | २०,५१,००,०००।० |
| ३ | राजश्व बाँडफाँट | ०।०० | ०।०० | ७,२५,८३,०००।० |
| ४ | सामाजिक सुरक्षा भत्ता अनुदान | ११,०८,००,०००।० | ११,२६,६४,०००।०० | १२,५५,००,०००।० |
| ५ | प्रदेश अनुदान | ०।०० | ०।०० | ५,००,००,०००।०० |
| ६ | समपूरक अनुदान | ०।०० | ०।०० | ५०,००,०००।०० |
| ७ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय | ३०,००,०००।० | ०।०० | ०।० |
| ८ | मालपोत कार्यालय | ३०,००,०००।० | ५,९६,६९४।०० | ३०,००,०००।० |
| ९ | एल.जि.सी.डि.पि.अनुदान | ०।०० | १०,६०,०००।०० | १५,००,०००।०० |
| १० | ऋणबापत प्राप्त आय | ०।०० | १०,००,००,०००।०० | २२,८०,००,०००।० |
| ११ | सडक बोर्ड | ०।०० | २१,७७,१०४।०० | ७०,००,०००।० |
|  | बाह्य श्रोतको जम्मा | ४९,३४,९०,०००।० | ७३,०४,०८,७९८।०० | ९८,८६,८३,०००।० |
|  | *आन्तरिक श्रोत* |  |  |  |
| १ | पर्यटक सेवा शुल्क | २५,००,००,०००।० | २३,०६,०८,८४८।२६ | २८,००,००,०००।० |
| २ | जग्गा बिक्री | १०,००,००,०००।० | १०,५७,४९,९७३।०० | १५,००,००,०००।० |
| ३ | विभिन्न कर, दस्तुर, शुल्क | ७,२०,१०,०००।० | ६,९२,२४,०९०।७१ | ११,५३,१७,०००।० |
| ख | *आन्तरिक स्रोत जम्मा* | *४२,२०,१०,०००।०* | ४०,५५,८२,९११।९७ | ५४,५३,१७,०००।० |
|  | *क +ख को जम्मा* | *९१,५५,००,०००।०* | १,१३,५९,९१,७०९।९७ | १,५३,४०,००,०००।० |
| ग | *गत वर्षको मौज्दात बाँकी* | *१४,००,००,०००।०* | १२,४८,५३,२०१।५४ | २०,००,००,०००।० |
|  | *कुल जम्मा (क+ख+ग)* | *१,०५,५५,००,०००।०* | १,१६,०८,४४,९११।५१ | १,७३,४०,००,०००।० |



१५. खेल मैदान तथा कभर्ड हल निर्माण गर्न रु. १ करोड ५० लाख

१६. पर्यटकहरूको बसाइ लम्ब्याउन र सुविधाको लागि दरबार क्षेत्र, टौमढी र दत्तात्रय क्षेत्रमा सन्ध्याकालीन बत्तीको व्यवस्था गर्न रु. २५ लाख

१७. नगरका १० वटै वडाका योजनाहरूको लागि रु. ५ करोड

१८. २०७२ साल वैशाख १२, १३ र २९ गतेको भूकम्पबाट पूर्ण क्षति भएको दरवार क्षेत्रमा अवस्थित भ.न.पा.को भवन पुन:निर्माणको लागि अध्ययन/डिजाइनका कामहरू गर्न रु. १ करोड

१९. व्यवस्थित तरकारी बजारको लागि रु. १५ लाख

२०. भक्तपुरको सभ्यता र सौन्दर्यको रूपमा रहेको हनुमन्ते खोला र खासाङखुसुङ खोला सुधार गर्न जरुरी भएकोले र दुवै खोलाहरूको सुधारको लागि रु. ५५ लाख विनियोजन गरिएको छ।

२१. भनपा १ स्थित बहुउद्देश्यीय भवन निर्माणका लागि रु. १० लाख

२२. भक्तपुर साना औद्योगिक क्षेत्र हाल बस्तीको बीचमा परेकोले प्रदुषण कम गर्न यस क्षेत्रलाई पर्यटनकेन्द्रित हस्तकला औद्योगिक क्षेत्रको रूपमा विकास गर्न र प्रदर्शनी केन्द्र स्थापना गर्नका लागि रु. ५५ लाख विनियोजन गरिएको छ।

२३. भक्तपुर नगरलाई बटुवा मैत्री नगरमा पुन: रूपान्तरण गर्दै जान सबैभन्दा पहिला सवारी साधनहरूलाई व्यवस्थित गर्न नगरका विभिन्न ठाउँहरूमा पार्किङको साथसाथै ठाउँठाउँमा बस स्टप निर्माण गर्न रु. ५० लाख विनियोजन गरिएको छ।

२४. न.पा. क्षेत्रभित्र रहेका पर्ती जग्गाहरू संरक्षण गर्न अत्यावश्यक भइसकेकोले यसको लागि रु. २० लाख

२५. भक्तपुर नगर क्षेत्रलगायत देशभरका सूचना प्रवाह गर्न ख्वप एफ.एम. र ख्वप टेलिभिजन सञ्चालन गर्नुपर्ने आजको आवश्यकता हो। यसको निमित्त रु. ५० लाख विनियोजन गरिएको छ।

२६. परम्परागत शैलीका भवनहरूको स्वरूपलाई कायम राख्न नगरवासीको सुविधाको लागि परम्परागत शैलीमा घर निर्माण गर्न र स्लोप छाना निर्माणमा समेत सहुलियत उपलब्ध गरिएको र यसको निमित्त रु. १ करोड विनियोजन गरिएको छ।

२७. यी सम्पूर्ण पूँजीगत खर्चका योजनाहरू सँगसँगै आ.व. २०७४।०७५ को क्रमागत योजनाहरूको निरन्तरताको लागि रु. १६ करोड ७३ लाख ७९ हजार ६० रूपैयाँ विनियोजन गरिएको जानकारी दिन चाहन्छु।

उल्लेखित आयतर्फको आफ्नै स्रोतको अनुमान गर्ने सन्दर्भमा नगरवासीहरूको राय सुझाव तथा स्थानीय राजश्व परामर्श समितिको सिफारिश समेतलाई आधार मानी साविकका करका शीर्षकहरूमध्ये धेरैजसो यथावत राखी केही आवश्यक करका शीर्षकहरूको दर तथा दायरामा संशोधन तथा थप गर्ने प्रस्ताव गरेको छु। करको दर पुनरावलोकन गर्दा नगरवासीहरूलाई भार नपर्ने गरी सहुलियत र छुट दिन सकिने कुराहरूलाई पनि मध्यनजर राखिएको व्यहोरा अनुरोध गर्दछु।

# भनपाको तेस्रो नगरसभाको तेस्रो दिन (१३ असार)

भक्तपुर नगरपालिकाको असार १३ गते बसेको तेस्रो नगरसभा बैठकले विनियोजन विधेयक २०७५ र भक्तपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक २०७५ सर्वसम्मतिले पारित गऱ्यो।

बैठकमा विधायन समितिका सदस्य **रविन्द्र ज्याख्व**ले भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०७५, भक्तपुर नगरपालिकाको विनियोजन विधेयक २०७५ र भक्तपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक २०७५ सभामा प्रस्तुत गर्नुभयो।

भक्तपुर नपाको प्रशासकीय कार्यविधि नियमित विधेयकमाथि नगरसभासद् शिवप्रसाद वालाले बजेटसम्बन्धी केही जिज्ञासा राख्नुभयो। सभासद् **राजेन्द्र माक**ले विधेयकसम्बन्धी छलफलमा भाग लिंदै विधेयकमा उल्लेखित 'संविधान' भन्नाले 'नेपालको संविधान–२०७२' हुनुपर्ने विचार राख्नुभयो र पर्यटक चुहावट नियन्त्रणको लागि प्रवेशद्वारहरूमा सीसी क्यामेरा जडान, राती अबेर र बिहान सबेरै पनि पर्यटक काउण्टरहरूमा कर्मचारी व्यवस्थापन गर्नुपर्ने विचार राख्नुभयो।

भक्तपुर नपाको विनियोजन विधेयक २०७५ बारे छलफल कार्यक्रममा नगर सभासद् **सिद्धिराम अवाल**ले विधेयकको विनियोजन शीर्षकको उपदफा २ मा रकमान्तरण गर्दा बजेटको २० प्रतिशतमात्र गर्न सकिने व्यवस्था भएको तर व्यवहारमा बजेटका कुनै–कुनै शीर्षकहरू खर्च नै नहुने भएकोले १०० प्रतिशत रकमान्तरण गर्न आवश्यक व्यवस्था गर्नुपर्ने बताउनुभयो।

बैठकमा उपप्रमुख **रजनी जोशी**ले २०७५ असार १० गते सभामा प्रस्तुत गर्नुभएको आ.व. २०७५/०७६ को लागि नगरपालिकाको अनुमानित आय–व्ययसहित १ अर्ब ७३ करोड ४० लाख रूपैयाँ बराबरको बजेटमाथि छलफल गरियो।

बजेटसम्बन्धी छलफलमा भाग लिंदै नगर सभासद् **रञ्जना त्वाती**ले सन्तुलित विकासको लागि महिला सशक्तिकरणको लागि महिला नेतृत्व विकासको तालिम, महिलालाई व्यवसायिक रूपमा अगाडी ल्याउनको लागि र सहकारी संस्थाको व्यवस्थापनको लागि बजेट व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **विश्वराज शिल्पकार**ले छलफल कार्यक्रममा भाग लिंदै बजेटमा प्रगति विवरण प्रतिशत संशोधन गर्नुपर्ने, क्रमागत बजेटको शीर्षकहरू छुट्याई प्रष्ट पार्नुपर्ने र बहुउद्देश्यीय भवनको लागि गत वर्ष नै ९० लाख छुट्याएकोमा यो वर्ष १० लाख मात्र छुट्याएको विषय प्रष्ट पार्नुपर्ने विचार राख्नुभयो।

सभासद् **बलराम न्हिसुतु**ले नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरूमा बजेट नछुटिएको विषयमा स्पष्ट पार्नुपर्ने, युवा तथा खेलकुद विकासको लागि एकमुष्ट छुट्याएको बजेट विभिन्न उपशीर्षकहरूमा प्रष्ट रूपमा उल्लेख गर्नुपर्ने, हजाम पसलहरूको व्यवसाय कर वृद्धि गर्नुपर्ने, सार्वजनिक र पर्यटक शौचालयको लागि छुटाछुट्टै बजेट व्यवस्था गर्नुपर्ने र दाफा भजनको संरक्षणको लागि बजेट व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **पूर्णगोपाल राजचल**ले निर्माण समितिको लागि छुट्याएको १२ लाख बजेटले गर्ने कामहरू उल्लेख गर्नुपर्ने, खानेपानीको लागि छुट्याएको ३५ लाख बजेटले गर्ने मुख्य–मुख्य कामहरू उल्लेख हुनुपर्ने, कडा रोग लागेका नगरवासीहरूलाई दिइने सहयोग अपुग भएको र नीति तथा कार्यक्रममा निःशुल्क वाईफाई उल्लेख भएको तर बजेट विनियोजन नभएकोले बजेट व्यवस्था गर्नुपर्ने सुझाव प्रस्तुत गर्नुभयो।

सभासद् **श्यामसुन्दर माता**ले देको–मिवा–इतापाकेको आवास योजना समयमै सम्पन्न गर्न योजना कार्यालयले माग गरेबमोजिम यो वर्षको लागि रु. ५० करोड विनियोजन गर्नुपर्ने र क्रमागत बजेटमा गत वर्षको बजेट समावेश हुने/नहुने विषयमा जिज्ञासा राख्नुभयो।



बैठकमा भाग लिंदै श्याकृष्ण खत्री, हरिप्रसाद बासुकला, राजकृष्ण गोरा र कुमार चलाल

सभासद् **राजेन्द्र माक**ले छलफलमा भाग लिंदै भक्तपुरको खानेपानी समस्या समाधान गर्न रु. ३५ लाख बजेट अपुग भएका, भ्यु टावर र व्यापारिक भवन निर्माणको लागि बजेटको व्यवस्था गर्नुपर्ने, स्वीमिङ पुलसहितको मनोरञ्जन पार्क निर्माणको लागि बजेट छुट्याउनुपर्ने, गैर नगरवासी व्यापारीहरूसँग यथाशीघ्र कर संकलनको व्यवस्था गर्नुपर्ने र नगरको मौलिक उत्पादनहरू हाकुपटासी, तका तप्ली र पुटु म्हेचाजस्ता सामग्रीहरूको उद्योग नगरपालिका आफैले सञ्चालन गर्न बजेट छुट्याउनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले बजेटमा आन्तरिक आयस्रोत वृद्धि गर्न विशेष जोड दिनुपर्ने, चुलो कर प्रतिमहिना रु. ५० रूपैयाँ गर्नुपर्ने, सफाइ शुल्क वृद्धि गर्नुपर्ने, घरजग्गा मूल्याङ्कन कर स्थलगत निरीक्षण गरी निर्धारण र संकलन गर्नुपर्ने, भक्तपुर नपाले आफ्नै बहुउद्देश्यीय भवन निर्माण गरी आन्तरिक आय स्रोतको व्यवस्था गर्नुपर्ने, नगरको उत्तरी भेगको विकासको लागि योजना बनाई बजेट छुट्याउनुपर्ने, वडा बजेट वृद्धि गर्नुपर्ने, कडा रोग लागेका नगरवासीलाई प्रदान गर्ने सहयोग रकम वृद्धि गर्नुपर्नेलगायतका विचार प्रस्तुत गर्नुभयो ।

सभासद् **सिद्धिराम अवाल**ले बजेटसम्बन्धी छलफलमा भाग लिंदै पर्यटन शुल्क उठाउन सकिने जति मात्र प्रक्षेपण गर्नुपर्ने, कर संकलनलाई विशेष जोड दिनुपर्ने, सफाइ शुल्क वृद्धि गर्नुपर्ने, अरनिको सभाभवन निर्माणको लागि बजेट अपुग भएको र 'एक शहर एक पहिचान' अन्तर्गतको अनुदान सहयोग अरनिको सभाभवन निर्माणमा सदुपयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

नगर सभासद् **तुल्सीलक्ष्मी दुमरू**ले शहिद स्मृति उद्यानलाई बालउद्यानको रूपमा विकास गर्न र छाडा चौपाया नियन्त्रण गर्न बजेट व्यवस्था गर्नुपर्ने तथा वडाको सडक बत्ती मर्मत-सम्भारको लागि वडामै बजेट व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **शिवप्रसाद बाला**ले छलफलमा भाग लिंदै नगरमा बहालमा बस्नेहरूसँग पनि चुल्हो कर उठाउनुपर्ने, चुल्हो कर र बहाल कर उठाउन नगरवासीहरूलाई सुसूचित गर्नुपर्ने र नक्सा पास भएपछि दुई वर्षसम्म घरजग्गा कर छुट दिनुपर्ने बताउनुभयो ।

सभासद् **हरिरत्न गोर्खाली**ले बजेटमा व्यवस्था गरेको शीर्षकहरूको उपशीर्षकहरू समेत उल्लेख गरी प्रष्ट पार्नुपर्ने, चोर्चाको द्योछें जीर्णोद्धारको लागि बजेट व्यवस्था गर्नुपर्ने, खेल मैदान र कभर्ड हलको लागि विनियोजित रु. १ करोड ५० लाख अपर्याप्त भएकोले वृद्धि गर्नुपर्ने, खोला सुधारको बजेट वृद्धि गर्नुपर्ने, परम्परागत शैलीमा घर निर्माणमा प्रदान गरिने सहुलियत सदुपयोग हुनुपर्ने र हालको सफाइ कर प्रगतिशील भएकोले यथावत कायम राख्नुपर्ने बताउनुभयो ।

सभासद् **सूर्यप्रसाद श्रेष्ठ**ले पुल निर्माणको लागि बजेट छुट्याउनुपर्ने, वडा बजेट वृद्धि गर्नुपर्ने, वडाको राजश्व संकलन र भौगोलिक क्षेत्रको आधारमा वडास्तरीय बजेट विनियोजन गर्नुपर्ने, सृजना नगरको डुबान क्षेत्र सुधार गर्न तटबन्ध निर्माणको लागि बजेट व्यवस्था गर्नुपर्ने, सल्लाघारीको १०८ रोपनी जग्गा व्यवस्थित गर्न बजेट व्यवस्था गर्नुपर्ने, एउटै घरमा २-३ वटा चुल्हो बल्ने भएमा सोहीअनुसार चुल्हो कर लगाउनुपर्ने र अत्याधिक फोहोर गर्ने होटल, रेष्टुरेण्ट र मासु पसलहरूमा छुट्टै करको व्यवस्था गर्नुपर्ने विचार प्रस्तुत गर्नुभयो ।

सभासद् **गोविन्द दुवाल**ले कृषि विशेषज्ञको व्यवस्थाको लागि बजेट व्यवस्था गर्नुपर्ने, अरनिको सभाभवन निर्माणको लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने, नगरमा वितरण गर्ने खानेपानी फिल्टरको लागि बजेट व्यवस्था गर्नुपर्ने, बहाल कर प्रभावकारी रूपमा संकलन गर्न घरधनीलाई जवाफदेही बनाउनुपर्ने, परम्परागत शैलीमा घर निर्माण गर्ने घरधनीलाई दिइने सहुलियत व्यवहारिक बनाउनुपर्ने र घर पुनःनिर्माण गर्न नसक्ने गरिब भूकम्प पीडितहरूको लागि उचित सहयोगको व्यवस्था गर्न बजेट विनियोजन गर्नु उचित रहेको धारणा व्यक्त गर्नुभयो ।



बैठकमा भाग लिंदै प्रेमगोपाल कर्माचार्य, हरिराम सुवाल, उकेश कवां र महेन्द्र खायमली

# भनपाको तेस्रो नगरसभाको चौंथो दिन (१७ असार)

भक्तपुर नगरपालिकाको असार १७ बसेको तेस्रो नगरसभा बैठकले भक्तपुर नपाको आर्थिक विधेयक–२०७५ र स्थानीय राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि–२०७५ विधेयक सर्वसम्मतिले पारित गऱ्यो । बैठकमा भक्तपुर नपामा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि २०७५ विधेयक पेश गरियो ।

आर्थिक विधेयकअन्तर्गत घरजग्गा मूल्याङ्कन कर, भूमिसम्बन्धी कर (मालपोत कर), उद्योग–व्यवसाय कर, प्रतिचुलो सरसफाइ कर आदि रहेको उल्लेख गरेको छ । भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्षमा एकीकृत सम्पत्ति कर नलगाउने उल्लेख गरेको छ ।

स्थानीय राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि विधेयकमा स्थानीय राजपत्र प्रकाशन गर्दा विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिने व्यवस्था गरिएको, स्थानीय राजपत्र भक्तपुर नपाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुने र यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा 'आज्ञा' ले भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिने व्यवस्था समेत गरिएको छ । साथै कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगरपालिकाले गरेको व्याख्या नै अन्तिम हुने व्यवस्था कार्यविधिको १६ नं. मा गरिएको छ ।

भक्तपुर नपाको स्थानीय राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७५ को छलफल कार्यक्रममा नगर सभासद् **राजेन्द्र माक**ले राजपत्रमा १४ नं बुँदाको २ क र २ ख मा पृष्ठ उल्लेख भएकोबारे स्पष्ट पार्नुपर्ने र कार्यविधि र विधेयकहरू सभासद्हरूले अध्ययन गर्न समय पर्याप्त हुने गरी छलफल गर्नु भन्दा २-४ दिन अगाडी नै वितरण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नपाको आर्थिक विधेयक–२०७५ को छलफल कार्यक्रममा सभासद् **श्यामसुन्दर माता**ले विधेयकमा अनुसूची उल्लेख भएको तर वितरण नभएको, सम्पत्ति कर लागु गर्दा भूमि कर लिन नपाउने ऐनमा व्यवस्था भएकोले सो सम्बन्धी प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सभासद् **सिद्धिराम अवाल**ले छलफलमा भाग लिंदै अनुसुची उपलब्ध गराउनुपर्ने र प्रगतिशील कर प्रणाली लागु गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सभासद् **राजेन्द्र माक**ले प्राकृतिक दोहोनको करसम्बन्धी व्यवस्था सम्बन्धित नगर क्षेत्रमा दोहोन गर्ने प्राकृतिक वस्तुमा मात्र हो वा नगरबाट ढुवानी गर्ने प्राकृतिक वस्तुमा समेत कर लगाउन खोजेको स्पष्ट पार्नुपर्ने, पर्ति जग्गा बहाल कर वृद्धि गर्नुपर्ने र पर्ती जग्गा बहालमा बिचौलिया उन्मूलन गर्नुपर्ने, चौपाया बिक्री कर वृद्धि गर्नुपर्ने, एउटै घरमा एक भन्दा बढी चुल्हो भएमा सोहीअनुसार चुल्हो कर लिनुपर्ने, बहाल कर प्रतिकोठा प्रतिमहिना रु. ५० का दरले उठाउनुपर्ने, कर शीर्षकहरूमा पार्टी प्यालेस, सवारी प्रशिक्षण केन्द्र, सवारीसाधान मर्मत केन्द्र, गलैंचा उद्योग, थाङ्का पसल र इञ्जिनियरिङ केन्द्रहरूलाई पनि समावेश गरेर करको दायरामा ल्याउनुपर्ने, भक्तपुर नपा वडा नं ५ का सांस्कृतिक सम्पदाहरू संरक्षणको लागि बजेट व्यवस्था गर्नुपर्ने र माचो गणेश पाटी पुनः निर्माणको लागि आ.व. २०७५/७६ मा बजेट व्यवस्था गर्नुपर्नेलगायतका सुझाव प्रस्तुत गर्नुभयो ।

सभासद् **बलराम न्हिसुतु**ले नपाको पसल कवलहरू बहालमा लिई बस्नेसँग पनि बहाल कर लिनुपर्ने र बिटौरी शब्दको अर्थ प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सभासद् **हरिरत्न गोर्खाली**ले सम्बन्धित अनुसूची वितरण गर्नुपर्ने, प्रगतिशील कर प्रणाली लागु गर्नुपर्ने, दैनिक साग–सब्जी कर संकलन गर्न नहुने, तरकारी बजारको व्यवस्था भएपछि मात्रै दैनिक साग–सब्जी कर लगाउनुपर्ने, नाङ्ग्लो पसल कर साबिकलाई नै यथावत् राख्नुपर्ने र फलफूल तथा




बैठकमा भाग लिंदै रविन्द्र ज्याख्व, लक्ष्मीप्रसाद ह्यौमिखा, रोशन मैंया सुवाल र सरिना घोला



तरकारी पसलको कर ५० प्रतिशत कम गर्नुपर्ने विचार राख्नुभयो।

सभासद् **गोबिन्द दुवाल**ले आर्थिक विधेयकमाथिको छलफलमा भाग लिंदै दैनिक साग-सब्जी कर लिन नहुने र सम्पत्ति कर घरजग्गा बाहेक सुन-चाँदी-हिरा-मोति, बैंक मौज्दात र नगद मौज्दातजस्ता तरल सम्पत्तिमा पनि लगाउनुपर्नेमा जोड दिनुभयो।

बैठकमा विधायन समितिका संयोजक **हरिराम सुवाल**ले विधेयक छलफल कार्यक्रममा प्रस्तुत जिज्ञासाबारे प्रस्ट पार्नुभएको थियो।

## समितिहरूको प्रगति प्रतिवेदन

बैठकमा भक्तपुर नपा कार्यपालिकाका विभिन्न विषयगत समितिहरूले प्रगति प्रतिवेदनहरू पेश गरेका थिए।

भक्तपुर नपाको आर्थिक समितिको प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक समितिका सदस्य **लक्ष्मीप्रसाद ह्यौमिखा**ले सभामा आर्थिक समितिले यस चालु आवमा सम्पन्न गरेका मुख्य-मुख्य कार्यक्रम र योजनाहरूको जानकारी गराउँदै आ.व. २०७५/७६ को लागि विभिन्न योजना र कार्यक्रमहरू प्रस्तुत गर्नुभयो।

युवा तथा खेलकुद समितिको प्रतिवेदन प्रस्तुत गर्दै समितिका अध्यक्ष **श्यामकृष्ण खत्री**ले चालु आ.व. २०७४/७५ को प्रगति विवरण प्रस्तुत गर्दै सभामा समितिसँग सम्बन्धित जिज्ञासाहरूबारे प्रस्ट पार्नुभयो। आ.व. २०७५/७६ को लागि समितिको योजना कार्यक्रम र आवश्यक बजेट विवरण प्रस्तुत गर्नुभयो।

शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका अध्यक्ष **रविन्द्र ज्याख्व**ले सभामा समितिको चालु आ.व.को प्रगति समीक्षा प्रस्तुत गर्दै आ.व. २०७५/७६ को योजना, कार्यक्रम र बजेट प्रस्तुत गर्नुभयो।

सभामा न्यायिक समितिको प्रतिवेदन पेश गर्दै उपप्रमुख **रजनी जोशी**ले समितिको चालु आ.व.को प्रगति विवरण पेश गर्दै आ.व. २०७५/७६ को योजना तथा कार्यक्रमहरूको विवरणहरू प्रस्तुत गर्नुभयो।

महिला बालबालिका र समाज कल्याण समितिको प्रतिवेदन प्रस्तुत गर्दै समितिका अध्यक्ष **रोशनमैया सुवाल**ले गएको नगरसभामा यस चालु आ.व.को अघिल्लो ६ महिनाको प्रतिवेदन प्रस्तुत गरिसकेको स्मरण गर्दै पछिल्लो ६ महिनाको प्रगति विवरण पेश गर्दै आ.व. २०७५/७६ को लागि योजना तथा कार्यक्रम र आवश्यक बजेटसम्बन्धी विवरण प्रस्तुत गर्नुभयो।






बैठकमा भाग लिंदै बलराम न्हिसुतु, विश्वराज शिल्पकार, ज्ञानकुमार मगजु र हरिरत्न गोर्खाली

# भनपाको तेस्रो नगरसभाको पाँचौं दिन (२० असार)

भक्तपुर नगरपालिकाको तेस्रो नगरसभाको बैठक असार २० गते बस्यो। बैठकले भक्तपुर नगरपालिकामा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि–२०७५ माथि छलफल गरी पारित गरियो।

छलफलमा भाग लिंदै सभासद् **विश्वराज शिल्पकार**ले उपभोक्ता समितिमार्फत् विकास निर्माणको कार्य गर्दा पेश्की फछ्र्यौटको क्रममा बील भर्पाईको भुक्तानी गर्दा १.५ प्रतिशत टि.डि.एस. कर कट्टी गर्ने व्यवस्थाबारे उपभोक्ता समितिलाई जानकारी गराई सोहीअनुसार व्यवस्था गराउनु आवश्यक रहेको बताउनुभयो।

सभासद् **सिद्धिराम अवाल**ले अनुगमन समितिका सदस्यलाई पनि उपभोक्ता समितिमा सदस्य राख्नुपर्ने र उपभोक्ता समितिले काम गर्ने र निकासा लिनेसम्बन्धी जानकारी अनुगमन समितिलाई गराउनुपर्ने सुझाव दिनुभयो।

सभासद् **इन्द्रबहादुर प्याथ**ले उपभोक्ता समितिबाट खाता सञ्चालन गर्दा खाताको साथै चेक सञ्चालन पनि उल्लेख हुनुपर्ने, भ्याटमा दर्ता भएको पसलबाट सामान खरिद गर्ने व्यवस्था गर्नुपर्ने, टि.डि.एस. १.५ प्रतिशत कर कट्टीको पूर्वजानकारी गराउनुपर्ने सुझाव दिनुभयो।

सभासद् **हरिरत्न गोर्खाली**ले उपभोक्ता समिति गठन प्रक्रियालाई सरल बनाउनुपर्ने, टि.डि.एस. १.५ प्रतिशत थप राखी बील बनाउन नैतिक रूपले नमिल्ने भएकोले यसको वैकल्पिक व्यवस्था गर्नुपर्ने, दफा १२ 'च' को बीमा गर्ने सम्बन्धमा प्रष्ट व्यवस्था गर्नुपर्ने र उपभोक्ता समितिमा एकै परिवारका एकजना भन्दा बढी सदस्य बस्न नमिल्ने व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **राजेन्द्र माक**ले दफा ४ 'च' मा 'समावेशी र सम्भव भएसम्म' भन्ने वाक्यांश प्रयोग भएको र यी दुई वाक्यांशहरू एक आपसमा बाँझिने जस्तो देखिएकोले प्रष्ट पार्नुपर्ने, दफा ५ मा मानसिक सन्तुलन कायम भएको र नैतिक पतन नभएको थप्नुपर्ने, सुरु पेश्की ५० प्रतिशत गर्नुपर्ने, उपभोक्ता समिति गठन र सहभागितामा प्रेरित गर्न आवश्यक व्यवस्था गर्नुपर्ने र पेश्की फछ्र्यौटको लागि सम्बन्धित कर्मचारीहरूबाट सहयोगको वातावरण बनाउन आवश्यक व्यवस्था मिलाउनुपर्ने धारणा राख्नुभयो।

सभासद् **श्यामसुन्दर माता**ले भ्याटले गर्दा निर्माण सामग्री खरिद गर्न र मूल्य समायोजन गर्न कठीनाई भएकोले यसको सम्बोधन गर्नुपर्ने, पहिलो पेश्की ३३ प्रतिशतबाट वृद्धि गर्नुपर्ने, उपभोक्ता समितिको कार्य प्रक्रिया र विधि सरल बनाउनुपर्ने, डकर्मी र ज्यामीको ज्याला दर बजारको प्रचलित दरअनुसार समायोजन गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **पूर्णगोपाल राजचल**ले उपभोक्ता समितिलाई सहज हुने गरी आवश्यक प्राविधिक खटाउनुपर्ने, सुरु पेश्की वृद्धि गर्नुपर्ने विचार प्रस्तुत गर्नुभयो।

सभासद् **बलराम न्हिसुतु**ले ज्याला दर समायोजन गर्नुपर्ने, प्राविधिक कर्मचारीबाट सहयोगको वातावरण मिलाउनुपर्ने र पेश्की फछ्र्यौट गर्नु अगाडि बील भर्पाई सुरक्षित राख्न कर्मचारीलाई पनि जिम्मेवार बनाउनुपर्ने बताउनुभयो।

सभासद् **रञ्जना त्वाती**ले उपभोक्ता समितिमा महिला सहभागिता ५० प्रतिशत पुऱ्याउनुपर्ने, खाता सञ्चालन गर्न महिला अनिवार्य हुनुपर्ने, अनुगमन समितिमा महिला सहभागिता अनिवार्य गर्नुपर्ने र सभासद् परिचय पत्रको म्याद सकिने मिति उल्लेख हुनुपर्ने सुझाव दिनुभयो।

छलफलमा भाग लिंदै सभासद् **गोबिन्द दुवाल**ले उपभोक्ता समितिमा महिला सहभागिता वृद्धि गर्नुपर्ने, ज्यालादर समायोजन गर्नुपर्ने, सिद्धान्त र व्यवहारको भिन्नता सम्बोधन गर्नुपर्ने, अनुगमन समिति अधिकार सम्पन्न बनाउनुपर्ने, दफा ११ को ८ मा उपभोक्ता समितिले प्राविधिक समिति गठन गर्न सकिने व्यवस्थालाई हटाई प्राविधिक सहयोग नपाबाटै उपलब्ध गराउनुपर्ने, निर्माणको गुणस्तर सुनिश्चित गर्ने जिम्मा प्राविधिकलाई मात्र दिनुपर्ने, निर्माण समाग्रीको गुणस्तर परीक्षणको व्यवस्था गर्नुपर्ने र निर्माण सामाग्रीको मूल्य समायोजन गर्नुपर्ने सुझाव दिनुभयो।

सभाको बुधबार बसेको बैठकमा विभिन्न समितिहरू तथा वडा कार्यालयहरूको प्रतिवेदन प्रस्तुत गरियो।



बैठकमा भाग लिंदै पञ्चलक्ष्मी दुवाल, हेरा ख्याजु, जितेन्द्र मुनंकर्मी र रञ्जना त्वाती

# भनपाको तेस्रो नगरसभाको छैटौं दिन (२४ असार)

भक्तपुर नगरपालिकाको तेस्रो नगरसभाको बैठक असार २४ गते बस्यो। बैठकले भक्तपुर नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक – २०७५ र भक्तपुर नगरपालिका काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी कार्यविधि–२०७५ माथि छलफल गरी सर्वसम्मतिले पारित गऱ्यो। सो बैठकमा भक्तपुर नपामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ पेश गरियो।

विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयकमा नगरसभासद् **राजेन्द्र माक**ले विपद जोखिम न्युनीकरण र व्यवस्थापन गर्न बनेको समितिमा नगरका वडाअध्यक्षहरू प्रदेश सभाका सदस्यहरू पदेन सदस्य बनाउनुपर्ने, विधेयकको मुद्रा राक्षस सच्याउनुपर्ने, विपद् व्यवस्थापन अभ्यास गर्ने ठाउँ किटान हुनुपर्ने, दफा ६ को २ ङ मा हुने सामुदायिक विद्यालयबाट १ र संस्थागत विद्यालयबाट १ जना थप्नुपर्ने, वडामा क्रियाशील राजनैतिक दलको प्रतिनिधि १ थप्नुपर्ने, नगरका सबै वडाहरूमा विपद् व्यवस्थापन औजारहरू व्यवस्थापन गर्नुपर्ने, नयाँ विपद् व्यवस्थापन खाता सञ्चालन गर्नुपर्ने र विपद्को बेलामा राहत वितरण गर्ने संघ–संस्थाहरूको नियमन गर्नुपर्ने बताउनुभयो।

सभासद् **हरिरत्न गोर्खाली**ले यस विधेयकमा सजायको व्यवस्था जोखिमपूर्ण रहेको, दफा १० को 'घ' र 'छ' मध्ये एउटै मात्र उपदफा राख्नु उपयुक्त हुने र सवारी साधनबाट हुने जोखिम नियन्त्रणको पनि व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले विधेयकमा वडागतको ठाउँमा विषयगत उल्लेख गर्नुपर्ने बताउनुभयो।

सभासद् **सिद्धिराम अवाल**ले परिच्छेद ४ दफा ११ मा 'आर्थिक सहयोग गर्ने' थप्नुपर्ने, परिच्छेद २ दफा ३ मा 'वडा सदस्यहरू' पनि थप्नुपर्ने र 'व्यवस्था गर्न सकिनेछ' थप्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **ज्ञानकुमार मगजु**ले विधेयकमा भुस्याहा कुकुरको आतङ्क पनि थप्नुपर्ने, टोल–टोलमा खतराको सूचना दिन घण्टीको व्यवस्था गर्नुपर्ने र विपद् अभ्यास व्यवहारिक हुनु पर्ने सुझाव दिनुभयो।

भक्तपुर नगरपालिका काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी कार्यविधिमा सभासद् **बलराम न्हिसुतु**ले कार्यविधिको १.५.१ मा नाप–जाँच गरेर अनुदान दिने थप्नुपर्ने र घर निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त गर्ने प्रक्रिया सरल बनाउनुपर्ने विचार राख्नुभयो।

सभासद् **सिद्धिराम अवाल**ले कार्यविधिमा दाचि इँटा र बुट्टा इँटा उल्लेख भएको, लोकल इँटा र चाईनिज इँटालाई अनुदान दिने विषय प्रष्ट उल्लेख नभएकोले प्रष्ट पार्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **इन्द्रबहादुर प्याथ**ले दफा १.५.१ मा अनुदान दिने साधनहरूको न्युनत्तम दररेट प्रष्ट पार्नुपर्ने र अनुसूची २ मा बरण्दा खण्ड उल्लेख गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **श्यामसुन्दर मातां**ले कार्यविधिमा पुरानो नगर क्षेत्रको प्रष्ट व्यवस्था गर्नुपर्ने र एक भन्दा बढी मोहदा भएका घरलाई अनुदान दिने विषयमा प्रष्टसँग उल्लेख गर्नुपर्ने सुझाव दिनुभयो।

कार्यविधिको छलफलमा भाग लिँदै सभासद् **राजेन्द्र माक**ले दफा १.५.१ को अनुदान ३५ प्रतिशतलाई परिमार्जन गरी ४० प्रतिशत गर्नुपर्ने, मोहदाको लोकल इँटा र चाइनिज इँटालाई पनि अनुदान दिने थप्नुपर्ने र सिमेण्ट स्लोप बनाई झिंगटी बुट्टा कोरेर घर बनाउनेलाई अनुदान दिन सकिने वा नसकिने प्रष्ट पार्नुपर्ने विचार राख्नुभयो।

सभासद् **गोबिन्द दुवाल**ले कार्यविधिमा गरिबहरूलाई अनुदान दिनेमा पहिलो प्राथमिकता दिने व्यवस्था गर्नुपर्ने, माटो जोडाईको घरको लागि पनि अनुदान दिने व्यवस्था गर्नुपर्ने र काँचो इँटाबाट पनि घर निर्माण गर्न उत्साहित गरी अनुमति दिनुपर्ने सुझाव दिनुभयो।



बैठकमा भाग लिंदै इन्द्रबहादुर प्याठ, कृष्णगोपाल घुस्याबाग, पूर्णगोपाल राजचल र राजेन्द्र माक



बैठकको विशेष समयको छलफलमा भाग लिंदै सभासद् **जितेन्द्र मुनंकर्मी**ले भक्तपुर कमलविनायकको दक्षिण भेगमा ढुंगा छपाईको लागि ७० प्रतिशत नगरपालिकाले व्यहोर्ने र ३० प्रतिशत कमलविनायक सुधार समितिले व्यहोर्ने गरी बजेटको व्यवस्था गर्नुपर्ने, कमलविनायक पोखरी, भाजु पोखरी र सिद्ध पोखरीलाई व्यवसायिक प्रायोजनमा ल्याउनुपर्ने विचार व्यक्त गर्दै कमलविनायक सुधार समितिको विभिन्न पारदर्शी गतिविधिहरूको जानकारी गराउनुभयो।

सभासद् **इन्द्रबहादुर प्याथ**ले विशेष समयमा बोल्दै व्यापारिक पसलहरू दर्ता गर्न आवश्यक विभिन्न शीर्षकहरूको व्यवस्था गर्नुपर्ने, वडामा थप कर्मचारी व्यवस्था गर्नुपर्ने, नक्सा संशोधन गर्दा वडा कार्यालयलाई पनि जानकारी गराउनुपर्ने सुझाव दिनुभयो।

विशेष समयको छलफलमा भाग लिंदै **सभासद् पूर्णगोपाल राजचल**ले हकर्ष नियन्त्रण गर्नुपर्ने, भगवती स्थानको पसलहरूलाई करको दायरमा ल्याउनुपर्ने, टौमढीस्थित तीलमाधवनारयण चोकको दक्षिणाको मठ यथाशीघ्र पुनः निर्माण गर्नुपर्ने, नक्सा पास प्रक्रिया सरल बनाउनुपर्ने र साकोथास्थित ऐतिहासिक भवनमा सफु कोठा पुनः सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **हेरा ख्याजु**ले विशेष समयमा बोल्दै झर्तिलाको पर्ती जग्गा संरक्षण र सदुपयोगको व्यवस्था गर्नुपर्ने र कमल विनायक आवास क्षेत्रको खानेपानी कोषको सदुपयोग गर्नुपर्ने विचार राख्नुभयो।

सभासद् **बलराम न्हिसुतु**ले लालपुर्जा नभएका भूकम्प पीडितहरूको समस्या समाधान गर्न स्ववासी दर्ता वा अन्य व्यवस्था गर्नुपर्ने, २ वटा वडाहरूको सिमानामा रहेका बेवास्ता गरी छोडिएका स्थानहरूको विकास र सदुपयोगको लागि विशेष व्यवस्था गर्नुपर्ने र नगरका व्यापारिक पसलहरूलाई नगरपालिकामा दर्ता गराई करको दायरामा ल्याउउनु उपयुक्त हुने बताउनुभयो।

सभासद् **हरिरत्न गोर्खाली**ले नपाबाट प्रदान गर्ने सेवा र सुविधा सरल र सहज हुनुपर्ने, कर्मचारीहरूलाई शिष्ट बनाउनुपर्ने, कर्तव्यविमुख, अमर्यादित र अनुशासनहीन कर्मचारीलाई कारबाही हुनुपर्ने, नक्सा पास प्रक्रिया सरल बनाउनुपर्ने, महेश्वरी स्थानको कम्पोष्ट प्लान्ट स्थानान्तरण गर्नुपर्ने, सहकारी ऐनमा जगेडा कोषको व्यवस्थापनको लागि आवश्यक पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

सभासद् **गोबिन्द दुवाल**ले नगरको खानेपानी समस्या समाधानको लागि विशेष पहल गर्नुपर्ने, भुस्याहा कुकुर नियन्त्रण गर्नुपर्ने, घाटहरू व्यवस्थित गर्नुपर्ने, च्याह्मासिंहस्थित जनस्वास्थ्यको आकस्मिक कक्ष वातानुकूल बनाउनुपर्ने र पर्यटक शौचालयहरू यथाशीघ्र निर्माण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

सभासद् **राजेन्द्र माक**ले लालपूर्जा नभएका भूकम्प पीडितहरूको समस्या सम्बोधन गर्नुपर्ने, हनुमन्ते खोला छेउमा भइरहेको ढल बिछ्याउने कार्यको गुनासो सम्बोधन गर्नुपर्ने, ४ नं. वडाको शिशुस्याहार भवन निर्माण कार्य ढिलाई नगरी यथाशीघ्र सुरु गर्नुपर्ने र घरजग्गा करसम्बन्धी नगरवासीहरूमा रहेका भ्रमलाई समयमै प्रष्ट पार्नुपर्ने विचार राख्नुभयो।



बैठकमा भाग लिंदै रत्नकाजी नायभारी, सूर्यप्रसाद श्रेष्ठ, सम्झना खाइजु र गोबिन्द दुवाल

# भनपाको तेस्रो नगरसभाको सातौं दिन (२७ असार)

भक्तपुर नगरपालिकाको तेस्रो नगरसभा असार २७ गते बस्यो। सभाले भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि–२०७५ माथि नगर सभासद्बीच छलफल गरी सर्वसम्मतिले पारित गर्यो।

भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधि २०७५ को छलफलमा नगर सभासद् जितेन्द्र मुनंकर्मीले दफा ४ मा व्यवस्था भएको कर्मचारीको शैक्षिक योग्यताको मूल्याङ्कन अंक बढुवाको प्रयोजनलाई प्रयोग हुने स्मरण गर्दै अंकभार शैक्षिक योग्यताको तहको अधारमा मूल्यांकन गर्नुपर्ने र सेवा करारमा नियुक्तिको लागि यो मूल्यांकन प्रक्रिया व्यवहारिक नभएको विचार राख्नुभयो।

सभासद् **गोबिन्द दुवाल**ले कार्यविधिका साथै नगरपालिकामा हाल स्वीकृत दरबन्दीबारे पनि सभालाई जानकारी गराउनुपर्ने र बहाल कर संकलन गर्न घरदैलो जाने कर्मचारी पनि करारबाट व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो।

असार २७ गते पारित भएको सो कार्यविधिमा प्राविधिक कार्य (इञ्जिनियरिङ, स्वास्थ्य तथा पशु चिकित्सालगायतका अन्य क्षेत्र) को लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाइसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्ने व्यवस्था उल्लेख गरिएको छ। कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी बनेको कार्यविधि पारित गर्नु अघि त्यसबारे दफाबार छलफल गरिएको थियो।

सभामा भक्तपुर नगरपालिकामा न्यायिक समितिले उजुरी कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा बनेको विधेयक २०७५ पेश गरेको छ।

भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिले स्थानीय सरकारमा नगरपालिकालाई धेरै जिम्मेवारी थपिएको जानकारी दिंदै जनप्रतिनिधिहरूले आफ्नो जिम्मेवारी आत्मसात गर्दै जनताको सेवा गर्नुपर्ने धारणा राख्नुभयो। भक्तपुर नगरपालिकाले नमुना नगरको रूपमा विकास गर्छु भन्नुको तात्पर्य नगरको सन्तुलित विकास गर्नु रहेको औंल्याउनुभयो।

बजेट विनियोजनसम्बन्धी छलफलमा भाग लिंदै सभासद् **हेरा ख्याजु**ले नगरस्तरीय योजनाअन्तर्गत लिवाली, कमलविनायक र सिर्जना नगरमा बाटो पीच गर्न विनियोजन गरेको विधेयक अपुग भएको, कमलविनायक पोखरी परिसरमा ढुंगा छपाईको लागि बजेट विनियोजन गर्नुपर्ने र महेश्वरी पीठ क्षेत्र व्यवस्थापनको लागि बजेट विनियोजन गर्नुपर्ने विचार राख्नुभयो।

साभासद् **जितेन्द्र मुनंकर्मी**ले बजेट विनियोजन छलफलमा भाग लिंदै वडा बजेट रु. ५० लाख अपुग भएको, शिक्षाको बजेटमा कार्यरत कर्मचारीहरूलाई उच्च शिक्षा हासिल गर्न छात्रवृत्तिको लागि बजेट छुट्याउनुपर्ने र यसको लागि आवश्यक नीति निर्माण गर्नुपर्ने, युवा तथा खेलकुदको बजेटमा थप बजेट व्यवस्था गरी योग र ध्यानकेन्द्रको लागि पनि बजेट विनियोजन गर्नुपर्ने  र आन्तरिक स्रोत व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो।

छलफलमा भाग लिंदै सभासद् **शिवप्रासद वाला**ले महेश्वरीदेखि पसिखेलसम्मको पीच बाटो मर्मतको लागि छुट्याइएको रु. १० लाख रकमलाई थुसाचाको बाटो ढुंगा छपाईमा रकमान्तरण गर्नुपर्ने, सम्पदा संरक्षणका साथै विस्तारित नगर क्षेत्रमा सडक, ढल र सडक पेटी निर्माणको लागि पनि बजेट विनियोजन गर्नुपर्ने र पेश्की फछ्र्यौट पत्र तीन पुस्ते उल्लेख गरेर तयार पार्नुपर्ने सुझाव दिनुभयो।

बजेट विनियोजन छलफलमा भाग लिंदै सभासद् **श्यासुन्दर मातां**ले बक्सिङ हल निर्माणको लागि बजेट विनियोजन गर्नुपर्ने तापालाछि चोकमा ढुंगा छपाईको लागि बजेट विनियोजन गर्नुपर्ने, योजनाहरूको स्तर निर्धारण व्यवहारिक हुनुपर्ने र ताईचि खेललाई पनि बजेट विनियोजन गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **विश्वराज शिल्पकार**ले रानीपोखरी र न्हुपुखु व्यवस्थापनको लागि बजेट विनियोजन गर्नुपर्ने, नगरको पश्चिमी भेगमा पनि जनस्वास्थ्य केन्द्र सञ्चालन गर्नुपर्ने र






बैठकमा भाग लिंदै सिद्धिराम अवाल, शिवप्रसाद बाला, श्यामसुन्दर मातां र तुल्सीलक्ष्मी दुमरू

वडा बजेट वडाको कार्य क्षेत्र भौगोलिक क्षेत्रफल र जनसंख्याको आधारमा निर्धारण गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **ज्ञानकुमार मगजु**ले भक्तपुर नपा १० को उत्तरी भेगमा बाटो र ढलको व्यवस्था गर्न बजेट व्यवस्था गर्नुपर्ने, खानेपानी वितरण कहाँ कहाँ गर्ने ठाउँ किटान गर्नुपर्ने, यस वर्ष पुरानो नगर क्षेत्रभित्र कहाँ कहाँ र कति तार र केबुलहरू भूमिगत गर्ने प्रष्ट पार्नुपर्ने र कमलविनायक आवास योजनाको खानेपानी कोषको सदुपयोग गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **इन्द्रबहादुर प्याथ**ले शिशु स्याहार केन्द्रहरूमा नेपालभाषाका कक्षा सञ्चालन गर्नुपर्ने, नगरका सबै वडाहरूमा शिशुस्याहार सञ्चालन गर्नुपर्ने, नगरपालिकाले निर्माण गरेका भवनहरूको बीमा गराउनुपर्ने र निर्माण कार्यमा संलग्न कामदारहरूको बीमा गर्नुपर्ने, ढुंगाको अभावमा ढुंगा छपाई कार्य ढिला भएकोले यसको व्यवस्थापन गर्नुपर्ने र भवन खरिदको लागि छुट्याइएको बजेट कस्तो र कहाँ भवन खरिद गर्ने भन्ने बारे स्पष्ट उल्लेख गर्नुपर्ने विचार राख्नुभयो ।

सभासद् **राजेन्द्र माक**ले माचो गणेशको पाटी पुनः निर्माणको लागि बजेट विनियोजन गर्नुपर्ने, हाडा छें व्यवस्थापनका साथै १-२ तल्ला भए पनि पुनः निर्माणको लागि बजेट छुट्याउनुपर्ने, नगरपालिकाबाट पुनः निर्माण र मर्मत सम्भार गरिएका सम्पदाहरूको सदुपयोगको लागि आवश्यक योजना बनाई सम्पदा उपयोग गर्नुपर्ने र भक्तपुर गःहिटीस्थित लक्ष्मीनरसिंह पुनः निर्माणको लागि बजेट विनियोजन गर्नुपर्ने सुझाव दिनुभयो ।

विशेष समयमा बोल्दै सभासद् **सिद्धिराम अवाल**ले बधशालाको लागि बजेट व्यवस्था गर्नुपर्ने, गत वर्षका बाँकी योजना र कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने र जनप्रतिनिधि बहाली भएको अनुभव हुने गरी नगरपालिकाले कार्य गर्नुपर्ने विचार राख्नुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले विशेष समयमा बोल्दै भक्तपुर नपा वडा नं १० को रिसाईक्लिङ भवनको परिसरको पर्खाल पुनः निर्माण गर्नुपर्ने, प्रत्येक वडामा शिशुस्याहार सञ्चालन गर्नुपर्ने, रिसाईक्लिङ परिसरको ८ आना जग्गामा शिशु स्याहार वा आदर निकेतन भवन वा १० नं. वडा कार्यालय भवन निर्माण गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **हेरा ख्याजु**ले मापदण्डमा परेका जग्गाको लगत कट्टा गरी मात्र मालपोत लिनुपर्ने र नगरपालिकाले आवश्यक अनुगमन गरी सार्वजनिक खुल्ला ठाउँ र पर्ती जग्गा संरक्षण गर्नु पर्ने सुझाव दिनुभयो ।

सभासद् **हरिरत्न गोर्खाली**ले विशेष समयको बैठकमा भाग लिंदै तुमचो दुगुरे आवास योजनामा निर्माण भइरहेको बाटो पीच गर्ने कार्यबारे प्रष्ट पार्नुपर्ने, सोही आवास क्षेत्रको बाटोहरू यथाशीघ्र व्यवस्थित गर्नुपर्ने, देको मिवा इतापाको आवास योजनाको कार्य तीव्र रूपमा गरी समयमै योजना सम्पन्न गर्नुपर्ने र भक्तपुर नगरपालिकाको कार्यालय वरपरको पार्किङ व्यवस्थित गर्नुपर्ने विचार राख्नुभयो ।

सभासद् **शिवप्रसाद वाला**ले नगरपालिकामा लामो समयदेखि कार्यरत कर्मचारीहरूको बढुवा गर्नुपर्ने, पत्रिकामा प्रकाशित घरजग्गा कर छुट व्यवस्था सम्बन्धी सूचनाबारे प्रष्ट पार्नुपर्ने, सभामा वितरित विधेयक र कार्यविधिहरूको आधिकारिकताको लागि सम्बन्धित पदाधिकारीहरूले प्रमाणित गर्नुपर्ने बताउनुभयो ।

सभासद् **पूर्णगोपाल राजचल**ले भक्तपुर नपा ५ स्थित क्वाछेंदेखि गलसी पुखुसम्मका लालपूर्जा नभएका भूकम्प पीडितहरूको समस्या समाधान गर्न विशेष व्यवस्था गर्नुपर्ने, भगवतीस्थानका ढुंगेधारा वरपर प्रहरी बिट स्थापना गर्नुपर्ने र पाँचतले मन्दिर पछाडीको भैरवनाथको रथको काठ व्यवस्थित गर्नुपर्ने विचार राख्नुभयो ।

सभासद् **बलराम न्हिसुतु**ले हाल भलिबल प्रशिक्षक एकजना मात्र रहेकोले थप नयाँ एकजना भलिबल प्रशिक्षक नियुक्ति गर्नुपर्ने, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका नगरका खेलाडीहरूलाई उच्च शिक्षाको लागि छात्रवृत्ति प्रदान गर्नुपर्ने, क्रमागत योजनाको लागि बजेट व्यवस्था गर्नुपर्ने र लालपूर्जा नभएका भूकम्प पीडितहरूको समस्या समाधान गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने सुझाव दिनुभयो ।



बैठकमा भाग लिंदै कृष्णगोपाल चौगुठी, राजकुमार शिल्पकार र मंगललक्ष्मी शाही

सभासद् **तुल्सीलक्ष्मी बाटी**ले नगरका विभिन्न ठाउँहरूको स्थानीय नाम लोप हुँदै गरेको चिन्ता व्यक्त गर्दै परम्परागत स्थानीय मौलिक भाषाको टोल र ठाउँको नाम प्रचलनमा ल्याउन आवश्यक व्यवस्था गर्नुपर्ने, नक्शा पास



नगरसभामा भाग लिंदै नगरसभासद्‌हरू

पर्खाल हटाउनुपर्ने, वडाको जनगुनासो वडामै सम्बोधन गर्न वडा निरीक्षकलाई वडा कार्यालयमा रिपोर्टिङ गर्ने व्यवस्था मिलाउनुपर्ने, बाराही घाट नजिकको फोहोर व्यवस्थापन गर्नुपर्ने, नगरभित्रका असुरक्षित तार र केबुलहरू व्यवस्थित गर्नुपर्ने, नगरको पुरानो क्षेत्रमा ट्रिपर र ट्रकजस्ता ठूला-ठूला सवारी साधन प्रवेश निषेधको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **राजकुमार शिल्पकार**ले भक्तपुर नपा वडा नं ३ का विभिन्न सांस्कृतिक सम्पदाहरूको संरक्षणको लागि बजेट व्यवस्था गर्नुपर्ने, बाराही स्थानबाट घलाटे जाने बाटो व्यवस्थित गर्न बजेट व्यवस्था गर्नुपर्ने र राम मन्दिरको उकालोमा सिमेन्टको ब्लकबाट बाटो छापिएको बेमेल देखिएको जनगुनासो रहेको विचार व्यक्त गर्नुभयो ।

प्रक्रिया सरल बनाउनुपर्ने, भक्तपुर नपा २ ईंटाछें क्षेत्रको खानेपानी समस्या समाधान गर्नुपर्ने, देको मिवा इतापाको आवास योजनाको निर्माण कार्य तीव्र रूपमा सम्पन्न गर्नुपर्ने, आकासे पानी व्यवस्थापनको लागि पानी पास र ढल-निकास समय समयमा सफा गर्नुपर्ने र तापालाछि टोलमा ढुंगा छपाई गर्नुपर्ने सुझाव दिनुभयो ।

विशेष समयमा बोल्दै सभासद् **श्यामसुन्दर माता**ले चयाम्हासिंहस्थित सफाइ मजदुरहरूलाई शिष्टतासम्बन्धी तालिम दिनुपर्ने, नपाले वृक्षारोपन गरेका रुखहरूको ट्रिमिङ गर्नुपर्ने, नगरपालिकाका विभिन्न शाखा र उपशाखाहरू सजिलै पत्ता लगाउन सकिने गरी बोर्डको व्यवस्था गर्नुपर्ने, भक्तपुरका विभिन्न ठाउँ र टोलहरू स्थानीय मौलिक भाषामै चिनाउन आवश्यक व्यवस्था मिलाउनुपर्ने, नगरपालिका र वडा कार्यालयहरूमा सफ्टवेयरलाई व्यवस्थित गर्नुपर्ने, सडक बत्ती मर्मत गर्ने कर्मचारीलाई पूर्ण परिचालन गर्नुपर्ने, इँटाछेंको खानेपानी समस्या समाधान गर्नुपर्ने र भक्तपुर नगरपालिकाको कार्यपालिका सदस्यबाटै सार्वजनिक जग्गा मिचेको भन्ने जनगुनासो भएकोले सो बारे प्रष्ट पार्नुपर्ने विचार राख्नुभयो ।

सभासद् **रत्नकाजी नायभारी**ले विशेष समयमा बोल्दै बाटोमा इँटा छपाईमा प्रयोग हुने चाइनिज इँटा गुणस्तरीय र टिकाउ बनाउन आवश्यक व्यवस्था गर्नुपर्ने र उपभोक्ता समितिको पेश्की प्रक्रिया सरल बनाउनुपर्ने विचार राख्नुभयो ।

सभासद् **राजेन्द्र माक**ले नगरवासीहरूको जनगुनासो सुन्न र सम्बोधन गर्न हेल्लो मेयरजस्ता कार्यक्रम वा संयन्त्र गठन गरी सञ्चालन गर्नुपर्ने, हनुमन्ते खोला र खासाडखुसुङ खोलाको घाटहरू व्यवस्थित गर्न ठिमीको ब्राइटर सँगैको हनुमन्तेमा खोलाको उचाई बढ्ने गरी बनाएको ढुंगाको

सभासद् **मंगललक्ष्मी शाही**ले विशेष समयमा बोल्दै ब्यासीस्थित पर्यटक बसपार्कमा स्तरीय पर्यटक शौचालय बनाउनुपर्ने र सानो ब्यासीदेखि महाकालीसम्मको बाटोको दुबै पट्टि सडक पेटी निर्माण गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **रञ्जना त्वाती**ले वडावासी र जनप्रतिनिधिबीच सम्बन्ध प्रगाढ बनाउन आवश्यक योजना बनाई कार्यान्वयन गर्नुपर्ने, आदर निकेतन शीघ्र सञ्चालन गर्नुपर्ने, नगरका तार र केबुलहरू छिटो व्यवस्थापन गर्नुपर्ने, कृषकहरूसँग नगरपालिकाले तरकारी खरिद गरी तरकारी बजार व्यवस्थापन गर्नुपर्ने, पर्ती जग्गा सीमाङ्कन र संरक्षण गर्नुपर्ने र भूकम्प पीडितहरूको समस्या सम्बोधन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **ज्ञानकुमार मगजु**ले विशेष समयमा बोल्दै भक्तपुर नपा १० स्थित शारदा कलेज क्षेत्रको डुबान व्यवस्थित गर्न ढल निर्माण गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **गोबिन्द दुवाल**ले नगरका सबै ठाउँमा समानुपातिक ढंगले खानेपानी वितरणको व्यवस्था मिलाउनुपर्ने, खानेपानीमा फिल्टरको व्यवस्था गर्नुपर्ने र जनस्वास्थ्यको आकस्मिक कक्षमा राती पनि एक्स -रे, प्रयोगशालालगायतका सेवा उपलब्ध गराउनुपर्ने सुझाव दिनुभयो ।

नगरसभासद्‌हरूको जिज्ञासाबारे प्रस्ट पार्दै विधान समितिका संयोजक **हरिराम सुवाल**ले विधेयकहरू समितिका सदस्यहरू र कार्यपालिकाका सदस्यहरूबीच सल्लाह गरेर तयार पारेको र विधेयक र कार्यविधिमा समितिका सदस्यहरूको नाम उल्लेख गर्न सकिने स्पष्ट पार्नुभयो ।

त्यसपछि युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले हाल १३ जना मात्र भलिबल प्रशिक्षार्थी प्रशिक्षणमा रहेकोले १ जनामात्रै प्रशिक्षक रहेको र भविष्यमा प्रशिक्षार्थी बढेमा प्रशिक्षक थप्न सकिने स्पष्ट पार्नुभयो ।

खानेपानी समितिका संयोजक **महेन्द्र खायमली**ले सभासद्हरूको जिज्ञासालाई प्रष्ट पार्दै खानेपानीसम्बन्धी सबै अधिकार नगरपालिकामा आई नसकेको, नपा क्षेत्रकै खानेपानीका स्रोतहरू पूर्ण परिचालन गर्न सके धेरै मात्रामा खानेपानी समस्याको सम्बोधन हुने र हाल नगरपालिकाले खानेपानीसम्बन्धी केही डीप बोरिङ सुरु गरिसकेको र फिल्टर व्यवस्था गर्न पहल भइरहेको जानकारी गराउनुभयो ।

आर्थिक समितिका संयोजक **हरिप्रसाद बासुकला**ले सभासद्हरूको जिज्ञासालाई सम्बोधन गर्दै घर जग्गा मूल्यांकन कर घर निर्माण भएको जग्गा र घरको लिने नियम भएको, कर छुटसम्बन्धी सूचना यस आ.व.को कर यस आ.व. मा बुझाए ५० प्रतिशत छुट हुने स्पष्ट भएको र अर्को वर्ष तिर्नुपरे यस वर्षको करमा ५० प्रतिशत छुट नहुने र एउटै कित्तामा २-३ वटा घर बनेमा प्रत्येक घरले ओगटेको जग्गाको मात्रै कर लिने व्यवस्था भएको प्रष्ट पार्नुभयो ।

निर्माण समितिका संयोजक **उकेश कवां**ले विशेष समयमा सभासद्हरूले राखेका जिज्ञासाहरूबारे स्पष्ट पार्दै ठूला-ठूला योजनाहरू कार्यान्वयन गर्न समय लाग्ने स्वाभाविक भएको, अरनिको सभाभवन निर्माणको लागि माटो परीक्षण र प्राविधिक तयारी भइरहेको, बजेट यथार्थपरक रहेको, सीमित बजेटको आधारमा योजनाहरू प्राथमिकता छुट्याई छनौट गरेको, उपभोक्ता समितिबाट निर्माण भएको कार्यको संरक्षण उपभोक्ताहरूबाटै हुनुपर्ने, जग्गा एकीकरण र आवास योजनाको कार्य तीव्र गतिमा भइरहेको, बाटो पीच गर्ने काम उपभोक्ताबाट हुन नसक्ने भएकोले अमानतमा पीच भइरहेको, बेसमेण्टको नियममा एकरूपता रहेको, आफ्नो कन्सल्टेन्सीले लेखेको नक्सा मात्र पास गर्ने पत्ता लागेमा नियमानुसार कारबाही हुने, तापालाछि टोलमा ढुंगा छपाईको लागि आवश्यक तयारी भइरहेको, कार्यपालिका सदस्यले नै सार्वजनिक जग्गा मिचेको हल्लाको पछाडी नलागी सत्य-तथ्य बुझ्नुपर्ने, इँटाको गुणस्तर र टिकाउपन हामीलाई चाहेअनुसारको बनाउन सकिने इँटा भट्टाबाट प्रतिबद्धता प्राप्त भएको र पेश्की प्रक्रिया कार्यविधि पूरा गर्नुपर्ने बाध्यता रहेको, चरणबद्ध पेश्की फछ्र्यौटको व्यवस्था रहेको, राममन्दिरको उकालोमा ब्लक छपाई क्षमता परीक्षणको लागि उत्पादकबाट निःशुल्क प्राप्त गरी छपाई गरेको, शारदा क्याम्पस क्षेत्रको ढल जोड्ने र पठाउने निकासको समस्या भएकोले प्राविधिक अध्ययन भइरहेको, खुल्ला तार र केबुल यसै वर्षदेखि भूमिगत गर्न आवश्यक तयारी भइरहेको र आदर-निकेतनको लागि बजेट विनियोजन गरेको जानकारी गराउनुभयो ।

स्वास्थ्य, प्लानिङ, सरसफाइसम्बन्धी उठेका जिज्ञासाहरू सम्बोधन गर्दै शिक्षा, स्वास्थ्य र संस्कृति समितिका सदस्य **रविन्द्र ज्याख्व**ले आफू तुमचो दुगुरे आवास योजना सहयोग समितिको संयोजक समेत रहेको स्मरण गर्दै सो आवास क्षेत्रमा सडक व्यवस्थापनसम्बन्धी भइरहेको तयारीबारे जानकारी दिनुभयो । ब्यासी पर्यटक बसपार्कमा आधुनिक पर्यटक शौचालय निर्माण गर्न तयारी भइरहेको, प्रदूषण हुने गतिविधिहरू नियन्त्रण गर्ने, जनस्वास्थ्यको आकस्मिक कक्षमा गर्मी भएकोले यसको समाधान गर्न आवश्यक कार्य गर्न निर्देशन दिइसकेको, जनस्वास्थ्यमा एक्स-रे सेवा साँझ ७ बजेसम्म र ल्याब टेष्ट सेवा २४ घण्टा उपलब्ध भएको र निकट भविष्यमै अल्ट्रा साउण्डको सेवासमेत सञ्चालन हुने, शारदा क्याम्पस क्षेत्रको ढल व्यवस्थाको लागि प्रविधिक अध्ययन भइरहेको जानकारी गराउनुभयो ।



भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू

# भनपाको तेस्रो नगरसभाको आठौं दिन (२९ असार)

भक्तपुर नगरपालिकाको तेस्रो नगरसभाको अन्तिम बैठक असार २९ गते बस्यो । तेस्रो नगरसभाले भक्तपुर नगरपालिकाको आर्थिक विधेयक–२०७५, भक्तपुर नपाको विनियोजन विधेयक–२०७५, भक्तपुर नपाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक–२०७५, भक्तपुर नपाको स्थानीय राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि–२०७५, भक्तपुर नपामा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि–२०७५, भक्तपुर नपामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक–२०७५, भक्तपुर नपामा करारमा कर्मचारी व्यवस्था गर्ने सम्बन्धी कार्यविधि–२०७५ गरी आठ वटा ऐन–कानुन नगरसभासद्बीचको छलफलपश्चात् सर्वसम्मतिले पारित गर्‍यो ।

सभाले आर्थिक वर्ष २०७५/७६ को आर्थिक बजेट र सहकारी ऐन २०७४ सर्वसम्मतिले पारित गर्‍यो । सहकारी ऐनको संशोधन प्रस्तावमाथि आफ्नो भनाइ राख्दै सभासद् **हरिरत्न गोर्खाली**ले सहकारीहरूबाट जगेडा कोषको १० प्रतिशत बराबरको रकम नगरपालिकमा जम्मा गरेबापत् सहकारी संघ-संस्थाहरूले प्राप्त हुने सहुलियत र सुविधाहरू पनि प्रष्ट पार्नुपर्ने, जिल्ला कार्य क्षेत्र भएको सहरकारीहरू संघीय सरकारको मातहतमा रहने कानुनी व्यवस्था भएकोले यस्ता सहकारीहरूको कारोबार नियमित समयमा नगरपालिकाबाट अनुगमन गर्नुपर्ने सुझाव दिनुभयो ।

नगरसभाले आर्थिक वर्ष २०७५/७६ को बजेटमा विनियोजित रकम रु. २० लाखबाट खर्च गर्ने र बाढी प्रभावित क्षेत्रको लगत संकलन गरी उचित राहत वितरणको व्यवस्था गर्ने निर्णय गर्‍यो । नगरवासीहरूको आग्रहबमोजिम आर्थिक वर्ष २०७५/७६ को घरजग्गा मूल्याङ्कन करमा ५० प्रतिशत छुट प्रदान गर्ने समयलाई यसै आर्थिक वर्षको असोज मसान्तसम्म निरन्तरता दिने निर्णय गर्‍यो । साथै सभाले निर्धारित घर जग्गा मूल्याङ्कन करमा पनि असोज मसान्तसम्म ५० प्रतिशत छुट दिने निर्णय गर्‍यो । सभाले चालु आर्थिक वर्ष २०७४/७५ मा इँटा र माटो जोडाइ घर निर्माणको लागि नक्सा दस्तुरमा १०० प्रतिशत र इँटा–सिमेन्ट जोडाइ तथा ढलान गरिने घर निर्माणको लागि नक्सा दस्तुरमा ७५ प्रतिशत छुट दिंदै आएकोमा आर्थिक वर्ष ०७५/७६ मा पनि निरन्तरता दिने निर्णय गर्‍यो ।

सभामा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले स्थानीय निकायको चुनावको घोषणापत्रमा उल्लेख सबै बुँदालाई आर्थिक वर्षको बजेटमा अनुमोदन गर्ने प्रयास भएको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले आफ्नो खुट्टामा उभिने नीति लिनु देशकै लागि गौरवको विषय भएको जिकिर गर्नुभयो ।

उहाँले भन्नुभयो – 'देशमा कम्युनिष्ट सरकार छ । तर कम्युनिष्ट सिद्धान्तमा काम गर्ने पार्टी नेपाल मजदुर किसान पार्टीमात्र हो ।'

बजेट विनियोजनसम्बन्धी छलफलमा सभासद्हरूले राख्नुभएका जिज्ञासाहरूबारे प्रष्ट पार्दै उपप्रमुख रजनी जोशीले लिवाली कमलविनायक र सिर्जना नगरमा बाटो पीच गर्न बजेट थप गर्ने सम्बन्धमा ध्यानाकर्षण भएको, वडा बजेट, प्राकृतिक उपचार, योग, ध्यान केन्द्र र अकुपञ्चर उपचार विधिजस्ता प्राकृतिक उपचार विधिहरूका लागि उपयोगिता र प्रयोग सम्बन्धमा छलफल गरेर अगाडि बढ्न सकिने, कमलविनायक क्षेत्रमा ढुंगा छपाई सोचनीय भएको, विस्तारित नगर क्षेत्रमा बाटो, ढल र सडक पेटी निर्माण कार्यमा ध्यानआकृष्ट भएको बताउनुभयो । उहाँले बहुउद्देशीय भवन निर्माण गरी खेलकुदको हलहरूको पनि व्यवस्था गर्दै जाने, भाज्यापुखुको पुनः निर्माण पछि रानी पोखरी र न्हु पोखरीको पनि संरक्षण गर्दै जाने, वडा नं. १ को १०८ रोपनी जग्गाको संरक्षणको लागि बजेट विनियोजन भएको, सम्बन्धित संघ–संस्थासँग समन्वय गरी यस वर्ष नगरको पुरानो क्षेत्रमा अशोभनीय रूपमा छरपष्ट रहेका लठ्ठाहरू, तार र केबुल भूमिगत गर्ने योजना रहेको, माचो गणेश पुनः निर्माणको लागि अर्को वर्ष वडा बजेटबाट व्यवस्था गर्न सकिने, भूकम्पबाट क्षतिग्रष्ट सम्पदाहरू पुनः निर्माणपछि क्रमशः अन्य सम्पदाहरू पनि पुनः निर्माण गर्दै जाने प्रष्ट पार्नुभयो ।

उपप्रमुख जोशीले पर्यटक बसपार्कमा अत्याधुनिक स्वचालित पर्यटक शौचालय सञ्चालनको तयारी भइरहेको, ख्वप अस्पतालको निर्माण कार्य प्रारम्भ भएको, एक शहर एक पहिचानअन्तर्गत १२०० जनाको क्षमताको अरनिको सभा भवन निर्माणको तयारी भइरहेको र अब निर्माण हुने भवनहरूमा आकासे पानी सङ्कलनको संरचना समेत हुने विचार व्यक्त गर्नुभयो ।

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।**

## भक्तपुर नपाको तेस्रो नगरसभाको समापन कार्यक्रमका अतिथिहरूसँग सामूहिक तस्बिर खिचाउँदै भक्तपुर नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरधनीहरू



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) द्वारा भक्तपुर नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरधनीहरूलाई प्रशंसापत्र तथा अनुदान रकम प्रदान गर्नुहुँदै





















## भक्तपुरको पुरानो नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गरी निर्माण सम्पन्न प्रमाण पत्र लिएका घरधनीहरूको नाम, अनुदान रकम र घरको तस्बिर



अष्टमान बासुकला (वडा नं. २)
अनुदान रू. २७४४७७.१६



कृष्णराम पही (वडा नं. २)
अनुदान रू. २००,२६०.१७



केदारप्रसाद बनेपाली (वडा नं. ९)
अनुदान रू. १८६२९४.९७



सूर्यनारायण खर्बुजा (वडा नं. २)
अनुदान रू. १६२४९३.३७



जीवन छुस्याबाग (वडा नं. ९)
अनुदान रू. १२७२२९.९७



पुरुषोत्तम तमखू (वडा नं. ४)
अनुदान रू. ३२६८२२.५९



रत्नप्रसाद बासुकला (वडा नं. २)
अनुदान रू. १२९३०३.१३



नारायणभक्त शिल्पकार (वडा नं. ६)
अनुदान रू. २५९८३६.६७



रामकेशरी तुकंबञ्जार (वडा नं. ४)
अनुदान रू. १२६१८६.४९



वीरेन्द्र बासुकला (वडा नं. २)
अनुदान रू. १६९५४३.२२



गोविन्द सुवाल (वडा नं. ४)
अनुदान रू. १८९७८०.५२

**नगरस्तरीय तथा वडास्तरीय योजनाहरूको पेश्की फछ्र्यौट सम्पन्न गरिसकेका उपभोक्ता समितिका पदाधिकारीहरूलाई धन्यवादपत्र प्रदान गर्नुहुँदै प्रमुख अतिथि बिजुक्छें**


























पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।








**भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**









## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

# जग्गावाला र मोहीबीच जग्गा बाँडफाँडको लागि निवेदन पेश गर्ने म्यादसम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा नेपाल राजपत्र भाग ५ खण्ड ६६ सङ्ख्या २२ मिति २०७३।०५।०६ को भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना नं. १ र सूचना नं. २ मा 'नेपाल सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ (घ) १ ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गा जग्गावला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद यो सूचना प्रकाशित भएको मितिले १ (एक) वर्षसम्म तोकेको छ र दफा २६ (घ) ३ ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गा जग्गावाला र मोहीबीच बाँडफाँड गर्ने कारबाही टुङ्गो लगाइसक्नुपर्ने अवधि यो सूचना प्रकाशित भएको मितिले २ (दुई) वर्षसम्म तोकेको छ' भनी सूचना प्रकाशित भएको थियो।

पुनः नेपाल राजपत्र भाग ५ खण्ड ६७ सङ्ख्या ३८ मिति २०७४।०७।२४ को सूचनानुसार मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद मिति २०७५।०५।०४ सम्म र जग्गा बाँडफाँडको कारबाही टुङ्गो लगाइसक्नुपर्ने अवधि मिति २०७६ भाद्र ४ सम्म भएकोले **यस कार्यालयको क्षेत्रअन्तर्गतका मोही र जग्गाधनीहरुलाई जग्गा बाँडफाँडको लागि यस कार्यालयमा निवेदन दर्ता गर्न** सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति‍को प्रतिवेदन

प्रस्तुतकर्ता : रविन्द्र ज्याख्व, सदस्य - शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

भक्तपुर नगरपालिका नगर कार्यपालिकाको निर्णयअनुसार नगर प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा निम्न पदाधिकारी रहेको एक शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति गठन भएको थियो :

| | |
|---|---|
| संयोजक : | सुनिल प्रजापति |
| सदस्य : | रजनी जोशी |
| सदस्य : | रविन्द्र ज्याख्व |
| सदस्य : | प्रेमगोपाल कर्माचार्य |
| सदस्य : | छोरीमैयाँ सुजखू (प्रजापति) |

यस समितिको गठन भएदेखि हालसम्मका गतिविधिहरू यहाँ प्रस्तुत गर्दछु।

१) भक्तपुरका कला, संस्कृतिलाई सम्बर्द्धन तथा सांस्कृतिककर्मीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले २०७४ को गाइजात्रा पर्वमा प्रस्तुत भएका घिन्ताङघिसी र सांस्कृतिक विधाहरूको प्रतियोगिता सम्पन्न भयो। २०७४ साउन २४ गते सापारुको दिन र साउन २६ देखि ३० गतेसम्म दत्तात्रय, नासमना र दरबार क्षेत्रमा मूल्याङ्कन गरिएको उक्त प्रतियोगिताको पुरस्कार वितरण असोज ७ गते दरबार क्षेत्रमा सम्पन्न भएको थियो।

२) २०७४ कार्तिक २५ गते भक्तपुर नगरव्यापी बाँसुरी बाजा प्रतियोगिता सम्पन्न भयो। नगरभरिका जम्मा २१ वटा समूहले सहभागिता जनाएको उक्त प्रतियोगिताको मूल्याङ्कन टौमढी र दत्तात्रयमा भएको थियो भने पुरस्कार वितरण समारोह सोही दिन दत्तात्रयमा भएको थियो।

३) भक्तपुरवासी महिला दिदीबहिनीहरूको पाठेघर परीक्षणसम्बन्धी विशेष स्वास्थ्य शिविर २०७४ मंसिर ९ गते भनपा ३ स्थित मेधा माविमा सम्पन्न भयो। भक्तपुर क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा सञ्चालित उक्त शिविरमा ४२४ जना महिला दिदीबहिनीहरूको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको थियो। तीमध्ये २३८ जनाको छाती परीक्षण तथा ३८ जनाको अल्ट्रासाउण्ड र मोनोग्राफी पनि गरिएको थियो। स्वास्थ्य परीक्षण गरिएको रिपोर्ट वितरण २०७४ पुस १ गते नगरपालिका परिसरमा एक कार्यक्रमका सम्पन्न भएको थियो भने स्वास्थ्य परीक्षण पूर्व २०७४ कार्तिक ३० गते जनस्वास्थ्य भवनमा महिला जनप्रतिनिधि एवं महिला स्वास्थ्य स्वयंसेविकाहरूको अभिमुखीकरण कार्यक्रम पनि गरिएको थियो।

४) भक्तपुर नगर क्षेत्रमा सञ्चालित विद्यालयहरूको सञ्चालन र व्यवस्थापनबारे अनुगमन तथा आवश्यक कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन – २०७४ अनुसार नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा जनप्रतिनिधि र स्थानीय बुद्धिजीवीहरू सम्मिलित एक नगर शिक्षा समिति गठन गरियो। त्यसअन्तर्गत हाल जिल्ला शिक्षा कार्यालय सञ्चालन भइरहेको एउटा भवनमा भक्तपुर नगर शिक्षा शाखा सञ्चालन गरिएको छ।

५) भक्तपुर नगर क्षेत्रका विद्यालयहरूमा आधारभूत तहको (कक्षा ८) अन्तिम परीक्षा सञ्चालनका लागि भनपा ५ नं. वडाका अध्यक्ष प्रेमगोपाल कर्माचार्यको अध्यक्षतामा एक परीक्षा समिति गठन गरी २०७४ चैत्र ४ गतेदेखि १४ गतेसम्म परीक्षा सञ्चालन गरिएको थियो। नगरपालिका क्षेत्रमा रहेका कूल ६३ विद्यालयहरूमा अध्ययनरत २ हजार ४८९ जना विद्यार्थीहरूले परीक्षाको फारम भरेका थिए जसमध्ये २ हजार ४७४ परीक्षार्थीहरू परीक्षामा नियमित सहभागी भए। चैत्र २० गते प्रकाशित नतिजामा ७५.९४ प्रतिशत (१८७९ जना) कक्षा ९ मा भर्ना हुन योग्य भएका थिए भने ग्रेड वृद्धि परीक्षा २०७५ वैशाख ९ गतेबाट सञ्चालन गरिएको व्यहोरा जानकारी गराउँदछु।

६) नगरपालिका जनप्रतिनिधिहरू आएसँगै नगरपालिकाको मुखपत्र **'भक्तपुर'** मासिक पत्रिका विगतमा १००० प्रति मात्र प्रकाशित हुँदै आएको क्रमशः २००० प्रति र अहिले २५०० प्रति प्रकाशित हुन थालेको छ। उक्त पत्रिकाको सहसम्पादक पदमा पत्रकार कृतिका प्रजापतिलाई नियुक्त गरिएको छ। पत्रिकामा प्रकाशित लेख/रचनाहरूको मूल्याङ्कन गरी पारिश्रमिक वितरण गर्न भनपा ९ नं. वडाका अध्यक्ष रविन्द्र ज्याख्वको संयोजकत्वमा एक मूल्याङ्कन समिति गठन गरिएको छ।

७) भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरू बहाली भएको सय दिन पुगेको अवसरमा २०७४ भदौ १२ गतेदेखि घरदैलोमा नर्सिङ सेवा कार्यक्रमको शुरुवात गरिएको थियो। नमूनाको रूपमा भनपा वडा नं. ३, ४ र ६ मा एक-एक जना नर्स र महिला स्वास्थ्य स्वयंसेविकाहरू परिचालन गरी कार्यक्रम सञ्चालन गरिएकोमा २०७५

बैशाख ९ गतेदेखि नगरका सबै वडाहरूमा एक एक जना नर्स र स्वास्थ्य स्वयंसेविकाहरूको परिचालन गरी घरदैलो नर्सिङ सेवा प्रदान गरिएको छ । कार्यक्रम निकै प्रभावकारी भइरहेको जनताबाट प्रतिकृया आइरहेको छ ।

८) प्रसिद्ध बिस्केट जात्रालाई भव्यतापूर्वक तथा मर्यादित रूपमा सम्पन्न गर्न सरोकारवाला पक्षहरूबीच तथा स्थानीय जनताहरूबीच पटक–पटक छलफल गरियो । सम्भावित हुलदंगा एवं अप्रिय घटनाहरू न्यूनीकरणका लागि नगरपालिकाको तर्फबाट ठाउँ–ठाउँमा सीसी क्यामेरा जडान गर्ने कार्यसमेत भयो । २०७४ चैत्र २७ र २०७५ बैशाख ५ गते भैरवको रथ तान्ने दुवै दिन, लिंगो उठाउने र ढाल्ने दुवै दिन नगरपालिकाको तर्फबाट माइकिङ गरी जात्रालाई शान्तिपूर्ण बनाउने प्रयत्न भयो । त्यस्तै लिंगो उठाउने क्रममा आवश्यक च्वालासी पनि भक्तपुर नगरपालिकाको तर्फबाट निर्माण गरी जात्रा सहयोग समितिलाई हस्तान्तरण गरियो । स्थानीय जनताको व्यापक साथ र समर्थनमा तथा नगरपालिका र प्रहरी प्रशासनको सक्रियतामा यो वर्षको जात्रा तुलनात्मक रूपमा व्यवस्थित र भव्य भएको जनताले अनुभव गरेका थिए ।

९) नगरपालिकाअन्तर्गत आयुर्वेदिक कार्यालय आएपछि नगरवासीहरूलाई प्रभावकारी ढंगबाट स्वास्थ्य उपचार सेवा प्रदान गर्ने ध्येयले भनपा १० कमलविनायक आवास क्षेत्रमा रहेको कार्यालयबाट दैनिक तथा भनपा १ भार्वाचो र भनपा ९ दत्तात्रयमा महिनाको दुइ पटक नियमित रूपमा निःशुल्क आयुर्वेदिक स्वास्थ्य क्लिनिक सञ्चालन गर्दै आएको छ । त्यस्तै २०७४ चैत्र २९ गते भनपा ७ स्थित भ्मौरबहीमा आयुर्वेदिक स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । आयुर्वेदिक चिकित्सकहरूले यसबीचमा विभिन्न विद्यालयहरूमा आयुर्वेदिक स्वास्थ्य उपचार विधिबारे जनचेतनामूलक कार्यक्रमहरू पनि सञ्चालन गरेका छन् । आयुर्वेदिक उपचारप्रति जनताको सकारात्मक प्रतिक्रिया आएको र बिरामीको चाप बढिरहेको अवस्थामा औषधी खरिदको लागि नगरपालिकाको आफ्नै स्रोतबाट व्यहोर्ने गरी थप रु. ५ लाख बजेट निकासा गरिएको यहाँ जानकारी गराउँदछु ।

१०) नगरपालिका क्षेत्रमा रहेका विद्यालयहरूमा आधारभूत तहमा स्थानीय पाठ्यक्रम लागू गर्ने उद्देश्यले २०७४ माघ २३ गते शिक्षाविद् योगेन्द्रमान बिजुक्छेंको संयोजकत्वमा एक कार्यदल गठन गरी पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी दिइएको थियो । कार्यदलले सरोकारवाला विभिन्न पक्षहरूसंग छलफल, अन्तरक्रिया तथा स्थलगत अध्ययन भ्रमण गरी कक्षा १ र कक्षा ६ को पाठ्यक्रमको मस्यौदा तयार गरी २०७५ बैशाख २ गते नगरपालिकालाई हस्तान्तरण गरेको थियो । त्यसमा थोरै सुधार गरी नगरभित्रका विद्यालयका प्रधानाध्यापक तथा विषयगत शिक्षकहरूलाई अभिमुखीकरण समेत गरियो । हाल विद्यालयहरूमा कक्षा १ र ६ मा उक्त पाठ्यक्रम लागू भइरहेको छ । आगामी शैक्षिक सत्रदेखि आधारभूत तहको कक्षा १ देखि कक्षा ८ सम्म नै स्थानीय पाठ्यक्रम लागू गर्नेगरी बाँकी कक्षाहरूको पाठ्यक्रम निर्माणको कार्य अघि बढिरहेको अवगत गराउँदछु । स्थानीय पाठ्यक्रमको नाम 'ख्वपको पहिचान' राखिएको छ ।

११) भक्तपुरका ऐतिहासिक सम्पदाहरूको पुनः निर्माण कार्यलाई तदारुकता दिने तथा पुरानै शैलीमा सम्पदा पुनः निर्माण गर्ने ध्येयले नगरपालिकाले समय समयमा विज्ञहरू, वरिष्ठ इन्जिनियरहरू, सम्पदाविद्, इतिहासविद्, संस्कृतिविद् तथा सरोकारवालाहरूबीच छलफल गरियो । विश्व सम्पदा दिवसको अवसरमा २०७५ बैशाख ५ गते गरिएको कार्यक्रम उल्लेखनीय रह्यो । त्यस्तै भनपा ५ स्थित ऐतिहासिक भैरवनाथको मन्दिर पुनः निर्माण तथा भनपा ३ दरबार क्षेत्रमा रहेको ऐतिहासिक न्हेयकं भ्मया दरवार पुनः निर्माणको विषयमा विज्ञहरूबीच भएको अन्तरक्रिया कार्यक्रमले सम्पदा संरक्षण गर्ने नगरपालिकाको अभियानमा महत्त्वपूर्ण योगदान गरेकोमा हामी जनप्रतिनिधिहरू उहाँहरूप्रति कृतज्ञ छौं ।

१२) नगरपालिकामा जनप्रतिनिधिहरू बहाली भएको १ वर्ष पुगेको दिन २०७५ जेठ ७ गतेदेखि नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्र च्याम्हासिंहमा इमर्जेन्सी वार्ड नयाँ भवनमा आधुनिक सुविधासहित सञ्चालन गरेको सबैमा अवगत नै छ । सोही दिनबाट जनज्योति पुस्तकालय दरबार क्षेत्रबाट ठाउँ सारेर भनपा २ नःपुखुस्थित शहिद स्मृति सामुदायिक भवनमा सारिएको थियो । उक्त पुस्तकालयमा ई–लाइब्रेरी स्थापना गर्ने तयारी भइरहेको छ ।

१३) नगरपालिका क्षेत्रमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा स्थानीय जनताको आकर्षण बढाउन तथा शैक्षिक गुणस्तर बढाउन समय-समयमा विद्यालयका प्रधानाध्यापकहरूबीच छलफल भइरहेको छ । ती विद्यालयहरूमा नियमित अनुगमनसमेत भइरहेका छन् । अनुगमनबाट प्राप्त प्रतिवेदनका आधारमा सरस्वती विद्यागृह मावि, दत्तात्रय आधारभूत विद्यालय, बालसेवक आधारभूत विद्यालय, ब्रम्हायणी आधारभूत विद्यालय,

# न्यायिक समितिको प्रतिवेदन

**प्रस्तुतकर्ता : रजनी जोशी, संयोजक - न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ ले दिएको क्षेत्राधिकारभित्र रही भक्तपुर नगरपालिका, न्यायिक समितिबाट आ.व. २०७४।०७५ मा देहायबमोजिमको मुद्दाहरू कारबाही, मुद्दाको रोहमा आदेश, फछ्र्यौट र मिलापत्र गरिएको व्यहोराको प्रतिवेदन ऐ. ऐनको दफा ५३(२) बमोजिम नगरसभा समक्षपेश गर्दछु ।

विवरण

१. समितिको क्षेत्राधिकारमा दर्ता भएका मुद्दाको प्रकृति र संख्या देहायअनुसार छन्:

क. जग्गा किलास मिची निर्माण गरेको रोक्का समेत - ३२
ख. थप बलेनी झ्याल हटाउन लगाई पाउँ - २८
ग. सार्वजनिक बाटो निकाससम्बन्धी - १७
घ. सम्बन्ध विच्छेद - ४
जम्मा - ८१ थान

२. मुद्दाको रोहमा स्थलगत निरीक्षण र आदेश भएको सङ्ख्या - ४०

३. जम्मा फछ्र्यौट भएको मुद्दा संख्या - २७

४. फछ्र्यौट हुन बाँकी मुद्दा संख्या - ४४

न्यायिक समितिमा देहायअनुसारका पदाधिकारीहरू रहेका छन् :

१. संयोजक - भ.न.पा.का उपप्रमुख रजनी जोशी
२. सदस्य - भ.न.पा. वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमली
३. सदस्य - भ.न.पा. वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल

न्यायिक समितिले हरेक हप्ताको बिहीबार दिनको २:०० बजे इजलास बसी विवादका विषय (मुद्दा) मा सुनुवाई, छलफल गर्ने, मिलापत्रका लागि पक्षहरूलाई प्रेरित गर्ने, मुद्दाको रोहमा आवश्यक प्रमाण बुझ्नेलगायतका आदेश गर्ने र निर्णय गर्ने गरिएको अनुरोध गर्दछु । साथै हरेक हप्ताको शुक्रबार दिनको २:०० बजे आवश्यकताअनुसार विवादका विषयहरूको स्थलगत निरीक्षण तथा बुझ्ने प्रक्रिया गरिने गरिएको र न्यायिक समितिको बैठक (इजलास) मा भक्तपुर नपाका कानुन अधिकृत गणेशलाल फोजुले सहायकको रूपमा आवश्यक कार्य गर्ने गरेको समेतको प्रतिवेदन पेश गर्दछु ।

---

➲➲ बासु मावि, गणेश मावि र नवीन आधारभूत विद्यालयलाई आर्थिक सहयोग प्रदान गर्ने तथा केही विद्यालयका प्रअ तथा शिक्षकहरूलाई कार्वाही गर्ने प्रकृया समेत अगाडि बढेको जानकारी गराउँदछु ।

१४) भक्तपुरवासी युवाहरूलाई लक्षित गरी नगरपालिकाले २०७५ जेष्ठ २० देखि २९ गतेसम्म रेडियो प्रस्तोता तथा प्राविधिक सीपसम्बन्धी तालिम सञ्चालन गरेको थियो । भक्तपुर एफ.एम. प्रालिको प्राविधिक सहयोगमा सञ्चालित उक्त तालिममा २३ जना युवाहरूले लाभ लिएका थिए । नगरपालिकाले भक्तपुर एफ.एम.मा हरेक हप्ताको मंगलबार साँझ ७ देखि ८ बजेसम्म सञ्चालन गर्दै आएको रेडियो कार्यक्रम ख्वप सः (भक्तपुर आवाज) लाई थप प्रभावकारी बनाउन तालिम प्राप्त प्रशिक्षार्थीहरूलाई परिचालन गर्ने प्रयत्न भइरहेको छ ।

१५) भक्तपुर नगरमा रहेका २३ महिनासम्मका बालबालिकाहरूलाई सरकारको तर्फबाट दिइने सम्पूर्ण खोपहरूको प्रत्याभूति दिन जिल्ला जनस्वास्थ्य कार्यालयको कार्यक्रमअनुसार यस नगरमा २०७५ बैशाख २१ देखि मसान्तसम्म घरदैलोमा खोपसम्बन्धी अभियान सञ्चालन गरेको थियो । त्यस अनुसार हाल सबै वडामा रहेका शत प्रतिशत बालबालिकाहरूले पूर्णखोप पाइसकेको तथ्यांक आएको छ । भक्तपुर नगरलाई पूर्ण खोपयुक्त नगर घोषणा गर्ने उद्देश्यले २०७५ असार १५ र १६ गते वडा वडामा बालबालिकाहरू पूर्ण खोपयुक्त भए नभएको प्रमाणीकरणका लागि सर्वेक्षण गरिएको छ भने सर्वेक्षणको प्रतिवेदनका आधारमा निकट भविष्यमा भक्तपुरलाई पूर्ण खोपयुक्त नगर घोषणा गरिने जानकारी गराउँदछु ।

१६) दम-खोकी लागेका विरामीहरूलाई फिजियोथेरापी उपचार विधिमार्फत् सेवा प्रदान गर्ने उद्देश्यले भनपा ९ तुमचो दुगुरे आवास क्षेत्रमा Chest Rehabilitation Center निर्माण गर्ने विषयमा भक्तपुर नगरपालिका र जापान इन्टरनेशनल मेडिकल टेक्नोलोजी फाउन्डेसनबीच २०७५ असार १५ गते सम्झौता भएको यहाँ अवगत गराउँदछु । दम खोकी लागेका बिरामीहरूलाई यसप्रकार उपचार गराउने केन्द्र स्थापना हुन लागेको नेपालमै पहिलो पटक हो ।

*मिति : २०७५।३।१७ गते*

# वातावरण तथा पर्यटन समितिको प्रतिवेदन

**प्रस्तुतकर्ता : सरिना ग्वोला, सदस्य - वातावरण तथा पर्यटन समिति**

भक्तपुर नगर कार्यपालिकाको निर्णयअनुसार वातावरण समिति गठन भएको विदित्तै छ । समितिमा निम्न पदाधिकारीहरू रहेका छन् :

| | |
|---|---|
| रविन्द्र ज्याख्व – | संयोजक |
| प्रेमगोपाल कर्माचार्य – | सदस्य |
| महेन्द्र खायमली – | सदस्य |
| सरिना ग्वोला – | सदस्य |
| सुनिता प्रजापति – | सदस्य |

समितिको तर्फबाट हालसम्म भए/गरेका गतिविधिहरू संक्षिप्त रूपमा प्रस्तुत गर्दछु :

१) भक्तपुर नगरको सरसफाइ कार्यलाई थप प्रभावकारी बनाउने तथा नगर क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने ध्येयले २०७४ साउन १ गतेदेखि हरेक महिनाको १ र १५ गते जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको सहभागितामा नियमित सरसफाइ कार्यक्रम सञ्चालन भइरहेको छ । यसक्रममा नगरपालिका परिषद्, भाज्यापोखरी, सिद्धपोखरी, रानीपोखरी, यातापोखरी, खँचापोखरी, महेश्वरी पीठ परिसर, हनुमानघाट, महाकाली परिसर, भनपा १० नं. वडा परिसर, शहिद स्मृति खेल मैदान, जगनाथ मन्दिर क्षेत्रलगायतका सांस्कृतिक सम्पदा स्थल, खुल्ला स्थान, पोखरी, खोलामा सरसफाइ गरिए । त्यस्तै ब्रम्हायणी परिसर, चुपिंघाट तथा ल्योसिंख्य क्षेत्र, मंगलतीर्थ, इन्द्रायणी परिसरलगायतका क्षेत्रहरूमा पनि व्यापक जनसहभागितामा सरसरफाइ गरियो । यससँगै वडा तहमा पनि विभिन्न समयमा सरसफाइ कार्य भइरहेका छन् । हालसम्म २४ पटक नियमित तथा १ पटक विशेष सरसफाइ भइसकेको छ ।

२) नगर क्षेत्रका विभिन्न ऐतिहासिक सम्पदास्थल तथा खुला क्षेत्रमा सरसफाइ कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले २०७४ भाद्र ७ गते नगरमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरू र कलेजहरूका प्रिन्सिपल एवं प्राचार्यहरूको बैठक सम्पन्न गरी एक विद्यालय एक सम्पदा क्षेत्र सरसफाइ गर्ने निर्णयसहित सबै शैक्षिक संघ सस्थाहरूलाई जिम्मेवारी समेत दिइयो । उक्त अभियानलाई अझै प्रभावकारी बनाउन २०७५ जेठ २२ गते विश्व वातावरण दिवसको पूर्वसन्ध्यामा सबै वडा कार्यालयहरूमार्फत् विद्यालय तथा कलेजहरूलाई सफाइ सामग्रीहरू वितरण समेत गरियो ।

३) नगरपालिका क्षेत्रमा उत्पादन हुने फोहरमैला व्यवस्थापन कार्यलाई घरघरबाटै व्यवस्थित गर्ने ध्येयले यस समितिको आयोजनामा २०७४ पुस १६, १७ र १८ गते एकीकृत फोहरमैला व्यवस्थापन तथा कौसीखेतीसम्बन्धी तालिम सञ्चालन गरियो ।

४) २०७४ पुस १५ गते नगरपालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूको सहभागितामा खौमादेखि भार्वाचो र त्यहाँबाट मुख्य बजार हुँदै च्याम्हासिंहसम्म सरसफाइसम्बन्धी जनचेतनामूलक र्‍याली सम्पन्न भयो । सोही दिनदेखि नगरको मुख्य बजारको दायाँ–बायाँका पसल व्यवसायहरूबाट बार मिलाएर कुहिने र नकुहिने फोहर संकलन कार्य सुरु गरिएको थियो । फोहर संकलन कार्यका लागि प्रत्येक पसल र व्यवसायीलाई कुहिने फोहरका लागि बाल्टिन र नकुहिने फोहरका लागि बोरा वितरण गरिएको थियो । त्यस क्षेत्रमा फोहर संकलन गर्न २ वटा तीनपांग्रे मोटरसाइकलको प्रयोग गरिएको छ ।

५) नगरको सरसफाइसँगै पर्यटन प्रवर्द्धनको विषयमा छलफल र सम्बद्ध क्षेत्रबाट आवश्यक राय सुझाव लिन पर्यटन व्यवसायीहरूको बैठक बस्दै आएको व्यहोरा अवगत गराउँदछु । त्यस्तै बजार क्षेत्रका व्यवसायीहरूसँग पनि छलफल गरिएको थियो ।

६) यस वर्षको विश्व वातावरण दिवस (जून ५) को अवसरमा २०७५ जेठ २२ गते सुर्यविनायक नगरपालिका वडा नं. १० चित्तपोलस्थित ऐतिहासिक ल्योसिंगुँमा वृक्षारोपण गरियो । नगरपालिकाका सबै जनप्रतिनिधिहरू, कर्मचारीहरू, ख्वप कलेजका विद्यार्थीहरू र स्थानीय जनताहरूको व्यापक सहभागिता एवं जिल्ला वन कार्यालय, गुठी संस्थान, सामुदायिक वन उपभोक्ता महासंघ, जिल्ला कार्यालय, सल्लाघारी सामुदायिक वन उपभोक्ता समिति, प्रगति युवा समाज, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेनालगायतको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

७) नगरका सबै वडाहरू र नयाँ बस्तीमा घरघरबाट नै कुहिने र नकुहिने फोहर संकलन कार्य अगाडि बढाउने योजनासहित विभिन्न वडाहरूमा बाल्टिन वितरण भइरहेको छ । हालसम्म भनपा वडा नं. १, २, ५, ६, ७, ८ र ९ मा बाल्टिन वितरण भएका छन् भने अन्य वडाहरूमा समेत वितरण गर्ने तयारी भइरहेको छ ।

८) भनपा ५ स्थित पुरानो डम्पिङ साइट लामो समयदेखि सञ्चालनमा नरहेको र त्यस क्षेत्रमा फोहर

# विधायन समितिको प्रतिवेदन

प्रस्तुतकर्ता : हरिराम सुवाल,संयोजक - विधायन समिति

भक्तपुर नगरपालिकाको प्रथम नगरसभाले विधेयक समितिको गठन गरेको थियो। यस समितिको नाम विधायन समिति राखेको थियो। यस समितिको मिति २०७४ भाद्र १६ गते बसेको प्रथम बैठकपश्चात् हालसम्म (२०७५ असार १८) ३१ पटक बैठक बसिसकेको छ। दोस्रो नगर सभापश्चात् मात्र २२ पटक बैठक बसी विभिन्न विधेयक, नीति, कार्यविधि, नियमावली तथा विनियमहरूको विषयमा व्यापक छलफल गरेका थियौं। दोस्रा नगरसभा पछि निम्न विधेयक, कार्यविधि तथा नियमहरूको सम्बन्धमा छलफल गरिसकेको पनि यहाँहरूसमक्ष जानकारी गराउन चाहन्छु।

१. 'घ' वर्गको निर्माण व्यवसायीलाई इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७५
२. भक्तपुर नगरक्षेत्रभित्र विज्ञापन सामग्री व्यवस्थित गर्ने सम्बन्धी नीति, २०७५
३. भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०७५
४. भक्तपुर नगरपाकिाको विनियोजन विधेयक, २०७५
५. भक्तपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) कार्यविधि, २०७५
६. भनपाको न्याय समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
७. भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५
८. भक्तपुर नगरपालिकाको राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७५
९. भक्तपुर नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५

*मिति : २०७५ असार १८ गते*

---

➲➲ थुप्रिरहेको अवस्थामा स्थानीय जनतासँग सहकार्य गरेर भनपा ५ वडा कार्यालयको अगुवाइमा त्यस क्षेत्रको फोहर हटाउने कार्य भएको छ। त्यस क्षेत्रको सिमाङ्कन गरी चारैतिर पर्खाल लगाउने र सफा गरी पार्किङ क्षेत्र बनाउने तयारी भइरहेको छ।

९) नगरको फोहर व्यवस्थापनका लागि विगत लामो समयदेखि भनपा १ स्थित आलाबुँमा खोला किनारको जग्गा उपयोग गर्दै बाटो निर्माण गरिरहेको सन्दर्भमा हाल उक्त ठाउँमा फोहर व्यवस्थापन गर्न नसकिने अवस्था सिर्जना भएपछि तत्कालका लागि भनपा ३ बाराहीस्थान नजिकै हनुमन्ते खोलाको किनारमा फोहरको व्यवस्थापन हुँदै आएको छ। त्यस क्षेत्रमा केही महिना मात्र फोहर व्यवस्थापन गर्न सकिन्छ। तसर्थ अन्य विकल्पको विषयमा पटक-पटक सरोकारवाला पक्षहरूसँग छलफल भइरहेको व्यहोरा अवगत गराउँदछु।

१०) उपयुक्त जग्गाको अभावको कारणले नगरभित्र ल्याण्डफिल साइट बनाउन सकिने अवस्था छैन। परम्परागत ढंगबाट फोहर-मैलाको व्यवस्थापन गर्नु पनि उपयुक्त होइन। त्यसैले कुहिने र नकुहिने फोहर छुट्याएर कुहिने फोहरबाट ऊर्जा उत्पादनसँगै कम्पोष्ट मल बनाउने तथा नकुहिने फोहरलाई पुनः प्रयोग गर्ने योजनासहित वातावरण समितिमा केही गृहकार्य भइरहेको जानकारी गराउँदछु।

११) भक्तपुर नगरपालिका वडा नं. २ देको मिवा इटापाके जग्गा एकीकरण आयोजना क्षेत्रमा रहेको यति कार्पेट उद्योगमा आगलागीपछि त्यहाँबाट निस्केको कच्चा रासायनिक पदार्थ ढलमा मिसिई ढल बन्द भएको विषयमा स्थानीय जनताको आवाज आएपछि त्यसबारे छलफल गर्न यति कार्पेट उद्योग, के.यु.के.एल. ढल निकास शाखा, सडक कार्यालय, देको मिवा इटापाके जग्गा एकीकरण आयोजना र नगरपालिकाबीच संयुक्त बैठक बसी समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो। केही प्राविधिक कारणले उक्त निर्णयको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन। हाल उक्त ढलबाट बग्ने फोहर आयोजना क्षेत्रको जग्गामा खुल्ला रूपमा बगिरहेको छ।

१२) नगर कार्यपालिकाका सदस्यहरू तथा विभागीय प्रमुख कर्मचारीहरूलाई भक्तपुर नगर क्षेत्रमा वृक्षारोपण तथा हरियाली व्यवस्थापन गर्ने वैज्ञानिक विधिबारे अभिमुखीकरण गर्ने उद्देश्यले २०७५ असार १९ गते एक कार्यक्रम गरियो। उक्त कार्यक्रममा जिल्ला वन कार्यालय भक्तपुरका प्रमुख फनिन्द्र पोखरेलले अभिमुखीकरण गर्नुभएको थियो।

१३) भक्तपुर नगरवासी युवाहरूलाई लक्षित गरी यही साउन महिनाको पहिलो हप्तादेखि एक महिने स्थानीय पथ प्रदर्शक तालिम सञ्चालन गर्ने तयारी भइरहेको व्यहोरा अवगत गराउँदछु।

१४) यसबीचमा सरसफाइसँग सम्बन्धित कर्मचारीहरू तथा पर्यटनसँग सम्बन्धित कर्मचारीहरूको समय-समयमा अलग-अलग बैठकहरू सञ्चालन भएका छन्।

*मिति : २०७५।३।२० गते*

# निर्माण समितिको प्रतिवेदन

**प्रस्तुतकर्ता : उकेश कवां, संयोजक - निर्माण समिति**

निर्माण समितिको कार्य क्षेत्रभित्र विवादित नक्सालाई आवश्यक सुझाव र निर्णय लिनु, साथै भौतिक पूर्वाधारको विकास एवं सम्पदा संरक्षणका कार्यक्रम रहेको यस सभामा राख्न चाहन्छु।

२०७२ सालको भुकम्पले हजारौ संख्यामा रहेका निजी घर र सयौं संख्यामा रहेका सम्पदा संरक्षणमा प्राथमिकता राखेर काम गर्दा गर्दै धेरै व्यवहारिक र कानुनी समस्याले जुन प्रगति हुनपर्ने हो त्यो हुन नसकिएको अनुभव हामीले गरेका छौ।

निर्माण समितिमा विभिन्न ५२ वटा बैठकहरू बसी विवादित ६१ वटा नक्साहरूबारे छलफल र अनुगमन गरी १७ वटा नक्सा बोर्ड बैठकमा लगि पारित गरेका छौं, भने ४४ वटा नक्साहरू समितिमा नै छलफल गरी निर्णय गरी निकास दिएका छौं। साथै नक्सा दर्ता ९०३ मध्ये पास ८७२ भइसकेको छ।

नगरवासीहरूको विशेष चासो रहने नक्सापासमा आइपर्ने र निर्माण पछि आउने समस्याहरूलाई ध्यानमा राखी छाना (स्लोप छाना), मापदण्डमा वैज्ञानिकीकरण हुनुपर्ने, नक्साबमोजिमको सामान्य हेरफेर, नक्सा पासपूर्व नै निर्माण सम्पन्न गर्नु, अनियमित गर्ने सरोकारवालाहरूलाई समयमै आवश्यक कारबाही नहुनु चुनौती रहेका छन्। सो विषयमा आवश्यक सुझाव र निर्णय आवश्यकता रहेको निर्माण समितिले महसुस गरेको यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु।

नगरवासीहरूको हितमा कार्य गर्न नक्सा फाँटमा केही कर्मचारी थप गर्नुपर्ने, प्राविधिकहरूको समन्वयका लागि आवश्यक बैठक र तालिमहरू सञ्चालन गर्नुपर्ने, नक्सासम्बन्धी पूर्ण जानकारी दिन श्रब्यदृश्यसहित देखाई अभिमुखीकरणको व्यवस्था गर्नुपर्ने देखिन्छ।

आ.व.२०७३/०७४ को क्रमागततर्फको भौतिक पूर्वाधार एवं सम्पदा संरक्षणको लागि क्रमशः ३५ र ४७ रहेकोमा ५० वटा योजना सम्पन्न भएको छ भने चालू १९ वटा रहेको छन्। बाँकी १३ वटा योजनाहरू स्थगित रहेको अवस्था छ।

क्रमागत योजनाको लागि अनुमानित खर्च र ८ करोड ५७ लाख ५६ हजार ७ सय २५ रहेकोमा १० करोड ११ लाख ६३ हजार ४८ रूपैयाँ ७१ पैसा खर्च भइसकेको प्रतिवेदन पेश गर्दछु।

आ.व.२०७४/०७५ को लागि विभिन्न १६५ वटा योजनाहरूको लागि ४२ करोड २३ लाख ६१ हजार ९ सय ५० रूपैयाँको लागत इष्टिमेट पेश गरेका थियौं। जसमध्ये ३८ वटा पूर्ण सम्पन्न भई ७६ वटा चालु र काम सञ्चालन हुन बाँकी ८३ वटा रहेको स्मरण गराउन चाहन्छु। जसको लागि २०७४/०७५ को आर्थिक बजेटबाट कुल रकम १ अर्ब ५ करोड ५५ लाख मध्येबाट भौतिक पूर्वाधार र सम्पदा संरक्षणको लागि रु. ३१ करोड ९४ लाख ९८ हजार छुट्याएको थियो। जसमध्ये वडास्तरीय योजनाहरूबाहेक नगरस्तरीय योजनाहरूमा कुल रकम ५ करोड ८९ लाख ७० हजार ४ सय १६ मात्र खर्च भएको अवगत गराउन चाहन्छु।

विगत आर्थिक वर्षझैं यस आ.व. ०७५/०७६ को आर्थिक बजेटमा १ अर्ब ७३ करोड ४० लाखको कुल बजेटबाट ५३ करोड ७६ लाख १२ हजार रकम विनियोजन प्रस्ताव पेश भएको हामी सबैमा जानकारी भएको स्मरण गराउन चाहन्छु। जसमध्ये क्रमागतको लागि १६ करोड ७३ लाख ७९ हजार ६० रूपैयाँ र नयाँ योजनाहरूको लागि ४६ करोड २ लाख ६२ हजार ९ सय ४० रूपैयाँ रहेको छ।

### नीति, नियम र कार्यविधि सम्बन्धमा

नगरपालिकाबाट विनियोजन गरेको वडास्तरीय योजनाहरू सहज र सरलीकृत तुल्याउन वडास्तरीय योजना संचालन कार्यविधि र विधायन समितिमा पेश गरी कार्यान्वयनसमेत भइसकेको छ। त्यस्तै नगरपालिकाबाट भक्तपुर नगरभित्र घर निर्माण गर्ने नक्सापास गरेका नगरवासीहरूले निर्माण सम्पन्न गरिसकेपछि अगाडिको भाग (मोहदा) मा लगाउने परम्परागत इँटा तथा काठमा ३५५ सहुलियत अनुदान कार्यविधि विधायान समितिमा पेश गरिसकेको छ।

### समस्या र चुनौती

१) ख्वप अस्पताल, अरनिको सभाभवन, खेलमैदान सुधार, भैरव मन्दिर जीर्णोद्धार, पाँचतल्ले मन्दिर मर्मत, महेश्वरी द्योछें मर्मत कार्य अगाडि बढाउन सकेनौं। त्यसको मुख्य कारण माटो परीक्षण, कानुनी समस्या, प्राविधिक कारण र स्वामित्वको विषयले गर्दा उपरोक्त योजनाहरू सञ्चालनको लागि हामी अगाडि बढ्न सकेनौं।

२) उपभोक्ता समिति गठन र उपभोक्ता समितिले इष्टिमेट भन्दा फेर बदल गरी काम गर्नु, बील भर्पाईमा भ्याट बील पेश हुनु आदिले केही समस्या निर्माणमा उठेका छन।

३) योजना तथा प्राविधिक शाखामा आवश्यक जनशक्ति अपुग हुनुका साथै नक्सा उपशाखा र सम्पदा उपशाखामा जनशक्ति अपुग भएको स्मरण गराउँदै नक्सासम्बन्धी श्रब्य-दृश्यसहितको अभिमुखीकरण र निरीक्षकहरूको क्षमता वृद्धि, अनियमित निर्माणमा पूर्ण कडाईको व्यवस्था गर्नूपर्ने प्रतिवेदन पेश गर्दछु।

### निर्माण समिति

संयोजक - श्री उकेश कवां
सदस्य - श्री कुमार चवाल
सदस्य - श्री राजकृष्ण गोरा
सदस्य - श्री रोशनमैया सुवाल
सदस्या - श्री कृष्णलक्ष्मी दुवाल
प्राविधिक - श्री वरिष्ठ आ.ई श्री रामगोविन्द श्रेष्ठ
प्राविधिक - श्री ई.ओमहरि था

*मितिः २०७५/०३/१७ गते*

# महिला, बालबालिका तथा समाज कल्याण समितिको प्रतिवेदन

**प्रस्तुतकर्ता : रोशनमैया सुवाल, संयोजक - महिला, बालबालिका तथा समाज कल्याण समिति**

महिला, बालबालिका तथा समाज कल्याण समितिले भक्तपुर नगर क्षेत्रका युवा र महिला लक्षित कार्यक्रम गर्दै आएको छ। आवश्यकताअनुसार समितिको विभिन्न मितिमा बैठक बसी गरेका निर्णयहरू बोर्ड बैठकबाट अनुमोदन गराई कार्यान्वयन गर्ने गरेको छ। बेरोजगार युवाहरूलाई आयमूलक कार्यको निम्ति प्रोत्साहन गर्ने उद्देश्यले सीपमूलक तालिमहरू सञ्चालन गरेका छन्।

महिलाहरूलाई राजनीतिक, सामाजिक र आर्थिक रूपले सचेत बनाउन चेतनामूलक कार्य गर्दै आएको छ। महिलाहरूको भेला गरी विचार गोष्ठी र अन्तरक्रिया गरेका छन्। अशक्त अपाङ्ग र बालबालिकाको निम्ति प्राथमिकता दिई कार्य गर्दै आएको छ। एकल महिलाहरू र अशक्त अपाङ्गका अभिभावकहरूको भेला तथा बैठक गरेको छ। समितिमा निम्नानुसार छन्।

संयोजक – रोशनमैया सुवाल
सदस्य – सरिना द्योला
सदस्य – कृष्णलक्ष्मी दुवाल
सदस्य – राजकृष्ण गोरा
सदस्य – लक्ष्मीप्रसाद ह्यौमिखा

२०७४ भाद्र २३ गते अन्तराष्ट्रिय शिक्षा तथा साक्षरता दिवसको उपलक्ष्यमा नगरप्रमुख सुनिल प्रजापतिको प्रमुख अतिथ्यतामा भक्तपुरका अगुवा महिलाहरूको बृहत भेला सम्पन्न गरेको छ। उक्त भेलामा महिलाको निम्ति 'शिक्षाको महत्त्व' बारे छलफल तथा अन्तरक्रिया भएको थियो।

२०७४ फागुन २५ गते अन्तराष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) को उपलक्ष्यमा भक्तपुर नगरपालिकामा नारी दिवस मनायो। भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूको भेलामा प्रमुख अतिथिको मन्तव्य राख्नुहुँदै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले भक्तपुर नगरका महिलाहरूको परिवर्तनमा ने.म.कि.पा.का अग्रज कार्यकर्ताहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो। कार्यकार्ताहरूकै अथक प्रयासले भक्तपुरको राजनीतिक, सामाजिक, शैक्षिक र आर्थिक परिवर्तन सम्भव भएको कुरा उल्लेख गर्नुहुँदै महिला दिवसका संस्थापक नेतृ क्लारा जेट्किन क्रुप्सकाया, सुङ चिङ लिन आदि समाजवादी आन्दोलनका महिला नेतृहरूको योगदान र समाजवादबारे उक्त कार्यक्रममा प्रशिक्षण दिनुभएको थियो।

जनप्रतिनिधि बहालीपछि २०७४ असोज १ गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तालिमहरूको उद्घाटन नेमकिपाका अध्यक्ष नारायणमान बिजक्छेबाट ख्वप इन्जिनियरिङ कलेजको सभाहलमा गर्नुभयो।

महिला, बालबालिका तथा समाज कल्याण समितिअन्तर्गत आर्थिक वर्ष २०७४।७५ को विनियोजित बजेटमा रहेर निम्नानुसार विभिन्न तालिमहरू सञ्चालन गरेको कुरा सभामा स्मरण गराउन चाहन्छु।

| | |
|---|---|
| आधारभूत सिलाई – | ३ समूह |
| एड्भान्स सिलाई – | २ समूह |
| पाक शिक्षा – | १ समूह |
| बुटिक – | १ समूह |
| नेपालभाषा लिपी – | १ समूह |
| चिनियाँ भाषा – | ३ समूह |

विभिन्न तालिम समूहमा रहेर भक्तपुर नगरका २ सयभन्दा बढी महिला तथा युवाहरूले तालिम प्राप्त गरिसेकेका छन्। नगरपालिकाबाट तालिम लिएका प्रशिक्षार्थीहरू विभिन्न संघ-संस्थामा गएर रोजगार प्राप्त गर्ने र कतिले आफ्नै व्यवसाय सञ्चालन गर्न सक्षम भएका छन्। प्रशिक्षार्थीहरूलाई गुणस्तरीय तालिमको निम्ति र अनुशासनको निम्ति समय-समयमा समितिले अनुगमन तथा परीक्षा लिने व्यवस्था छ। नियमित उपस्थित र परीक्षामा सहभागी रहेका प्रशिक्षार्थीलाई मात्र तालिम प्रमाण पत्र दिइन्छ। २०७४ माघ १९ गते नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा प्रमाणपत्र वितरण कार्यक्रम पहिलो चरणको सम्पन्न भइसकेको छ। सोही कार्यक्रममा प्रथम, द्वितीय, तृतीय र उत्कृष्ट हुने प्रशिक्षार्थीहरूलाई पुरस्कारको पनि व्यवस्था गरेको थियो।

